
# समाजसेवी यात्रामा नन्दप्रसाद

तेस्रो संस्करण



## रेणुका भट्टराई

---


## रेणुका भट्टराई



**जन्म मिति** : २०३८/०८/१७
**ठेगाना** : महेन्द्रज्योति-७, बाँसडोल, काभ्रे
**हालको ठेगाना** : सूर्य विनायक-८, सिपाडोल, भक्तपुर
**बुबाआमा** : नानीराम भट्टराई/शारदा भट्टराई
**शिक्षा** : स्नातक (पत्रकारिता), स्नातकोत्तर (नेपाली)
**मोबाइल नम्बर** : ९८४११८७०७५/९८१३७९१३५७
**इमेल** : renukabhattarai2076@gmail.com


**प्रकाशित कृतिहरू :**
साकुरा र सुस्केरा (नेपालको पहिलो महिलाकृत हाइकुसंग्रह-२०५९)
मन्जरी (खण्डकाव्य-२०६१)
समाजसेवी यात्रामा नन्दप्रसाद (जीवनी-२०६६, २०६८, २०७९)
रेणुका भट्टराईका ताङ्काहरु (नेपालको पहिलो महिलाकृत ताङ्का संग्रह -२०७५)

**पुरस्कार :**
केवलपुरे जनमत सम्मान
दायित्व यशोदा पन्त प्रतिभा पुरस्कार (२०७८)
अभियन्ता, राष्ट्रिय अङ्गदान तथा मिर्गौला विरामी बचाऔं अभियान
काव्यघर नेपाल सम्मान-पत्र २०७९

**साहित्यबारेका कार्य :**
सम्पादक- मुस्कान (हाइकुप्रधान नेपाली साहित्यिक पत्रिका)
सम्पादक/प्रकाशक- पेरोल (साहित्यिक पत्रिका),
सह-सम्पादक- विश्व शान्तिका लागि प्रेरक अभिव्यक्तिहरू (क्यालेण्डर)
अध्यक्ष- पेरोल साहित्य प्रतिष्ठान नेपाल ।
अध्यक्ष- हाइकु विद्यालय नेपाल ।
केन्द्रीय कोषाध्यक्ष- नागार्जुन साहित्यक प्रतिष्ठान (२०५७)
सम्पादक-प्रज्ञा नेपाली नारी मुक्तक (२०७७)
अन्य थुप्रै साहित्यक पत्रिका तथा स्मारिकाहरुको सम्पादन ।

**सामाजिक कार्य :**
निर्देशक - लरिक नेपाल ।
केन्द्रीय सदस्य - सम्पादक समाज नेपाल ।
सदस्य - पत्रकार महासंघ काठमाडौं शाखा ।
सदस्य - प्रलेश
मानव अधिकार तथा शान्ति समाज ।
जनहित संरक्षण मञ्च ।
कार्यकारी सम्पादक (नेपालबोर्डर राष्ट्रिय साप्ताहिक) २०६२ देखि २०७० सम्म)
हाल : निर्देशक : नेपाल बोर्डर टेलिभिजन ।

**पेशा :**
पत्रकारिता/साहित्य लेखन

ओझेलमा परेका व्यक्तिहरुको खोजी गर्दै विभिन्न किसिमबाट बाहिर ल्याउने कार्य गरिरहनु भएकी आदरणीय व्यक्तित्व साहित्यकार/पत्रकार रेणुका भट्टराईज्यू गहिरो समुद्रमा डुबुल्की मार्दै समुद्रको पिधमा पुगेर मोति टिप्न खप्पिस हुनुहुदों रहेछ र उहाँ प्रति हार्दिक कृतज्ञता सहित आभार व्यक्त गर्दछु साथै विराट व्यक्तित्व श्री नन्दप्रसाद पौडेलज्यू उहाँ हामी सबैका अग्लो धरोहर हुनुहुन्छ उहाँ हामी सबैका मार्ग प्रर्दशक हुनुहुन्छ ।

\- राजकुमार खड्गा, अध्यक्ष (काव्यघर नेपाल)


पेरोल साहित्य प्रतिष्ठान नेपाल
काठमाडौं

ISBN 99946-901-9-1

9789994690190

मूल्य रु. ५०५/-


---

समाजसेवी यात्रामा नन्दप्रसाद

रेणुका भट्टराई


समाजसेवी यात्रामा

# नन्दप्रसाद



**लेखक**

रेणुका भट्टराई




कृति : समाजसेवी यात्रामा नन्दप्रसाद
लेखक : रेणुका भट्टराई
प्रकाशक : पेरोल साहित्य प्रतिष्ठान नेपाल, काठमाडौं
संस्करण : प्रथम, २०६६ (एक हजार प्रति)
: दोस्रो, २०६८ (एक हजार प्रति)
: तेस्रो, २०७९ (एक हजार प्रति)
साजसज्जा : काव्यघर नेपाल डेस्क, झापा
मुद्रण : पाथीभरा अफसेट प्रेस, दमक-५, झापा
सहयोग : रु. ५०५।-
ISBN : 99946-901-9-0

पेरोल प्रकाशन श्रृङ्खला-२५

# प्रकाशकीय

मानिसको जीवन केही गर्नकै लागि मर्त्यमा आएको भन्ने आध्यात्मिक मान्यतालाई एकैक्षण थाती राख्ने हो भने मानवीयताको नजिक कसैको पनि नैतिकताको जोर चल्दैन । मानवीयताले मानिसका हरेक पाइला पाइलामा सहयोगी वा परीक्षकको कार्य गरिरहेको हुन्छ भने नैतिकताले सो कार्यलाई पूरा गर्ने माध्यम मात्र बनाएको प्रमाण दिन सक्छ ।

यही सिलसिला भविश्यका लागि केही गर्न सकियोस् अर्थात् सार्वजनिक सरोकारका विषयमा केही योगदान पुर्‍याउन सकियोस् भन्ने मान्यताका व्यक्तित्वहरूलाई सार्वजनिक चिनारी गराउने अभियानअनुरूप साहित्य एवं पत्रकारिताको माध्यमबाट टेवा पुर्‍याउँदै आएकी रेणुका भट्टराईको तेस्रो कृतिको रूपमा आएको यस कृतिले थप एक व्यक्तित्वको सामाजिकत्वको विषयमा खोतल्ने र त्यसको प्रकाशन गर्ने मौका हामीलाई मिलेको छ । यस सन्दर्भमा यस कृतिको प्रत्यक्ष चिनजानमा रहेकाहरूले नन्दप्रसाद पौडेलका बारेमा थप जानकारी पाउनुहुनेछ भने उहाँका बारेमा जान्दै नजान्नेका लागि यसले केही मात्र भएपनि परिचय गराउने माध्यम बन्नेछ भन्ने अभिप्रायमा यसको प्रकाशनको जमर्को गरिएको छ ।

समाजसेवी नन्दप्रसाद पौडेल न्यायक्षेत्रमा विगत लामो समय लागी पर्नुभएको व्यक्तित्वका बारेमा जीवनगत खोजीनीति गरिनु आवश्यकता हो भन्ने महसुसमा पहिलो तथा दोस्रो संस्करण प्रकाशित भइसकेको र उहाँका थप विवरण समेट्दै पाठकहरूको माग बमोजिम तेस्रो संस्करणको प्रकाशनको लागि यो कृति तयार भएको हो जसलाई प्रकाशन गर्ने जिम्मा लेखकमार्फत् हामीमा आएको छ । प्रकाशनको हाम्रो यस अभियानलाई सफलतातिर लैजान सहयोग गर्ने लेखक भट्टराई प्रति आभार प्रकट गर्दै साहित्यिक यात्रामा सफलताको शुभकामना गर्दछौं ।

धन्यवाद

# हार्दिक शुभकामना

'समाजसेवा यात्रामा नन्दप्रसाद' जीवनी किताव अध्ययन पश्चात गर्वले छाती फुलेर आयो । हामीले हाम्रो मणिलाई चिन्न सकेनछौं । झापाको भद्रपुरमा बसेर समाजसेवामा अतुलीय योगदान पुऱ्याउनु हुने आदरणीय व्यक्तित्व नन्दप्रसाद पौडेललाई काभ्रे जन्मिनु भएकी साहित्यकार तथा पत्रकार रेणुका भट्टराईले पहिचान गर्नुभएछ । उहाँको व्यक्तित्वलाई कितावलेखन मार्फत सार्वजनिक गरिदिनु भएछ । यो कदमको लागि उहाँलाई हार्दिक सादुवाद ।

झापा जिल्लाको सदरमुकाम भद्रपुरमा बसेर लामोसमय विभिन्न जिल्लामा जिल्ला न्यायाधिश हुँदै अञ्चलन्यायाधिश जस्तो गरिमामय र जिम्मेवार पदमा रही न्याय सम्पाद गर्नुहुने व्यक्तित्व नन्दप्रसाद अत्यन्तै शालीन, सरल र भद्र व्यक्तित्वलाई भेट्ने समेत अबसर जुट्यो । 'समाजसेवी यात्रामा नन्दप्रसाद' नामक जीवनी कृतिको तेस्रो संस्करणको तयारीको शिलशिलामा उहाँको घरमा पुगेको थिए । यस्तो लाग्यो हामीले उहाँलाई चिन्न सकेनछौं तथापि ठिलै भएपनि उहाँको योगदानलाई हामी जिल्ला बासीले पनि सम्मान गर्ने नै छौं । यसरी ओझेलमा परेका व्यक्तिहरुको खोजी गर्दै विभिन्न किसिमबाट बाहिर ल्याउने कार्य गरिरहनु भएकी आदरणीय व्यक्तित्व साहित्यकार/पत्रकार रेणुका भट्टराईज्यू गहिरो समुद्रमा डुबुल्की मार्दै समुद्रको पिधमा पुगेर मोति टिप्न खप्पिस हुनुहुदों रहेछ र उहाँ प्रति हार्दिक कृतज्ञता सहित आभार व्यक्त गर्दछु साथै विराट व्यक्तित्व श्री नन्दप्रसाद पौडेलज्यू उहाँ हामी सबैका अग्लो धरोहर हुनुहुन्छ । उहाँ हामी सबैका मार्ग प्रर्दशक हुनुहुन्छ, सबैका ज्योति हुनुहुन्छ, उहाँ हिरा मोती हुनुन्छ, उहाँको विभिन्न क्षेत्रमा ठूलो योगदान छ, योगदानको सम्मान गर्दै कृतिको सफताको कामना गर्दै उहाँको सु-स्वास्थ्य तथा दीर्घायुको कामना गर्दछौं । साथै किताब तेस्रो संस्करण प्रकाशनको हार्दिक शुभकामना ब्यक्त गर्दछु ।

धन्यवाद

राजकुमार खड्गा
अध्यक्ष
काव्यघर नेपाल झापा
/सम्पादक - न्यु सम्भावना राष्ट्रिय मासिक पत्रिका
Email : panchthar98@gmail.com

# हार्दिक बधाई
# तथा शुभकामना

हाम्रा पुजनीय पिताजी, श्री नन्दप्रसाद पौडेलको “समाज सेवा यात्रामा नन्दप्रसाद” जीवनी तेस्रो संस्करण प्रकाशन हुन लागेकोमा हामी उहाँका सन्तान सर्व सहित हर्षित छौ । पिताजीको योगदानलाई उजागर गरिदिएर जीवनी किताव समेत प्रकाशन गरिदिनु हुने साहित्यकार/पत्रकार रेणुका भट्टराई प्रति हार्दिक आभार प्रकट गर्दछौ । साथै यस जीवनी लेखनमा महत्वपूर्ण योगदान पु¥याउनु भएका सम्पादन र पद्यलेखन गर्नु हुने पत्रकार तथा साहित्यकार बी.के पाल्पालीज्यूको असमायिक निधन प्रति पौडेल परिवार गहिरो समवेदना प्रकट गर्दछ । उहाँको आत्माको चिरशान्तिको पनि कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौ । पिताजीको जीवनी प्रकाशनमा विशेष सहयोग गर्नुहुने पत्रकार तथा साहित्यकार राजकुमार खड्गा प्रति धन्यवाद प्रकट गर्दछौ । ९२ बर्षको यो उमेरमा पनि अत्यन्तै जागरुक, क्रियाशिल समाजसेवी पिताजी जीवनबाट हामीले ठूलो प्रेरणा, हौसला तथा आशीर्वाद पाएका छौ हामी धन्य छौ । उहाँको सु-स्वास्थ्य दीर्घजीवनको भगवानसँग प्रार्थना गर्दछौ । “समाज सेवा यात्रामा नन्दप्रसाद” जीवनी तेस्रो संस्करण प्रकाशन हुन लागेकोमा हामी पिताजीलाई हार्दिक बधाई तथा शुभकामना दिन चाहन्छौ ।

**छोरा बुहारीहरू**

**विनोद + सरिता पौडेल**

**सुरेश + लक्ष्मी पौडेल**

**रमेश + विमला पौडेल**

**महेश + लिला पौडेल**

**एवं समस्त पौडेल परिवार**

# हीराको तलास गर्ने पारखी मन

समाजसेवी यात्रामा नन्दप्रसाद गद्यमा रेणुका भट्टराई र पद्यमा बी.के.पाल्पालीद्वारा लिखित जीवनीवृत्त पढ्ने सौभाग्य मलाई पनि मिल्यो। त्यो पढ्दा म यति भावुक बनें कि सोचें यस धर्तीमा नन्दप्रसादजस्तो बहुमुखी प्रतिभाको पनि जन्म भएको रहेछ। धर्तीले नन्दप्रसादजस्ता लाखौं करोडौंजति मात्र अरू सन्तानहरू जन्माएको भए आज हामी यो भयावह, सन्नाटामा रुमलिन पर्दैनथ्यो। हीरा आफैमा मूल्यवान् त छँदैछ तर सही पहिचान गर्न सक्नु नै ठूलो खुबी हो। त्यो पहिचान गर्ने खुवी जोकोहीमा हुँदैन। यस कृतिका लेखकद्वयले भने थपक्क नन्दप्रसादजस्ता हीरा टिप्छन् र समाजमा यस्तै हुनुपर्छ है भनेर सन्देश फैलाउँछन्। यो पुस्तक पढ्नेले जीवनमा केही त गर्न पर्दोरहेछ भनेर अवश्य सोच्न बाध्य हुनेछन्।

आमा तुलसादेवी र बाबु श्रीलाल उपाध्यायको जेष्ठ सुपुत्रका रूपमा सम्बत् १९८८ मा जन्मनुभएका नन्दप्रसाद बाल्यकालदेखि नै लजालु, एकान्तप्रेमी हुनुहुन्थ्यो। हुने बिरुवाको चिल्लो पात भने झैं उहाँ पारिवारिक वातावरणमा हुर्कंदै जानुभयो। ९ वर्षको उमेरमा आफ्नो जन्मथलो छोडेर धरान जाँदाको पीडा आफ्नो ठाउँमा छ, नेपाली नयाँपनको जानकारी लिएर समाजका बारेमा केही गर्ने मनसुवा नबनाइसकेका नन्दप्रसाद यस्ता कर्ममा लाग्ने भन्ने शायद सोचेको अवस्था पनि थिएन होला। तथापि, उहाँका यसक्षेत्रका कार्यले सिङ्गो समाजलाई नै प्रभाव पार्ने काम गरेका छन् जसले भोलिका दिनमा नयाँ पिँढीलाई थप जाँगर र उत्साह दिने पक्का छ। यात्राका बारे यो पंक्ति हेरौं :-

कोशी छ फेरो अति प्यार लाग्ने
नाँच्दै ती पन्छी अनि उड्न थाल्ने
फुर्दै चखेवा वनवृक्ष ताक्छे
वास्ना चमेली अझ दूर भाग्छे

यी हृदयस्पर्शी उद्गारका सर्जक पाल्पालीले नन्दप्रसादका अनुभूतिलाई जस्ताको तस्तै पद्य शैलीमा उतार्नुभएको छ भने रेणुका भट्टराईले गद्यशैलीमा पाठकको मन तान्न सफल हुनुहुन्छ। पृष्ठभूमिदेखि शृङ्खला शुरु हुन्छन्। व्यवहारिकतामा परिवर्तन

भइरहेका बेला उहाँको बाल्यकालमा आएपछि केही फेरिन्छ पनि । नन्दप्रसादको न्वारनको नाम पद्य शैलीमा उल्लेख गरिएको छ :-

नौरानको हो नवराज नाम
बढ्दै गयो त्यो तन धूमधाम
साथी र भाईसँग खेल्दछन् ती
आकाश चन्द्रैसरि बढ्दछन् ती

यसरी सामाजिक परिवेशमा रहेका व्यक्तिको बारेमा लेखेर सार्वजनिक गर्नु गर्वको कुरा हो । एकले अर्कोको खुट्टा तान्ने प्रवृत्तिका विरुद्ध अनवरत लागी परेका लेखकद्वयको कार्य प्रशंसनीय छ ।

म पनि केही अघि झापा भद्रपुरमा केही समय बस्दा थुप्रै पटक देवकोटा चोकमा पुगे पनि सो निर्माण गर्ने समाजसेवी नन्दप्रसादका बारेमा त्यति ज्ञान पाउन सकेकी थिइनँ । आज यस कृतिले मलाई फेरि भद्रपुर देवकोटा चोकमा पुऱ्याउने कार्य गरेको आभाष भइरहेको छ । यसले पनि मलाई यतिबिघ्न खुशी तुल्याएको छ कि यसको लेखाजोखा छैन । नन्दप्रसादजस्तो महान व्यक्तिलाई नचिन्ने म जस्तै कति त्यहाँ पुगेहोलान् । म लाख सलाम गर्छु हीराको तलास गर्ने लेखकद्वय भट्टराई र पाल्पालीलाई ।

घाँसी पत्रिकाको सम्पादन प्रकाशन गरी 'साहित्यं परिषद्, झापा' नामक संस्था स्थापना गरी सभापतिसमेत रहनुभएका नन्दप्रसादले बनारसबाट प्रकाशित 'युगवाणी' मा 'जलिरहोस्, बलिरहोस्' भन्ने कविता पहिलोपल्ट प्रकाशित गर्नुभयो । वहाँको बहुआयामिक व्यक्तित्वको बारेमा बुझ्न हामीले जीवनवृत्त पल्टाउनु नै पर्छ । म यसमानेमा पनि ठोकुवा गर्छु कि, जसले वहाँको बारेमा लेखिएको यो पुस्तक पढ्छ उसले जीवनमा अवश्य केही प्रगति गर्छ नै । गद्य र पद्य सरल, सरस र कलात्मक शैलीमा लेखिएको यस पुस्तक सबैले पढ्नैपर्छ । प्रवल गोरखा दक्षिणबाहुसमेत प्राप्त गर्नुभएका वहाँको बारेमा जानकारी लिई चिनेर सोही मार्गमा हिँड्यौं भने हाम्रो जीवनसमेत सार्थक हुने पक्का छ ।

धन्य यो कोख र यस धर्तीलाई जसले नन्द्रसादको जन्म दियो । धन्य ! भानुलाई चिनाउने मोती भएर जन्मिएका रेणुका भट्टराई र बी.के.पाल्पालीलाई । नन्दप्रसादका बारेमा जानकारी लिने मौका दिने लेखकद्वयप्रति मेरो कामना छ कि उनीहरूबाट यो समाजले थुप्रै नन्दप्रसादहरूका बारेमा जानकारी पाइनैरहनेछ ।

दिनाङ्क :- २०६६/०३/३०

**ललिता दोषी**
बुद्धनगर, काठमाडौं ।

# सुनमा सुगन्ध

'समाजसेवी यात्रामा नन्दप्रसाद' शीर्षकको प्रस्तुत पुस्तकको पहिलो संस्करण पढ्ने सु-अवसर प्राप्त भयो । यो अवसर मलाई साहित्यकार श्री रेणुका भट्टराई अर्थात् प्रस्तुत पुस्तकका लेखिकाबाटै प्राप्त भएको हो । सामाजिक सेवाका विविध आयामहरुमा आफ्नो स्वच्छ र निस्वार्थ उपस्थितिले निर्मल बनेका श्री नन्दप्रसादज्यूको बारेमा जानकारी दिएर अरुलाई पनि सत्कार्यका निम्ति प्रेरित गर्ने रेणुका भट्टराईज्यूको प्रयास वास्तवमा सराहनीय छ ।

महेन्द्रज्योति-७, बाँसडोल, काभ्रेमा जन्मेकी साहित्यकार भट्टराईले गद्य र पद्यका विभिन्न विधामा कलम चलाउनुका साथै पत्रकारिताका क्षेत्रमा पनि आफ्नो सवल उपस्थिति जनाइसक्नुभएको छ । नाटक, खण्डकाव्य, कविता, हाइकु, जीवनी आदि विधामा कलम चलाउने भट्टराईका लेखनमा सरसता, सरलता र भावनात्मकता पाइन्छ ।

उहाँले लेखेको प्रस्तुत जीवनीमा वि.सं. १९८८ माघ महिनामा पूर्वाञ्चल कोशीमा जन्मेर आफ्नो मातृभूमिको सेवामा आफूलाई समर्पित गर्नुभएका श्री नन्दप्रसाद पौडेलज्यूको व्यक्तिगत जीवनी र उहाँले समाजलाई पुऱ्याउनुभएको महत्वपूर्ण योगदानका बारेमा विस्तृत चर्चा परिचर्चा गरिएको छ ।

पृष्ठभूमि, बाल्यकाल, संबत् १९८८ देखि २००१ सम्म, २००१ देखि २००९ सम्म, २००९ सालपछि, पारिवारिक पृष्ठभूमि, शिक्षा एवं साथी सँगाती, सहपाठी, पत्रकारिता क्षेत्र, साहित्य क्षेत्र, राजनीतिक क्षेत्र, दाम्पत्य जीवन, आर्थिक अवस्था, सरकारी सेवा प्रवेश, सामाजिक सेवा एवं पदीय जिम्मेवारी, पुरस्कार सम्मान, सांगीतिक अभिरुचि एव. आध्यात्मिकता आदि विभिन्न शीर्षक-उपशीर्षकहरुमा समन्वित

यस पुस्तकको उज्यालो व्यक्तित्व भएका नन्दप्रसादज्यूलाई अझै टलक्क पार्ने काम सफलतापूर्वक गरेको छ । सन्दर्भ अनुसारका चित्रहरुको प्रयोगले पुस्तकमा सुनमाथि सुगन्धको काम गरेको छ ।

प्रस्तुत पुस्तकका ठाउँ-ठाउँमा शास्त्रीय छन्दका पद्यहरुको पनि प्रयोग भएको छ । यो काम कवि बी.के.पाल्पालीज्यूले गर्नुभएको छ । पाल्पालीज्यू स्वयं साहित्य र पत्रकारिताका क्षेत्रमा सुपरिचित हुनुहुन्छ । उहाँको सहकार्यले रेणुकाज्यूलाई निकै सहयोग पुगेको छ भन्ने मलाई लाग्दछ । यसरी यस पुस्तकले एउटा सामान्य जीवनीको कलेवरबाट चम्पुकाव्यको स्वरुपमा पदार्पण गरेको अनुभव हुन्छ । यो संयुक्त प्रयास सार्थक बन्न पुगेको छ ।

पुस्तक पढ्दा नन्दप्रसाद पौडेलज्यू साधारण, असल र त्यसैले सबै नेपालीका निम्ति अनुकरणीय व्यक्तित्व हुनुहुन्छ भन्ने स्पष्ट थाहा हुन्छ । विश्वेश्वरप्रसाद कोइरालाज्यूको 'ठूलो मानिस होइन, असल मानिस बन्नुपर्छ' भन्ने मान्यता नन्दप्रसादज्यूमा चरितार्थ भएको छ ।

नन्दप्रसादज्यूको बारेमा विस्तृत व्याख्या यस भूमिकामा गर्नु म आवश्यक ठान्दिनँ । किनभने सो कार्य यस पुस्तकले नै गरेको छ । यस पुस्तकको दोस्रो संस्करण अझै परिमार्जित र गहकिलो भएर निस्कन लागेको सन्दर्भमा म लेखकप्रति शुभकामना व्यक्त गर्दै यो लेखनी यही बिसाउने अनुमति माग्दछु ।

इत्यलम् ।

**डा. दीनबन्धु शर्मा**

# शुभाभि विरोचन श्रीः

*स्नेहका मनमा मेरा पुऱ्रेका भावनाहरू*
*पाई स्नेहको स्पर्श न्यक्तिए आत्मनाहरू ।*

निर्लोभ नै आत्मज्ञानको लक्षण हो । यो ज्ञानबिना समाजसेवी बन्न सकिन्न । सुख र दुःख नै प्रारब्धले तय गरेको मार्ग हो । शुभकर्मले यात्रा गर्नेलाई नै समाजसेवी मान्नुपर्छ ।

स्नेह निर्दिष्ट परोपकारमय साधक भावप्रधान भैँ लाग्ने समाजका झझङ्क्रित झङ्कार, जो समाजसेवमा प्रस्फुरण हुन्छ । यौटा उपासक बहुआयामिक नन्दप्रसाद बहुमुखी अन्तरङ्गको पथिक सम्पूर्णताको द्योतक 'विरोचन श्रीः' जो उपासकमा शुभाभिनन्दन परोपकार मार्गादिप्रति स्नेह समर्पण ।

जीवनमा अनेकानेक विषयको भण्डार हो । जो इहलिलाहरूको पैरबीमैं बित्छ । समाजभन्दा कतै ऊ विचारादिका परिस्थिति मैं गुज्रन्छ एक्लै । जसमा शाश्वत मनुष्यहरू समाजसेवामा आतुर भै अतूलनीय दृष्टिकोणमा जगत्सँग प्रतिबिम्बित "पथमार्गी भैँ हुन्छन् । समाजसेवी केवल समाजको पथिक बन्न चाहन्छ ।"

पिता श्रीलाल तथा माता तुलसादेवीका प्रथम उत्तराधिकारी नन्दप्रसाद विविध विषयका जिज्ञासु र अध्येता हुनुहुन्छ । जसको ध्येय समन्वयताका याचक बन्नु नै हो जो सबैमा समदर्शी बन्धुत्व राख्ने व्यक्तित्व भएको मैले बुझेँ । उहाँ साहित्यिक, सांस्कृतिक, धार्मिक र प्रजातान्त्रिक विषयसँग मध्यस्थकर्ता हुनुहुन्छ । उहाँ साहित्यिक, पत्रकार, लेखक, राजनीतिकर्मीसमेतमा भाइचारा सम्बन्ध राख्ने र आफू पनि ती सबै विषयसँग आवद्ध रहेको व्यक्ति सांस्कृतिक विविधताको पोल्टो बोक्दै न्यायिक सेवाबाट बहुआयामिक सौगातले समाजलाई लोभ्याइरहेछ- समाजसेवी बनेर ।

पहाडका टाकुरा र कन्दरा हुँदै मधेशदेखि चौराली भञ्ज्याङ्गसम्मका अनुभूतिका कुटुरा बोक्दै विविध जस्केलाबाट चियाउँदै न्यायाधीशको पदभार सम्हाल्दै दाम्पत्यजीवनबाट हर्षित समाजसेवी विविध कालखण्डमा बहुआयामिक रत्तेली रन्काउनुहुन्छ । संगीतका झङ्कार अनि कविता र गीतहरूका लैवरीमा समाजसेवी बनेर उदाउँछ उहाँको जाँगर ।

उही समाजसेवी सामाजिक क्षेत्रलगायत विभिन्न मन्त्रालय अन्तर्गत जाँचबुझ आयोगदेखि विभिन्न अफिस तथा जाँचबुझ आदि नेतृत्वको अध्यक्ष आदि कार्यभार सम्हाल्दै अञ्चल न्यायाधीशको कार्यभार पनि सम्हाल्नुभएको छ । साथै विभिन्न मितिहरूमा विभिन्न सम्मान र मानपदक प्राप्त गर्ने नन्दप्रसाद दीर्घसेवा पदकदेखि २०३७ सालको जनमत सेवापदकबाट पनि सम्मानित हुनुभएको छ । उहाँले निरीह, विकलाङ्गप्रति साह्रै नै स्नेह भाव दर्शाउनुहुन्छ । उहाँमा संस्कृतको ज्ञान भएकै कारणले सबै जातजाति र संस्कृतिमा स्नेह र चाख राख्नुहुन्छ । संस्कृतिका प्रेमीहरू यस्तै हुन्छन् ।

हुन त आजको समाज हत्या, हिंसा, क्रोध, इर्ष्या र जातीय रङ्गभेद गर्दै वैदिक सनातन र संस्कृतलाई आफू अध्ययन नगर्ने तर संस्कृत र शाश्वत गरिमालाई विषजत्तिकै मान्ने जत्थाहरू गौहत्या गर्न पाउनुपर्ने माग राख्दै हौसिएका देखिन्छ । संस्कृत भाषा र संस्कृतिका अविच्छिन्न गरिमालाई छेत गर्न पाउनुपर्ने माग राख्दै उजण्डसँग सडक नापिरहनु कल्पनाभन्दा बाहिरको लक्ष्यप्राप्तिको दिवास्वप्न मात्र हो जस्तो लाग्छ ।

तिनैले मौका परेमा आक्रमण र त्रास खडा गर्दै समाजलाई भयभीत पारिरहेछन् । यस्तो स्थितिमा पनि नन्दप्रसादले निर्भयताका साथ संस्कृत र संस्कृतिसँग आत्मसात गर्दै समाजसेवामा आफ्नो जीवन अर्पिरहेको थाह पाउँदा साह्रै नै कृतज्ञ छु-म, उहाँप्रति .... ।

आजको समाज भाषाको नाममा, जातिको नाममा, प्रजातन्त्रको नाममा र लोकतन्त्रको नाममा भोकतन्त्र निम्त्याइरहेछ र हरेक दिन

आमाकै हुर्मत हेर्दै गरेको देख्दा यथार्थमा मैंजस्ता क्रान्तिकारीहरू आमाको लाज छोप्ने कसरी होला ? भन्दै अरण्य रोदनको चित्कार गरिरहेछौं । अतः प्राचीन गरिमाले आफ्नो धरातलको पहिचान गराउँछ र स्नेहभावको जागृत हुन्छ भन्ने प्रक्रियालाई बुझ्न पचाउनेहरूले शास्वत प्रस्फुटन गर्न दिँदैनन् । तर पनि निर्भय इच्छाशक्तिलाई समाजसेवी धरातलमा रंगभेदीसँग नडराई आफ्नो यात्रालाई अनवरत विप्रलम्बमा परिणत गर्नु कमको देन हैन, नन्दप्रसादज्यूको !

आजको राजनीति समाजसेवाप्रति मुखरित हुनुपर्थ्यो । तर हाल राजनीति बकासुर, डकासुर, टकासुर र असुरैअसुरको लैवरीको रूपमा प्रस्तुत हुँदा यथार्थ समाजसेवीहरू कता जिली ? कता गाँठी ? बन्दै कर्कसाको नारा बनेकोमा यथार्थ शाश्वतः वौद्धिक जगत् प्रश्न पगरी गुँथाइरहेछ । आजका समाजसेवीहरूलाई डुँडेहात बनाउने राजनीति र वैचारिक प्रतिगामीताले गर्दा नारामा प्रजातन्त्रप्रतिको सोच र चासो चैं आ-आफ्नै डम्फुको उडन्ते गिद्धे आँखा-जो जतिसुकै समदर्शीको भाका बके तापनि, उनीहरूको उडान जतिमाथि पुगे पनि चुलिँदै उर्ले पनि मन र आँखाहरू सिनु कस्तो मिल्छ ? भन्दै मन मरेका दास र ज्यूँदा लाशहरूको खोजी मैं तल्लीन भएको देखिन्छ । त्यसैले आजको राजनीतिले जन्माएको समाजसेवा कागजी घोडा भएको छ ।

नयाँ नेपाल नयाँ ढाँचा झैं, तर नन्दप्रसादजस्तै केही मान्छेलाई आधुनिकताले विथोल्न सकेको छैन भन्ने बुझैँ । समाजसेवाको साँच्चै पहिचान गर्दै बहुमुखी चिन्तनको थुम्से बोक्दै समाजसँग सगौरव समाजसेवामै आफ्नोपन अर्पित गरेको उहाँको जीवनीको विषय थाह लाग्दा उहाँमा हार्दिक कृतज्ञता अर्पण गर्दछु ।

उहाँ कोशी अञ्चलको संखुवाशभामा जन्म भै मेचीदेखि महाकालीसम्मका गर्खा र तरेली घुम्दै देशदर्शनले अभिप्रेरित भै न्यायिक सेवामा संलग्न व्यक्ति धार्मिक सहिष्णुताको भावले भारतका

समेत विभिन्न तीर्थस्थलको भ्रमण गर्दै मनको ध्येय र चिन्तनप्रति मुखरित भएको पाएँ । आज न्याय मूर्भ्राएको अवस्थामा छ । तर पनि नन्दप्रसादजस्ता व्यक्तित्वको समाज सुधारक मार्गदर्शनले पुलकित भएको छु ।

सुख दुःख प्रारब्धले तय गरेको विधान हो । शुभकर्मले यात्रा गर्नेलाई नै समाजसेवी भन्नुपर्दछ । माटोबिना कुनैपनि जीव र जगतको अंकुरण आदि स्वरूप बन्न सक्तैन, तर जीव र जगतमय जीवन मृत्यूपछि माटै बन्छ । प्रत्येक जीव र जगतमय स्वरूपको रंग र स्वाद माटैबाट प्राप्त हुन्छ । सम्पूर्ण अनेकन विषयादिभित्र समाजसेवी चैं सूक्ष्मादि स्नेहपूर्ण जीव हो जसको पहिचानमा विद्वान र विदूषीहरू समाजसेवादेखि खुशीले रमाउँछन् ।

शाश्वत पहिचानप्रति प्रहार गर्नेहरू नै सभाका पाखण्ड हुन् । जो अरूकै निन्दामा धर्मको नामको नारा प्रचारक आधुनिकताको नाममा आफ्नो धरातल गुमाउँछ र सभ्यताको नाममा अरूलाई घृणा गर्दछ । साथै अरूलाई शोषण गर्दै दम्भी हुन्छन् मैं जान्नेसुन्ने भन्दै, ऊ कसरी समाजसेवी बन्नु ? किनकि भोगीको उदर र सलहको उदर वर्तमान राजनीति र नयाँपनको सवाई प्रचारकको मार्ग उस्तै ।

समाजमा रोग, भोक, शोकमा भाषणे विकरालता थप्दै जाने समाजमा दुर्गन्ध विष्ट्याउने मात्र हुन् । जुन शिक्षा समाजसुधारक हुनुपर्थ्यो तर ठीक उल्टै जनमानसमा रेविज फैलाउँने होडवाजी चम्किरहेछ ।

*The Cour of the Heart* आजको आवश्यकता यस्तो चाहिन्थ्यो तर भएन । अतएवः आत्मरूपी सम्पत्ति चैं समाजसुधारक पथका पथिक मात्र हुन् । अव यस्ता पथिक पाउन दूर्लभैदूर्लभको भान हुन्छ ।

समाजसुधारक त्यो व्यक्ति हो, जो ममता भावले तपस्वी हुन्छ । त्यही स्वभावले अभिप्रेरित नन्दप्रसाद जीवनधर्मको मार्गमा स-स्नेह भावावर्तको घैला भर्दै हुनुहुन्छ । यसरी उहाँमा आस्थाको पुञ्ज बनेर

जीवनजगतको दर्पण बन्ने विषयमा आतुर भाव झल्काउँदै यात्रा गर्नुहुन्छ । अर्कातिर समाजसेवीप्रति मलाई औधी स्नेह लाग्छ । वात्सल्यचिन्तनमा नै समाजसेवीको जन्म हुन्छ । निर्लोभ नै दीगो समाजसुधारक आत्मज्ञानको लक्षण हो, मायाको ज्ञानपुञ्जले नै समाज सुधारक बनाउँछ ।

अन्तमा, 'समाजसेवी यात्रामा नन्दप्रसाद' नामक पुस्तकाकृत जीवन ग्रन्थमा सम्पूर्ण अद्योपान्त पुष्पगुच्छाका लता संगाल्दै 'रेणुका' ले गरेका सबै विषयको औचित्य वर्णित पूर्णतामा मेरा तर्फबाट समीक्षात्मक दृष्टिकोणको भावावर्तः पथिकले विशेषताको पहिचान गर्दै दायित्व निर्वाह गरेको हुँ। पेरोल साहित्य प्रतिष्ठान, नेपालमार्फत्को प्रकाशकीय रूपरेखामा तय भएको जीवनीवृत्तः यो कृतिमा मेरा तर्फबाट ममतामयी इति श्रीः भाव अर्पण गर्दछु ।

**अयमात्मेदम् शरिरम् निहत्या विद्याम् गमयि-**
**त्वान्यमाक्रम् माक्रम्यामान भूप संहरति ।।**

विशेषु ! किमधिकम् !

दिनाङ्क : १०/०३/२०६८ ।

**अर्जुन विरक्ति**
**आर्ष वाङ्मय**
**श्री कौशिक स्तोत्रीय आश्रम, चावहिल**

# आफ्ना कुरा

हामी पूजामा सर्वप्रथम गणेशको पूजा गर्छौं । गणेशको पूजा गर्नेले कुनैपनि काममा विघ्न भोग्नु पर्दैन भन्ने हिन्दू धार्मिक मान्यताले हामीलाई भौतिक चिन्तनमा पनि काम गर्दा "श्री गणेशाय नमः" भनेर मात्र काम गर्ने बनाएको छ । यिनै शुभकर्मका मूहुर्तनायक गणेशलाई मन पर्ने खाद्य सामग्री हो लड्डु । यो धार्मिक, मानसिक, सामाजिक, सांस्कृतिक तथा अन्य सबै दृष्टिकोणबाट लाभकारी र सकारात्मक प्रभाव पार्ने हुन्छ भन्ने गरिन्छ । यही लड्डुको व्यवहारिकता भएका हुनाले नै आफ्नी दिदीबाट 'लड्डु' नाम पाएका झापाली न्यायकर्मी नन्दप्रसाद पौडेलका बारेमा हामीले यसपूर्व उहाँको एउटा सुनेको पाटो मात्रलाई उजागर गर्ने प्रयास गरेको हो । यसले छोटो समयमा नै आफ्नो लोकप्रियता अघि सार्‍यो ।


अर्थात्, नन्दप्रसादका बारेमा लेखिएको पुस्तक अन्य नयाँ पिँढीका लागि प्रेरक बन्न पुगेको कुरा जानकारी भयो । जसका कारण प्रकाशन गरेको छोटो समयमा नै उहाँका बारेमा केही छुटपुट सामग्रीहरूलाई फेरी संकलन गरी सुनेका र देखेका समेत घटना र शुभकर्मलाई समावेश गरी यस 'समाजसेवी यात्रामा नन्दप्रसाद' नामक कृतिको पहिलो र दोस्रो संस्करण आईसकेको र तेस्रो संस्करण तपाईंसामू पस्किने जमर्को गरेको छु । यसको सफलता केवल तपाइँ पाठकहरूको सकारात्मक सोच र स्वीकार्यता नै हो भन्ने मैलेले ठानेको छु । आशा छ यस तेस्रो संस्करण पाइलालाई पनि यहाँहरूले अझ गहन रूपमा स्वीकार गर्नुभई मलाई यस्ता कार्यमा हौसाउनुहुनेछ ।

मानिस आफैमा एक शंकालु प्रवृत्तिको प्राणी हो । यसैले पनि ममा त्यो गुण छैनन् भन्नु अनर्थ हुनेछ । मलाई यस कृति तयार गर्दै

गर्दा पनि एउटा कुरामा शंका पैदा भइ नै रह्यो । त्यो शंकाले पुस्तकलाई कतै अपूर्ण र आंशिक मात्र बनाउने हो कि ? भन्ने वास्तविकताले हामी अद्योपान्त तयार गर्ने समयसम्म नै आतङ्कित बने । तथापि कार्यको सिलसिला यति निर्भय र सहज तरिकाले अघि बढ्न पुग्यो कि म यस कार्यमा सफल भएको छु ।

अब भोलिका दिनमा यस सफलतालाई अझ चरितार्थ गर्ने कार्य आवश्यक देखिन्छ । यसका लागि समाजसेवी नन्दप्रसादका बारेमा संस्थागत तरिकाबाट नै खोजी गर्नु आवश्यक छ भन्ने मेरो ठम्याइँ छ । यसर्थ पनि समाजसेवी नन्दप्रसादका बारेमा जानकारी भएका विषयहरू र त्यस्ता सामग्रीहरू संकलन गर्नका लागि यहाँले पक्कै सहयोग गर्नुहुनेमा म आशावादी छु । पहिलो र दोस्रो संस्करणको संकलन, सम्पादनको क्रममा बी.के. पाल्पालीको ठूलो भुमिका रहेको थियो । उहाँ प्रति सम्मान जनाउँदै तेस्रो संस्करणमा आइपुग्दा हामी माझ उहाँ हुनुहुन्न ।

अन्तमा यस कृतिलाई प्रकाशन गर्ने क्रममा प्रत्यक्ष वा परोक्ष सहयोग गर्ने सबैप्रति म आभारी छु । साथै भूमिका लेखकत्रय ललिता दोषी, डा.दीनबन्धु शर्मा एवं अर्जुन विरक्तिज्यू हाम्रा सम्मान एवं हार्दिक धन्यवादका पात्र हुनुहुन्छ । यसका अतिरिक्त नन्दप्रसाद पौडेलका बारेमा खोजबीन गर्ने क्रममा तेस्रो संस्करणको क्रममा हर किसिमको सहयोग पुऱ्याउने साहित्यकार/पत्रकार राजकुमार खड्गा धन्यवादको पात्र हुनुहुन्छ । उहाँ प्रति आभार प्रकट गर्दै प्रकाशनको जिम्मेवारी लिने पेरोल साहित्य प्रतिष्ठान प्रति र विशेष सहयोग काव्यघर नेपाल, दमक, झापा प्रति पनि धन्यवाद भन्न चाहान्छु ।



**लेखक**
**रेणुका भट्टराई**

# आरम्भ

## पृष्ठभूमि

जीवन विभिन्न समस्याहरूको जालोले घेरिएर रहेको एउटा बसन्तवागजस्तै हो । यसको वरिपरि आन्तरिक तथा वाह्य समस्याहरूले पनि उस्तैगरी घेरेर राखेका हुन्छन् । समाजले ती समस्याहरूलाई निराकरण गर्नका लागि कहिले कुनै उपाय तयार पारेको हुन्छ त कहिले कुनै उपाय, जसरी पनि त्यस्ता समस्याहरू समाधान भैछाड्छन् । समाजमा यस्ता समस्याहरुको समाधान गर्न जान्नु नै मानवीय कुशलताको परिधि फराकिलो भएको प्रमाण पनि हो ।

विश्व यस्तो अझै भइसकेको छैन जुन समाजमा समाधानहीन समस्या देखा परेको होस् । तर यो कुरा के चाहिँ सत्य हो भने कुनै समस्या सजिलै समाधान गर्न सकिन्छ भने कुनैको समाधानोपाय खोज्न चेतनशील र ऊर्जाशील समय खर्चिनु पर्ने हुन्छ ।

आजका दिन हामी पुराना कुरा कोट्याउन थाल्यौ भने नयाँ पिँढीका लागि पुराना कुराहरू दन्त्यकथाजस्ता लाग्न थाल्छन् । तर ती पुराना कुराले नै मानिसलाई बिग्रनबाट जोगाएर राखेको हुन्छ । यसैले पुराना तथ्यगत कुरालाई खिसिट्यूरी गरेर अघि बढ्नेहरूको भलो हुन कठिन पर्ने कुरा भुल्नुहुँदैन ।

सामाजिक प्रथा र परम्परा प्रकृतिको नजिक हुन्छ । यसको सही प्रयोगले मानिस साँच्चिकै मानिस कहलाउँछ । यदि संगतीय फल नराम्रो लाग्न गयो भने कसैको लागि पनि यो महाभूकम्प सावित हुन्छ । त्यसैले त एक जनालाई मात्र असर गर्दैन बरु समाज र सिङ्गो राष्ट्रलाई नै विस्तारै खस्कँदो यात्रा तय गरिदिएको हुन्छ ।

यही पाटोलाई निवारण गरी अघि बढ्न सक्ने व्यक्ति नै समाजमा केही गरी समाजकल्याणको बाटोतिर लाग्न सक्छ जसले आफूले गरेको कामले भौतिक रुपमा नभए पनि भावनात्मक एवं स्मरणको दृष्टिले अजर व्यक्ति बनेर निस्कन्छ । उसका लागि कुनैपनि विषय असम्भव हुँदैन बरु अरूले असम्भव मानेर अलपत्र छोडेका कुरालाई विस्तारै सफलताको बाटोमा हिँडाएर आफू र वरिपरिको वातावरणमा आफ्नो कर्म सौगन्धलाई चौतर्फी फैलाउन सक्षम बन्दछ । त्यस्ता व्यक्ति त सामाजिक प्रगति र विकासका वाहक अनि समाज परिवर्तनका चम्किला तारा पनि बनेर रहेका सफल उपमा हुन् ।

जूनको उज्यालोको महत्त्व जति छ उस्तै समाजको उज्यालो बनेर बस्ने त्यस्ता व्यक्तित्वको वर्तमानमा शरीरको कर्मले एकल देह नभएर सार्वजनिक सरोकारका भविष्यको विषयमा समेत सकारात्मक प्रभाव पारिरहेको हुन्छ । यसले समाजको आँखा खोलि विकासको बाटोलाई आफू मरिमेटेर पनि देश र समाजका लागि कार्य गरिनैरहेको हुन्छ । यसैले यस्ता मानिसहरू समाजचक्षु कहलाउँछन् । समाजले पूजित व्यक्तिहरू असाधारण प्रतिभा हुन् भन्दा अत्यूक्ति हुँदैन । फरक के छ भने सर्वसाधारण बनेर समाजको सामूहिक बसाईमा बसेका व्यक्तिहरूको दिनचर्या पनि व्यक्तिगत नै भएर बितिरहेको हुन्छ तर यस्ता सार्वजनिक सम्पत्तिकै रूपमा अघि सरेका व्यक्तिहरूको भने कुनै बेला पनि आफ्नो बारेमा सोच्ने फुर्सद मिलेको पाइँदैन । यसैले पनि यस्ता नागरिक समाजका शोभायमान गहना कहलाउँछन् ।

तुच्छ जीवन सम्पूर्णताको पनि तुच्छ हुन्छ । यसैले विचारलाई माँझेर अघि बढ्ने मानिस चाहे त्यो न्यायक्षेत्र होस्, चाहे अन्य कुनै क्षेत्र किन नहोस्, सफलताको सिँढी सजिलै चढ्न सक्षम बन्छ । यस्ता मानिसलाई हामी कर्मवीर भन्न पछि पर्नु हुन्न ।

सम्पदा आफैमा मूल्यवान हुन्छ । यसको जगेर्ना एउटा पुस्ताले मात्र गर्न सम्भव हुँदैन । यसलाई त पूर्णकालीन परम्पराको रूपमा अघि बढाउन सक्नुपर्छ । यसो भएमा भोलिका दिनमा पनि संस्कृति, रहनसहन, परम्परा अनि धार्मिक मान्यताले सम्मान पाउने सम्भावना रहन्छ । अन्यथा शिक्षाको नाममा फैलिएको घमण्ड र आधुनिकताका कारण साँस्कृतिक सम्पदा स्मृतिपटलमा मात्र सीमित रहनेमा कसैको विमति नहोला । यही सम्पदाको धरोहर बनेर रहेका कैयन स्थानहरू हाल आएर अस्तित्वको संकटमा परेजस्तो भान हुन्छ । यसैले पनि यी राष्ट्रका सम्पत्ति जोगाउने पाटोमा हामी लागी पर्नु जरुरी छ ।

नेपालमा साँस्कृतिक धरोहरहरू धेरै छरिएर रहेका छन् । पूर्व मेचिदेखि पश्चिम महाकाली र त्यसपारी चाँदनी र दोधारा क्षेत्रमा समेत यसको प्रभाव पूर्णरूपमा पार्न सक्नु आजको आवश्यकता हो । यस्तो कार्यका लागि स्थान विशेषले पनि प्रभाव त पार्छ नैं त्यसका अलावा यस क्षेत्रमा कार्य गर्ने व्यक्ति र समाजको पनि ठूलो भूमिका रहेको हुन्छ ।

परिवारबाट एउटा बालकले कस्तो कुरा सिकेको हुन्छ त्यो कुरा भोलिका लागि ठूलो देनको रूपमा रहने बालविशेषज्ञहरू बताउँछन् । बालकले राम्रो कुरा सिकेको भए भोलिको उसको मार्ग सफल बन्दै जान्छ । यदि त्यसो नभए पनि व्यवहारमा उसको कस्तो बानी छ त्यसैले त्यो बालकलाई भोलिको आशा वा निराशा जे भने पनि छुटयाउन मद्दत गर्दछ । बालकको मष्तिस्कले जस्तो देख्छ उस्तै टिपेको हुन्छ । यदि राम्रो वातावरणको शयर उसको मानसपटलमा गराउन सकियो भने भोलि सो बालकले पनि राम्रा र असल कुराहरू सोच्न सफल हुन्छ तर सानैदेखि नकारात्मक सोचाइको विकास गरिदिने वातावरण तयार भएर आएमा भने यसले अर्कै मोड लिन्छ । अन्ततः बालकको विगतको कार्यले वर्तमान र भविष्यसमेत अन्धकारमय भएर जान्छ । यसैले समयमा नै सोचेर बालमष्तिस्कलाई सही मार्गदर्शन गराउनु जरुरी हुन्छ ।

अनुशासनको पाटो पनि उस्तै हो । अनुशासन विना कुनै पनि व्यक्ति अघि बढ्न सक्दैन । जीवनको अस्तित्वलाई पर्खेर हैन समयसँगै जीवनोपयोगी बनाएर अघि बढ्नु पहिले, अहिले र जहिले पनि जैवनीक लक्ष्य रहेको हुन्छ । यही लक्ष्यको लहरोलाई तन्काउँदै लैजाने क्रममा पूर्वाञ्चल विकासक्षेत्रको कोशी अञ्चल अन्तर्गत पहाडी जिल्ला शंखुवासभाको चैनपुरमा रहेको एक पौडेल परिवारको सार्वजनिक दिनचर्याले बेलाबखत चर्चा पाइ नै रह्यो ।

साधारण खेती किसानीबाट जीवननिर्वाह गरिरहेको पौडेल परिवारका एक सत्पात्रको रूपमा हुनुन्थ्यो किसानी जीवनका यात्रु श्रीलाल उपाध्याय पौडेल । बिहान उठ्नु, घरको काम गर्नु, अनि पशुचौपायाको रखवारी गर्दै दिन बिताउनु नै उहाँको दैनिकी थियो । बिहान सबेरै उठी आरम्भ गरेको काम बेलुका  पुरा त हुन्थ्यो तर अर्को बिहान उज्यालो नहुँदै हिजोकै कार्य शैलीमा पुनः लाग्नु पनि जीवन निर्वाहको अर्को रोचकता थियो ।

ठूलो परिवार, घर अनि खेती किसानीबाट आर्जेको खानपान, आखिर गाउँमा त्यो समयमा कमाई खाने बाटाहरू पनि कति नै थिए र यसो हुँदाहुँदै पनि पारिवारिक जमघटमा खुशी नै भएर रमाइरहेको थियो पौडेल परिवार । सोही परिवारका श्रीलाल र तुलसादेवी (घिमिरे) पौडेलको सुपुत्रको रूपमा जन्मेका चार भाइमध्ये जेष्ठ सुपुत्र नवराजको जीवनपद्धति भाइमध्येकै फरक र रोचक रह्यो । उहाँको जीवनका विभिन्न पाटाहरू, भोगाइहरू, अनुभवहरू, ओह्राली-उकालीहरू, गाउँघर अनि लेक-बेसी गरेर बटुलेका विभिन्न रमाइला तथा नरमाइला क्षणका अनुभवहरू साथै दुःख-सुखका आरोह-अवरोह जीवनका पाइलाहरूमा अपनाउदै आएका विभिन्न पेशागत क्रियाकलापका बारेमा सारांशमा केलाउने जमर्को गरी लेखन कार्य अघि बढेको छ ।

# बाल्यकाल

✍ रेणुका भट्टराई

चल्दा मेघ बतासका शयरमा दर्कन्छ वर्षा अहो,
त्यस्कै शुष्क शितोष्ण मट्टिथलमा हुर्कन्छ सत्पुष्प यो
औ अस्ताचल मिर्मिरि दिन छ वा सन्ध्या र रात्री अरू
हुर्के बाल सखा सँगै अधरमा बाल्यान्त भो लौ शुरु ।।

छन्द - इन्द्रबज्रा

नौरानको हो नवराज नाम
बढ्दै गयो त्यो तन धूमधाम
साथी र भाई सँग खेल्दछन् ती
आकाश चन्द्रैसरि बढ्दछन् यी ।।

नेपाल राम्रो शर स्वर्ण साथ
त्यै उच्चताको परिधान गाँस्दै
सिक्दै गएका पठ-पाठ माथ
झन् तीक्ष्ण बुद्धी नवराज उस्तै ।।

पाखा पखेरा मन घुम्न सन्चो
लाग्दो छ हेरी मनमा त रन्को
त्यो लेक बेसी हरिया मुना ती
हल्कन्छ ताजा रस स्वाद भाँती

कोशी छ फेरो अति प्यार लाग्ने
नाँच्दै ती पन्छी अनि उड्न थाल्ने
पुर्दै चखेवी वटवृक्ष ताक्छे
वास्ना चमेली अझ दूर फ्यँक्छे

डाँफे मुनालैहरू भुर्र उड्दै
ती लेक पाखा पनि चप्प चुम्दै
सूर्यास्त हेर्ने वनकी छ माली
डाक्छे विहानी मधुमास लाली

आफन्त, वैरी, सब दाजुभाइ
सन्धान यौटै शुभकर्मलाई
हिम्देश अग्ला सरि उत्तरैमा
सल्ला गुराँसस्थल यो वनैमा

चर्छन् हरीणी सुर एक साथ
संसार नौलोपन आत्मबाट
देखिन्छ पैले मन कुञ्जभित्र
साटिन्छ राम्रोपन झन् विचित्र

साथी सँगाती पन बढ्छ हेर
दम्भी घमण्डी तन जान्छ खेर
बूढा पुराना उपदेश बुन्छन्
एकान्त बस्दै शुभचेत गुन्छन्

हावा सुसाई खग गर्जनैमा
कालो छ फाग कुहिरो वनैमा
फैली हिमाली पन दिन्छ ठण्डा
सोनाम धन्यान्तर हुन्छ मन्द

बेला छ राती सब अन्धकार
सातो उ लिन्थ्यो हर बारबार
मिथ्या त हट्ला सपना नहट्ने
सामीप्य कैलै दिलमा नअट्ने

सौन्दर्य हेरी सुकिलो छ भोली
सल्काउने मुग्ध मयुर बोली
सुन्दा छ प्यारो हर कर्म मार्ग
सच्चा प्रशन्नोत्सव फूल गर्भ

जीवन्त छाई यशकर्म तर्फ
लाग्थे सुकीर्तिसुख कर्मज्वाला
पोखेर माया दिलक्षेत्रबाट
त्यो ज्ञान चक्षोन्तर नेत्रबाट

उन्माद चाला कसको छ नाम
कैल्यै हुँदैनन् उसका सुकाम
फुल्दो छ बुद्धी अनि फल्छ मान
श्रीलाल-तुल्सा पुत हुन् सुनाम

भन्दै उठाईकन तेज हात
बेसी भरी छर्दछ सोच माथ
आध्यात्म भन्दो अनुशासनै हो
इच्छा मनैको पनि आसनै हो

यी हुन् पुराना नवराज नन्द
बन्दै सुविज्ञान्तरका प्रसङ्ग
साथी र भाई मन मिल्छ उस्तै
त्यो रीस कुण्ठा थपिँदैन कैल्यै

छन् हर्षमार्गी मन वारपार
आफन्त हेरी कन हिँड्नु हेर
कस्तै परेमा द्विविधा नहोऊ
यो देह अश्रू जलले नधोऊ

यो लेखनीले मन विज्ञताको
पूर्खा वही खोज्दछ उच्चताको
लेखिन्छ लामो फेहरिस्त यौटा
जन्मन्छ चोखो इतिहास् मभ्फौला

आँखा उघारीकन हेर्छ जस्ले
चारै दिशा आँचल देख्छ उस्ले
हाँसी प्रसन्न दिल खुल्छ मूल
फक्रेर डाक्छ रजनीश कूल

आई विथोल्छन् भमरा भ्फसङ्ग
सज्जा बढेको तनपुष्प अङ्ग
उस्तै सुनौला विधिको बजार
त्यो ज्ञान सम्मोह छ शानदार

पूर्वाञ्चल विकासक्षेत्रको कोशी अञ्चल शंखुवासभा जिल्लाको चैनपुरमा पुर्ख्यौली बसाई रहेको पौडेल बस्ती हाल पनि पौडेलगाउँ कै नामले परिचित छ । पाँचौ पुस्ता अघिदेखिको नालिबेली केलाउँदा भवानीशंकर प्रथमपुस्ता रहेको पौडेल परिवारमा उनीपछिका मित्रलाल पौडेल थिए ।

मित्रलालको पुस्ता पनि कृषि पेशाबाट नै गुज्रिएर अघि बढेको इतिहास भेटिन्छ भने मित्रलालका पुत्र पद्मलालले केही सामाजिक काममासमेत चासो दिने र कचहरी बस्दा वा गाउँमा भ्फै-भ्फगडा पर्दा मिलाउनेजस्ता कार्यहरू गर्दै अघि बढेको देखिन्छ । यसले पद्मलालका पुस्तादेखि पौडेल परिवार अरूका तुलना सार्वजनिक सरोकारका विषयमा बढी चासो र जिज्ञासापूर्ण भावले लाग्ने गरेको अध्ययनका क्रममा देखिन्छ ।

त्यस्तै पद्मलालका छोरा श्रीलालले बाबु पद्मलालको कार्यलाई केही समय अघि बढाए पनि त्यस कार्यमा त्यति सफल हुन सकेको देखिदैन । फलस्वरूप उहाँले आफ्नै जीविका निर्वाहका लागि खेती किसानी गरी गाउँमै बस्ने गरेको पाइयो । यसबाट के देखिन्छ भने सामाजिक चासोको विषयलाई चाहना मात्रले हुँदैन यसको लागि त पूर्णरूपेण जीवनको केही अंश त्यागको भावना अवश्य हुनु जरुरी छ ।


कामको सिलसिला, यसरी अघि बढ्दै गयो कि सामाजिक कार्यका विषयहरू घरमा दिनप्रतिदिन बढ्दै जान थाले । गाउँका विवाद सुल्झाउने कार्यको जिम्मेवारी श्रीलालको काँधमा आइपर्न थाल्यो तर त्यो विषयमा त्यति चासो नदिने श्रीलालका लागि यो विषय त्यति महत्वको विषय बन्न सकेन । फलस्वरूप उहाँले आफूले सो विषयमा कार्य नगरे पनि छोरालाई सिकाउने मनसाय पहिले नै राख्नुभएको कुरा उहाँका सहपाठीको मुखबाट सुन्ने गरेको कुरा छोरा नन्दप्रसादले हाल बताउनुहुन्छ । आफू अघिको पाँच पुस्ताबारे हेर्दा निम्न देखिन्छ । (हेर्नुहोस् बक्समा)

अल्छी सबै मर्दछ हेर सामू
पुर्खा छ लामो पहाड कोशी
श्रीलाल पाँचौ अघिको छ पुस्ता
हुन् यी भवानी अनि मित्र पद्म

नेपाल मेरो भनि बोल्नु बेला
देख्दैनथ्यो क्वै तुस औ अ-मेल
उस्तै त बालापन नन्दको भो
पुर्खा र सारा कुल शान बढ्दो

नन्दप्रसादको जीवन कसरी आरम्भ भयो ? कहाँ कहाँ पुगेर समय ब्यतीत गर्नुपर्ने वातावरणहरू तयार भए ? अध्ययन कसरी अघि बढ्यो ? आदिबारेमा जानकारी लिन उहाँको बाल्यकालदेखिको अवस्थालाई कोट्याउनु आवश्यक ठहरिन्छ ।

# पुस्ता : नन्दप्रसादको



# संवत् १९८८ देखि २००१ सालसम्म

## श्रीलाल-तुल्सा माता पिता हुन्
## औ चैनपुर्का पौड्यालका कुल्

शंखुवासभाको चैनपुरमा सम्बत् १९८८ माघ महिनामा जन्मिनुभएका नन्दप्रसादको बालककालको नाम नवराज थियो । पण्डितद्वारा पञ्चाङ्ग पात्रोअनुसार नाम नवराज राखिएको भएपनि पछि विस्तारै उहाँलाई नन्दु नामले बोलाउने गरिएको देखिन्छ । यही नन्दु नै पछि गएर नन्दप्रसाद हुन पुग्यो ।

आफू जन्मेको स्थान शंखुवासभाको चैनपुरको बस्तीमा पुराना सहपाठी साथीहरु साथै आफ्नो परिवारमा माया गरेर बोलाउने नाम 'लड्डु' थियो । यस नाम रहनुको एउटा रोचक प्रसङ्ग यहाँ औंल्याउनु सान्दर्भिक होला ।

एकदिन नन्दप्रसादकी आमा तुलसादेवी आफ्नो माइती तराईमा पर्ने लक्ष्मीपुरमा जानुभएछ। माइतमा केही दिन बसेर घर जाने बेलामा उहाँले आफ्ना साना बालबच्चाहरुले गुलियो लड्डु मनपराउने र शंखुवासभामा त्यो चीज नहुने हुँदा हातले त्यत्तिकै बनाएको लड्डु लिएर घरमा जानुभएछ । त्यो लड्डु अत्यन्त मिठो हुनेहुँदा आफ्नो भाइलाई हेर्न बसेकी उहाँकी दिदी देविकाले मिठो मानेर आफू पनि खानुभएछ र आफ्नो भाइ अर्थात् नन्दुलाई पनि दिनुभएछ । अत्यन्त मीठो लड्डु खाँदै गर्दा नन्दप्रसादले आफ्नो बाल्यकालको भद्रतालाई पनि प्रदर्शन गरेको देखेर दिदी देविकाले आजदेखि मेरो प्यारो भाईको नाम 'लड्डु' रहनेछ भनी नन्दप्रसादको नाम 'लड्डु' राखिदिनुभएछ । यसबाट नन्दप्रसाद सानैदेखि अरुलाई दुःख नदिने, भद्र स्वभावको मानौं लड्डु जत्तिकै नरम र मीठो व्यवहारिकता भएको हुनुहुन्छ भन्ने प्रमाणित गर्दछ । यही नाम हाल पनि उहाँलाई घरका परिवार सदस्य तथा नाति-नातिनीहरुले समेत

रमाइलो र मायाको भावले 'लड्डु बुबा' नै भनेर सम्बोधन गर्ने गर्दछन् ।

बाबु-आमाका अत्यन्त प्यारा पुत्र नन्दप्रसाद भाइ, समाज र परिवार एवं छिमेकीका पनि उत्तिकै प्यारा हुनुहुन्थ्यो । उहाँ सानैदेखि नयाँ कार्य गर्न रमाउने तर भद्र स्वभावका कारण कुनै काम गर्नुपर्‍यो भने पनि तुरुन्त आफूले निर्णय गर्न नसक्ने हुनुहुन्थ्यो । यसैले पनि उहाँ सानो छँदादेखि नै वैयक्तिक भद्रताको फाइदा उठाएर साथीभाइले खिज्याउने तथा जिस्काउने अवस्थासँग निकै समय संघर्ष गरी अघि बढ्नुभएको थियो । यही संघर्षले उहाँलाई सानैदेखि केही गरुँ तर एक्लै सही ढङ्गले निरन्तर र एकाग्र मनका साथ समाजलाई आफ्नो कारण कुनै असर नपर्नेगरी मात्र यस्ता कार्य गर्न पाइयोस् भन्ने धारणा मनमा लागिरहन्थ्यो ।

समाजमा घट्ने साना ठूला सकारात्मक तथा नकारात्मक कार्यले उहाँलाई केही सोच्न बाध्य बनाउँथे । जुनबेला उहाँ ती समस्या समाधान गर्न के गरी सफल भइन्छ भन्ने कुरा खोजी गर्न एकान्तमा बस्ने गर्नुहुन्थ्यो त्यतिबेला मानवसपटलमा उत्साहित नयाँ कुरा ओइरो लाग्थे । यसले नन्दप्रसादलाई एक्लै बस्न रुचाउने बालकको रूपमा पनि वरपर चिन्ने गरिन्थ्यो ।

घर गाउँनजिकका पाखा पखेरामा साथीसँग खेल्ने, रमाउने, गर्नुहुन्थ्यो । साथीभाईसँग डण्डीबियो तथा कपर्दीका रोचक प्रसङ्का क्षणहरु अझै पनि उहाँका मानसपटलमा ताजै रहेको बताउनुहुन्छ । आमा-बुवाको सानैदेखिको माया ममतामा हुर्किनुभएका नन्दप्रसाद गाउँमा सबैका सामू सानै उमेर हुँदा पनि गम्भीर र भद्र व्यक्तिको रूपमा चिनिनुभएको थियो । यद्यपि कसैले उहाँलाई अत्यन्त सोझो व्यवहार भएको व्यक्तिको रूपमा पनि चित्रण गर्थे भने कसैले सामाजिक भावनाभन्दा धेरै पछाडि रहेको गुनासो पनि गर्थे । तर पनि उहाँले आफ्नो कार्यप्रतिको निरन्तरता एवं लक्ष्यलाई कहिल्यै पनि छोड्नुभएन । यसका कारण नै आज सफल नन्दप्रसादको

रुपमा समाज र आफ्नो परिचित साथीहरुका माभ्क उभिनुभएको छ । सामाजिक कार्य गर्नका लागि आफूले जुनसुकै मूल्य चुकाउन पनि पछि नपर्ने नन्दप्रसाद हालका दिनमा समाजकै लागि सार्वजनिक कार्य गर्दै समय ब्यतन गरिरहनुभएको छ ।

यी बालकैमा हँसिला भएर
वित्दो छ प्याला रसिलो छ हेर
उत्कर्ष मीठो पनको दिवार
कोर्छन् सुमार्गी पन बारबार

त्यो बाल छायाँ गुण दिब्य भक्ति
खुल्ने हजारौं शिरको छ शक्ति
आनन्दले मस्त युगसाथ डुल्छन्
पाखा परवेरासँग नन्द भुल्छन्

राम्रो छ देही पन कीर्ति उच्च
भुल्कन्छ सूर्योदय भन् समुच्च
फैलिन्छ सारा नव ज्योति छर्दै
लालित्य भर्छन् पथशान धर्दै

शंखवासभा चैन र पूर किल्ला
कोशी दगुर्छन् मनमा सुनौला
फत्रोर हाँस्छन् नवराज हेर
खुल्दै रमाईकन आत्म धेर

पौंठेजोरीमा समयका सामू कसैले पनि जित हात पार्न सक्दैन । यही सिद्धान्त लागू भयो नन्दप्रसादमा पनि । सँगै खेलेका सँगी-सगातीलाई त्यत्तिकै छोडेर ११ वर्षको उमेरमा नै उहाँ चैनपुरबाट बसाई सर्नुपर्ने अवस्था आयो । यही सिलसिला उहाँ चैनपुरबाट बसाई सर्नुभयो । आखिर त्यस स्थानलाई त्यहाँबाट छोडेर गए पनि

उहाँमा जन्मभूमिका प्रति अत्यन्त गाढा र स्मरणयोग्य भू-प्रेमले भने छोड्न सकेन । यसैले हालसम्म पनि उहाँ बेला-बेला चैनपुरमा जाने आउने गर्ने गरेको देखिन्छ ।

पाखा पखेरा सब नाँच्दछन् ती
निर्वाध कोही जन बाँच्दछन् के ?
वाधा र पींडाबिन चल्न खोज्नु
शून्यान्त ब्यर्थै तन पर्छ त्याग्नु

रेग्मी, दमाई अनि हेर सार्की
दाहाल बस्छन् र खनाल क्षेत्री
खत्री र अन्य खुशीसाथ बस्ने
अर्को छ जाती हेर नेउपाने

भण्डार लाग्ने थर शान जाती
नेवार, डाँगी अनि ती भँडारी
छ चैनपुर्को थर मिश्रितान्य
देखिन्छ राम्रो जनमा सुरम्य

विभिन्न जात जातिको मिश्रित समाजको रमाइलोबाट नन्दप्रसाद नयाँ स्थानमा बसाई सर्दा पक्कै पनि नौलो र अनौठो लाग्नु स्वाभाविक थियो । तथापि नयाँ स्थानका साथ नयाँ ज्ञानको भण्डार खोल्न पाइने भन्ने अलिअलिमात्र बुझेका नन्दप्रसाद चैनपुरबाट धरान लाग्दा धरानका बारेमा जानकारी शून्यप्रायः थियो भन्दा फरक पर्दैन । अझ धरानमा त्यसपूर्व नपुगेका बाह्रवर्षे ठिटो नन्दप्रसाद गम्भीर तर एकल सोचाइमा यत्तिमात्र जान्नुहुन्थ्यो कि म अब परिवारसँगै यस शंखुवासभालाई सदाका लागि बसोबास छोडेर नयाँ स्थानमा जाँदैछु । अब जाने ठाउँ कस्तो होला भन्ने जिज्ञासाले बुर्कुसी मारिरहेको बेला भने कहिलेकाहीं बालक नन्दप्रसादलाई पिरोल्थ्यो पनि ।

मेरो पुग्ला कहाँयात्रा
यस्सै भन्न म सक्दिन
नुभल्कोस् बीचमा बाधा
खाग पारून जाँगर

मेरा यी शोखका सारा
भर्ना भेल सुकाउँदै
लक्ष्यमार्ग बनाई दे
लोभ लाल्चा लुकाउदै

## २००१ देखि २००८ सालसम्म

लोक पुजिन्छ हेर जो
उही पुष्पक राग हो
स्वार्थ विमान हाँक्नेको
अरी समाज दाग हो

भनिन्छ, बाल्यकाल जीवनको स्वर्णिम काल हो । यस समयमा मानिसमा कुनै कुराको चिन्ता एवं लक्ष्य हुँदैन । दुःखमा ऊ रोइदिए पुग्छ भने सुखमा अरूको दुःख बुझ्नेपट्टि बालक कहिल्यै लागेको हुँदैन । सबै समान देख्ने बालकले माया ममत्व एवं सामाजिकताका विषयमा जति बुझिरहेको हुन्छ । यसमा केवल मानवीयता भन्दा समयसार देखा पर्दछ । यही कुरा बालक नन्दप्रसादमा पनि लागू हुन पुग्यो ।

सम्बत्को १९८८ मा जन्मिएर शंखुवासभाको चैनपुर उपत्यका शहरका पैंदले, मुस्टे, ढुङ्गे, डाँडेका पाखा पखेरामा डन्डीबियो र कपर्दीमा रमेका नन्दप्रसाद सानैमा साथीहरूसँग लुकामारी, बैटबल, गुच्छा आदि खेलमा रमाउँदै उकाली ओह्राली, भञ्ज्याङ्हरूमा डुल्दै

आफ्नो अनभीज्ञ बाल्यकाललाई व्यतीत गर्नुभयो । उहाँले बनपाखाको रमाइलोको राम्रै अनुभव बटुल्नुभयो ।

बूढा, बालक, नारीले
प्रतिभा दिव्य खोल्दछन्
सरिता छालका हेर
पुष्प मात्रिक रोज्दछन्

कुची कलमले बोल्छ
प्रख्याती नवराजको
कामका काखमा शुभ्र
कोमलाद छ नम्रता

मान्छेलाई जिन्दगीको आफ्नो यात्रा कसरी अघि बढिरहेको छ वा दिनचर्या कहिले कहाँ बित्छ भन्ने कुरा थाहा हुँदैन । यसैले पनि जिन्दगीलाई बगेको पानीको संज्ञा दिँदै यसैसँग तुलना गरिन्छ । जहाँ फोहररूपी दुःख र अमृतरूपी सुखको आउने जाने क्रम पालैपालोजस्तो भइरहन्छ । यही ओहर-दोहरमा नन्दप्रसाद पनि आफ्नो जन्मस्थल चैनपुरको हिलो धूलोमा लडिबुडी, लुकामारी खेल्दै हुर्कँदै गर्दा ११ वर्षको उमेरमा चैनपुरबाट पारिवारिक बसाई सरेर सुनसरीको धरान नगरीमा पुग्नुभयो । पूर्वका केही नामुद शहरमध्ये पुरानो र आज पनि धरान अग्रस्थानमा आउने गर्छ । यसलाई पूर्वमा सांस्कृतिक धरोहर पनि भनिन्छ ।

"पूर्वकी बधू" भनेर राष्ट्रभरि प्रख्याति कमाएको धरानमा कला, संस्कृति र परम्पराको समीश्रण त छँदैछ, त्यसका अलावा साहस, सभ्यता, सहनशीलता एवं सामाजिकताको परिधिमा विश्व सांस्कृतिक बहावमा पाश्चात्य आधुनिकताको प्रभाव पनि उत्तिकै देख्न सकिन्छ । यस्तो शहरमा बि.सं. २००० सालमा प्रवेश पाउनुभएका भद्र र गम्भीर बालक नन्दप्रसादले त्यहाँको वातावरणीय समायोजनमा केही समय अध्ययन पनि गर्नुभयो ।

आफ्ना साथी संगातीको हेलमेलदेखि अलिकति पर गई बस्दै एक्लिन रुचाउने नन्दप्रसाद त्यतिबेला पनि उस्तै अवस्थामा चिनिनुभएको थियो । कसैलाई भनी बिराउने बानीलाई चटक्कै बिर्सेर सानैदेखि जिज्ञासु र नयाँपनको खोजीमा दत्तचित्त हुन रुचाउने उहाँले सानैदेखि नै कुनै घटनाको कारण र त्यसको समाधानका बारेमा एक्लै गमेर बसिरहने तथा त्यसको नयाँ उपाय देखिहालेमा सो को कार्यान्वयनका लागि लाग्ने बानी उहाँमा विद्यमान थियो ।

सत्य कुरामा समाजले के भन्दाल भन्नेतिर नलागी निरन्तर त्यसको कार्यान्वयन सफलतातिर ध्यानमग्न भएर लम्कने बानीले उहाँमा आजको नन्दप्रसाद बन्ने खालको प्रेरणा र उत्साह थपिदिएको हो भन्ने कुरा वहाँको आनिवानीबाट स्पष्ट झल्कन्छ ।

एकैचोटि भई आगो<br>
ढक्क निस्कन्छ ताप के<br>
चाँदनी पूर्णिमा चुम्न<br>
समर्थवान हुन्छ के ?

अनुशासन मानव सभ्यताको एक अभिन्न अङ्गको रूपमा हरपल रहन्छ । यसको अनुपस्थितिमा मानिस पूर्णरूपेण उद्धण्ड र समाजइतर क्रियाको प्रेरक बन्न पुग्दछ । यसले उसमा पाखण्डपनको विकास गराउँछ अनि घमण्ड पलाउँछ भने सोही पाखण्डपनले उसका सफलताका बाटाहरू चारैतिरबाट बन्द गरिदिन्छ भन्ने कुरामा सदैव सचेत रहने नन्दप्रसाद समाजको एक उदाहरणको रूपमा उल्लेख गर्नलायक युवाको रूपमा त्यतिबेला धरानमा परिचित हुनुभएको थियो ।

धरान पूर्वाञ्चल विकासक्षेत्रको एउटा रमणीय एवं पर्यटकीय स्थलका रूपमा परिचित छ । हालका दिनमा धरान पुरातन परम्परा

मात्र हैन कि आधुनिकताको रसपानमा पनि उत्तिकै अग्रणी स्थानमा रहेको देखिन्छ । यस्तो रमणीय र विकासक्षेत्रकै एक उदाहरणीय रमझमनगरीको रूपमा परिचित धरानमा करीब ८ वर्ष विताएका नन्दप्रसादको युवाकाल अत्यन्त सहज तरिकाले बितेको देखिन्छ । बाबा श्रीलाल कृषि पेशासँग मात्र आवद्ध रहे पनि नन्दप्रसादको सरुवा भई बस्ने क्रम शंखुवासभाबाट धरान हुँदै झापामा गएर मात्र हालसम्म स्थीर रहेको छ । समाजिक सेवा वा अन्य कार्यका अतिरिक्त आफ्नो पारिवारिक जमघट हुने स्थानका रूपमा झापाको यो बसाईलाई नन्दप्रसादले प्रयोग गर्ने गरेको हामी देख्न सक्दछौं । यसले पारिवारिक एकताको लागि पनि केन्द्रीय भूमिका निर्वाह गरेको छ । यसको योगदानबाट नै पौडेल परिवार शसक्त बन्न सकेको हो ।

चेतनाको मुना जस्को
हर्हराएर बढ्दछ
उही सगरमाथामा
कल्पकल्पान्त चढ्दछ

सूर्यले ताप नै दिन्न
भने अर्थ के मान्नु खै
मानवी रुप जन्मेर
परसेवा हुँदैन भनैं

पठन-पाठनका धेरैजसो कार्यहरूमा उहाँकी आमा तुलसादेवीको सक्रियताका कारण शुरुमा घरमै भए पनि पछि गएर शिक्षाको बाटो विद्यालय-विश्वविद्यालयमा समेत खुला भएको र नन्दप्रसादले विश्वविद्यालयीय शिक्षा पनि मनग्गे लिएको देखिन्छ । यही शिक्षाको आधारमा उहाँले सरकारी जागीर विशेषगरी न्यायक्षेत्रबाट लामोसमय खाएकोबाट प्रष्ट हुन्छ ।

हलुका लहरा त बढेर उठे
कलिला मन सुन्दर फूल झुले
ऋतु डाक्छ अहो □ धुमधाम गरी
दिन बालकको बिति गो यसरी

बाल्यकालका तुलना यो युवावस्थामा केही चञ्चलता एवं लक्ष्यप्रधान कार्यको खोजीमा डुल्दै गरेका व्यक्ति नन्दप्रसादले जागिरको भन्दा पनि सानैदेखि सार्वजनिक सेवामा टेवा पुग्ने कार्यहरू कटिवद्ध तरिकाले गर्ने वातावरण बढी रुचाउनु हुन्थ्यो । यसले पनि नन्द प्रसादको मन काम र नाममा बढी आकर्षित भएको हो भन्ने देखिन्छ ।

समयक्रमसँगै वैयक्तिक कामका अलावा सार्वजनिक काम गर्न यही कालदेखि नन्दप्रसाद सानैदेखि घरको लाडप्यारमा हुर्कनुभयो, तथापि सामाजिक सफलताका लागि आफ्नो काममा चासो नदिई भोकै कार्य गर्नु परेपनि पछि नहट्ने नन्दप्रसाद समाजसेवी मात्र नभएर लामो र जीवनको महत्वपूर्ण घडी न्यायसेवीका कानूनी विद्यार्थी नै भएर बिताउनुभयो ।

# २००८ सालदेखि पछि

अपि स्वर्णमयी लङ्का लक्ष्मण न मे रोचते
जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसि

रामायणका अनुसार लङ्का विजय गरिसकेपछि रामलाई लक्ष्मणले घर अयोध्यामा नगई यही स्वर्णमयी एवं सुख सुविधासम्पन्न लङ्कामा बस्ने आग्रह गर्दा रामचन्द्रले- हे लक्ष्मण यो लङ्का सुनैसुनले भरिभराउ भए पनि मलाई मन परेन किन भने आफूलाई जन्म दिने आमा र आफू जन्मेको स्थान स्वर्ग भन्दा पनि प्यारो

हुन्छ भने जस्तै आफू नियमित बस्दै आएको स्थान जोकोहीलाई पनि प्रिय लाग्नु स्वाभाविक नै लाग्छ ।

एक ठाउँमा बस्दै आएको वेला अर्को स्थानमा जानुपर्दा त्यहाँको वातावरण कस्तो छ ? सफलताले कत्तिको साथ दिन्छ वा सो स्थानमा जाँदा पहिले बसेको स्थानसम्म पनि प्रगतिका पाइला स्थीर नरहने हो कि ? आदि आदि विचारहरू पलाएर आउनु अस्वाभाविक हैन । तथापि, कामको सिलसिला अथवा समयको परिक्रम जसले भए पनि नन्दप्रसादलाई जन्मस्थानमा नै बस्ने वातावरण मिल्न गएन बरु उहाँको जन्मथलो शंखुवासभाबाट बसाइ सरी धरान पुग्ने वातावरण जुराइदियो ।

यसरी दोस्रो नयाँ स्थानमा पुगेको पौडेल परिवारलाई अवका दिन झापाको भद्रपुरमा बिताउनुपर्छ भन्ने लागेर नै त्यहाँबाट भएको सम्पत्ति स्थानान्तरण गरी झापा भद्रपुरमा सर्नुभयो । झापामा सरेपछि वहाँले समाजका लागि कार्य गर्न आरम्भ गर्नुभयो । जसका कारण भद्रपुर वहाँको प्रिय बन्न पुग्यो जुन अद्यापि उहाँको वासस्थलका रूपमा रहेको छ ।

सेवा समाजको गर्ने<br>
दीर्घ जीवनको लत<br>
स-प्रेममुक्त छन् धन्य<br>
यी नन्दका विरासत

बाल्छन् यी रातमा बत्ती<br>
अज्ञानको त ढेरमा<br>
हटाई मनका कुण्ठा<br>
पुग्छन् विद्वान कुञ्जमा

# पारिवारिक पृष्ठभूमि

## दाजु-भाइ तथा दिदी-वहिनी

शोभा अङ्कुर सृष्टिका चयनमा शौजन्य फक्रन्छ रे
नौला आखरमा देशावर डुली आनन्द उम्रन्छ रे
आफैभित्र रमाइलो कुशुमले यी चन्द्र सम्झाउँछ
वाणी मञ्जुल भाव बन्छ हँसिलो सङ्कल्प चम्काउँछ

सम्बत् १९८८ माघमा श्रीलाल र तुलसादेवीका पुत्रका रूपमा जन्म लिएका नन्दप्रसाद आफ्ना चार दाजु भाइमध्येका जेठा सुपुत्र हुनुहुन्छ । उहाँको कार्यक्षेत्र न्याय सम्पादन हो भने अन्य फुर्सदका समय समाजसेवामा बिताउनुहुन्छ । यसको ठीक अर्को पक्ष उहाँका अन्य भाइहरू आ-आफ्ना रुचीअनुसार भिन्नभिन्न क्षेत्रसँग सम्बद्ध रहेको देखिन्छ ।

माइला भाइ देवीप्रसाद गृहक्षेत्रमा बढी चासो दिने भएकाले सार्वजनिक सेवाका काममा नलागी आफ्नै कृषि पेशालाई मूल आधार बनाई जीवनयापन गर्दै रहनुभएको छ भने अर्का भाइ होमप्रसादले सानैदेखि आत्मामा पलाएको रुचीलाई शिक्षा सेवामा सर्मपित गर्नुभयो । त्यही लतले उहाँलाई शिक्षाक्षेत्रको सरकारी जागिरेकै रूपमा उभ्यायो भने कान्छा भाइ कृष्णप्रसाद पौडेल प्रशासन क्षेत्रमा सहभागी भएको देखिन्छ । उहाँ हाल गृह मन्त्रालयमा उपसचिब स्तरको सेवामा सेवारत हुनुका साथै यसपूर्व प्रमुख जिल्ला अधिकारीका रूपमा विभिन्न तहसहित करीब ३० वर्ष लामो अवधि गृह मन्त्रालयसँग संबद्ध रही कार्य गर्दै आउनुभएको छ ।

यसैगरी उहाँका दुई दिदीमध्ये देविका जेठी हुनुहुन्छ भने अर्की केवला ढकाल कान्छी । दुबैजना गृहणीका रूपमा कार्य गर्दै

आउनुभएको हो । कृषि पेशासँग सम्बद्ध दुबै जनाका परिवार छोराछोरी भने माथिल्लोस्तरको सरकारी जागिरे बाटो समाइसक्नुभएको कुरा जानकारी हुन्छ ।

# शिक्षा एवं साथी सँगाती

क) शिक्षा

तिम्रो छ बाटो संसार जित्ने
ब्याधी, जरा औ संकष्ट खिच्ने
अज्ञान जस्को हट्‌दैन कैल्यै
मूर्दासरी त्यो अल्पन्छ पैल्यै

हालका समाजसेवी नन्दप्रसादको बाल्यकाल शंखुवासभाको चैनपुरमा बित्यो । उहाँले चैनपुर बसाइको ११ वर्ष अत्यन्त हर्ष र सयलपूर्ण तवरले बिताउनुभयो । परिवारको मायालु पुत्र भएकाले पनि उहाँले कुनै दुःखको अनुभव गर्न परेन । वात्सल्य, माया र हरेक पक्षबाट रेखदेखसाथ उहाँले शिक्षा दीक्षा आरम्भ आफ्नै हजुरआमा देवकुमारीबाट चैनपुरमै अनौपचारिक रूपमा गर्नुभयो । हिन्दु धार्मिक तथा नेपाली भाषा जननीको रूपमा चिनिने संस्कृत भाषा साहित्यको अध्ययनमा तीब्र चाहना भएका नन्दप्रसादले वाराणसीस्थित संस्कृत कलेजबाट मध्यमा पूरा गर्नुभयो ।

त्यसपछि अलाहवादस्थित “बोर्ड अफ सेकेण्डरी स्कूल एण्ड इन्टरमिडियट एजुकेशन” नामक स्कूलबाट आई.ए. र पछि त्यहींबाट बी.ए. को अध्ययनसमेत पूरा गर्नुभयो । अध्ययनलाई ब्यवहारिक रुपमा लागू गर्नुपर्छ भन्ने विचारका धनी नन्दप्रसादले यस विषयको अध्ययनलाई कसरी ब्यवहारमा उतार्न सकिन्छ भन्ने सोच्न थाल्नुभयो । संस्कृत विषयको यो अध्ययनले नन्दप्रसाद पौडेलाई नेपाली भाषा ब्याकरण क्षेत्रमा राम्रो दक्षता हासिल गरायो ।

अध्ययनकै सिलसिला मिलाएर उहाँ भारतको अलाहवादबाट बी.ए.उत्तीर्ण गरी नेपाल फर्केपछि पुनः मन कानूनको अध्ययनतिर तानियो र कानून विषयमा अध्ययन गर्न चाहनेका लागि त्यतिबेला सरकारद्वारा व्यवस्था गरिएको "कानूनी व्यवस्था श्रेष्ता अध्ययन"मा लाग्नुभयो । यसपछि निरन्तर यसको अध्ययन गरी निजामति मध्यमा सफलताका साथ उत्तीर्ण गर्नुभयो । कानूनको श्रेष्ता अध्ययनलाई "निजामती मध्यमा" भन्ने गरिन्थ्यो ।

ठूलो छ आशा विद्या रसाई
धप्काउ पाखा दीयो जलाई

यसरी नन्दप्रसादको अध्ययन कार्य विभिन्न स्थानमा गई सम्पन्न भयो । यसो हुँदाहुँदै पनि उहाँको मूल अध्ययनको प्रेरणा भने हजुरआमा देवीकुमारीबाट नै प्राप्त भएको कुरा स्वयं कृतिनायकबाट जानकारी प्राप्त भएको हो । आफ्नो समयकालमा विभिन्न समय विषयान्तर कामहरू गर्नुभएका नन्दप्रसादको जागिरे जीवन कानून क्षेत्रसँग सम्बद्ध भए पनि सानैदेखि पलाएको संस्कृतप्रतिको मोह अझै पनि उस्तै छ जसले नन्दप्रसादलाई आध्यात्मिक चिन्तकका रूपमा अद्यापि अग्रसर एवं सार्वजनिक सप्ताह समारोह गर्नपट्टिसमेत तानेको देखिन्छ । उहाँले आफूले पनि केयन सप्ताह र पूजाआजा लगाउनुभएको छ भने अरुले गरेका यस्ता धार्मिक कार्यमा पनि पुगेर आफूसक्के दान दक्षिणा गर्ने कार्य वहाँबाट भई नै रहेको देखिन्छ । यही लगावले समाजमा आंशिक भए पनि सात्वीक चिन्तनको विकास गर्न उहाँले योगदान पुऱ्याएको देख्न सकिन्छ ।

मीठो छ बोली चोखो कहानी
सम्भ्रान्त बन्दैछ सेवा बिहानी
काला र सेता ती ज्ञान रुम्बा
बन्छन् विचारी झन् मस्तकैमा

संस्कार भन्ने सांस्कृत्य शिक्षा
हाशील गर्ने त्यै हो बनारस्
संसार हेर्ने कानून ऐना
शैवाल तोड्दै दौडन्छ छाल

शिक्षाले मानिसलाई शिक्षित मात्र बनाउँदैन । यसले त मानवीय चेतनाको विकास तथा एकार्काको सहअस्तित्वको पनि पहिचान गर्न सिकाउँछ । यसको प्रयोगले मानिस एक सभ्य र उत्कृष्ट सृष्टिको उपजको रूपमा उभ्याउन पनि उस्तै सहयोगी भूमिका निर्वाह गरेको हुन्छ । यही मान्यतामा नेपाल मात्र  हैन कि सिङ्गो विश्वब्रम्हाण्ड नैं अडिएको छ र सभ्यताको पाठ आज, भोलि र पर्सी गर्दै नयाँ–नयाँ मोडमा अघि बढिरहेको छ । यसैले पनि शिक्षाको महत्व झल्किएको हो । नेपालमा कानूनी शिक्षाको इतिहास भर्खर डेढ शताब्दीमात्र पुगेको अवस्थामा यसको अध्ययनको दायरा भने अझै पनि पुरानै तवरले बढेको देखिन्छ । तर पनि सैद्धान्तिक शिक्षापद्धति अहिलेको शिक्षाको तुलना पुरानो ब्यवहारिक शिक्षाले ठूलो कानूनी सहयोगको पाटो समाएको छ भन्ने कुरा नन्दप्रसादको कानूनी कार्यसम्पादनको जिम्मेवारी र कार्यान्वयनको शैली एवं तदारुकताले सजिलै स्पष्ट देखाउँछ । हालका दिनमा देखिने यस्ता कार्यहरू ब्यवहारिक भन्दा पनि सिद्धान्तले घेरिएर अघि बढेकाजस्ता लाग्छन् । तर विगतका यी कार्यले आजका लागि धेरै कुराहरू थपिदिएको गुनलाई हामीले भुल्नु हुँदैन ।

यी सिक्न थाले सन्ध्या प्रभाती
भूर्लोकमा नैं फैलन्छ ख्याती
विक्रान्त आशा कानून भाषा
शब्दास्त्र हान्दै बन्छन् विपासा

ख) सामाजिक कार्याध्ययन तथा तालिम ः

समाजको विकासका लागि त्यो समाजमा यस्तो व्यक्तिको जन्म आवश्यक हुन्छ जसले गाउँ, परिवार, समाज र सामाजिक संस्कृति तथा विकास संयन्त्रका बारेमा गहिरो चासो दिएर अध्ययन गर्नतिर लागी परेको हुन्छ । साथै तमाम व्यक्तिगत स्वार्थ त्यागेर सार्वजनिक सरकोकारका विषयमा आफ्नो जीवन अर्पण गर्दछ । यस्तो सार्वजनिक स्वार्थका लागि मात्र लिप्त रहने व्यक्तित्व पाउन र जन्माउन समयले पनि शताब्दीयौं कुर्नुपर्छ ।

समाजमा हरेक दिन सयौंको संख्यामा बालबालिका जन्मेका हुन्छन् यद्यपि ती सबै समाजकै कल्याणका लागि जन्मेका हुन्छन् भन्न सकिन्न । यसको सोदाहरणका रूपमा नन्दप्रसाद त्यतिबेला जन्मे जतिबेला नेपाली समाजलाई यस्तो व्यक्तित्वको खाँचो परेको थियो । सभ्यताको विकासका क्षेत्रमा दोस्रो व्यक्तिको फाइदा र समाजको विकास एवं अनुशासनको कडीको संरक्षण नै असल मान्छेको कर्तव्य र दायित्व हो ।

यही दायित्व धान्नका लागि एक जिज्ञासु, जेहन्दार, भद्र एवं गहन विचारक तथा ओजिलो र गम्भीर नागरिकका रूपमा सामाजिक अध्ययन गर्ने व्यक्ति नन्दप्रसादले सार्वजनिक हित निम्ति सिक्नुपर्ने कुराका लागि नै सामाजिक अध्ययन एवं खोजवीन गर्न थाल्नुभयो । यही सिलसिला सामाजिक कल्याणका लागि विभिन्न तालिम तथा अध्ययन सेमीनार हुँदै गाउँको विकास कसरी हुन्छ ? भन्ने बारेमा गहिरो अध्ययन गर्नुभयो । जुन अध्ययनले उहाँलाई आजको नन्दप्रसाद भन्ने गरिमामा चिनाउन सफल गराएको हो ।

# साथी सँगाती

भनिन्छ, सानैको संगतले मानिसलाई भविष्यको सफलता वा असफलताको संकेत गर्दछ । मानिस कुन बाटो लाग्दैछ ? के कार्य गर्दैछ ? उसको आनीबानी कस्तो छ ? आदि विषयले उसको भोलिको दिनलाई आँकलन गर्न सघाउँछ । समाजको कार्यलाई कसरी अघि बढाउने अथवा आफ्नो दैनिक जीविका मात्रमा सीमित रहने भन्ने विषयले उसको वैयक्तिक भविश्यको निर्धारण गरेको हुन्छ । भोलिका लागि जोहो गर्ने व्यक्ति दूरदर्शी भनिए झैं समाज, देश र यसको भविश्यका बारेमा घोत्लिने व्यक्ति सामाजिक सम्पत्तिको रूपमा स्थापित हुन्छ ।

नन्दप्रसादलाई पनि यी कुराले अत्यन्त प्रभाव पारेको देखिन्छ । सानैदेखि केही साथीहरूको कार्य सफलताले उँहामा थप हौसला बढायो । अन्तर्राष्ट्रिय रूपमा ख्याती कमाएका नागरिकहरूको जीवनी तथा उनीहरूले गरेका कार्यको बारे अध्ययन गर्दा अझ बढी उत्साही भएर अघि बढ्ने यही हौसलालाई नन्दप्रसाले जीवन सफलताको एक कडीको रूपमा लिनुभयो । कार्यप्रतिको निरन्तरताले उहाँलाई सफलतातिर धकेल्यो भने अर्कातर्फ उहाँका साथी संगाती विभिन्न क्षेत्र वा दृष्टिकोणबाट भिन्नभिन्न लक्ष्यमा अग्रसर भए । साथीत्वको हिसाबमा उहाँका मित्रजनलाई यस रूपमा हेर्न सकिन्छ :-

### अ) सहपाठीको रूपमा

भनिन्छ, एउटा व्यक्तिले आफ्ना अति गोप्य भन्दा गोप्य कुराहरू आदानप्रदान गर्नु पऱ्यो भने उसले आफ्नो बाबु वा दाजु भन्दा पनि विश्वास गर्ने पात्र हो उसको साथी । साथीलाई जो कसैले पनि अत्यन्त गोपनीय कुरा पनि भन्न हिच्किचाउँदैन ।

यसैले पनि बाबु आमाले आफ्नो सन्तान कस्तो बाटो समाएको छ ? वा तत्कालका समयमा उसले के गरिरहेको छ भन्ने विषयमा जानकारी लिन उसको साथी वा सहपाठीको सहायता लिने गर्दछन् । यस्तै आधार बनेका केही साथीहरूको नामावली दिन पर्दा नन्नप्रसादका हितैषीहरू उमेरगत रूपमा धेरै भए पनि कार्य गर्दाको सिलसिलामा भने कार्यक्षेत्र न्यायक्षेत्र नै रहेकाले यसैसँग सम्मिलित समकालीन साथीहरूमा न्यायक्षेत्रकै हुनु अन्यथा ठहर्दैन ।

देशको वैयक्तिक वा सार्वजनिक सरोकारमा देखिने गरेका विवादलाई न्यायिक रूपमा फर्स्यौट गर्ने नन्दप्रसादका अन्य सहपाठी एवं समकालीनहरूमा गोपाल खत्री (सर्वोच्च अदालत), रामकुमार शाह (हाल सर्वोच्च अदालत), बद्रीकुमार बस्नेत (सर्वोच्च अदालत) आदि रहेको देखिन्छ । आफै पनि जिल्ला एवं अञ्चलस्तरको न्यायाधीश पदमा रही लामो समय काम गरेकाले तात्कालीन न्यायिक निकायदेखि राजदरबारसँगको सम्पर्क उहाँका लागि सहज र सरल बनेर गएको थियो । आफूले चाहेको कार्य कानूनसम्मत गर्न उहाँलाई कुनै अप्ठेरो पर्दैनथ्यो बरु कुनै त्यस्तो समस्या आएमा कसरी समाधान गर्ने भन्ने विषयमा निकास सजिलै निस्कन्थ्यो । आलोचना गर्नेहरुले प्रशंसा गर्न थाल्थे । यसले पनि के देखाउँछ भने नेपाली न्यायप्रणालीमा नन्दप्रसाद अत्यन्त गम्भीर तवरले लागेको व्यक्तिका रूपमा परिचित हुनुहुन्छ र यसबाट नै उहाँलाई न्यायिक सेवामा द्रुत गतिमा अघि बढेर जान पनि सजिलो वातावरण निर्माण भएको हो ।

### आ) पत्रकारिता क्षेत्र

सूचनाक्षेत्र अर्थात् पत्रकारिता राज्यका तीन अङ्ग व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका पछिको चौथो अङ्गको रूपमा रहेको छ । यो क्षेत्र अत्यन्त संवेदनशील क्षेत्र पनि मानिन्छ । कारण,

यसको मार्गमा लागेका व्यक्तिबाट थोरै पनि गल्ती हुन गएमा गलत सूचना संचारित हुन गई समाजमा ठूलो असर पर्न जान्छ । यसैले पनि सजग र चनाखो तवरबाट यस क्षेत्रलाई अघि बढाउनु पर्छ भन्ने मान्यता नन्दप्रसादमा रहेको देखिन्छ ।

उहाँको पत्रकारिता यात्रामा पनि रुची नभएको होइन भन्ने कुरा विगतको लामो समयदेखिका उहाँका प्रकाशित गद्य तथा पद्य रचना सामग्रीबाट ज्ञात हुन्छ । पत्रकारिताको त्यतिबेलाको यात्रामा परिचित साथीहरूमा सहपाठीका रूपमा रहेका ख्यातिप्राप्त पत्रकार सुशील शर्मा, नेपाली प्रगतिवादी साहित्य लेखन तथा साहित्यिक पत्रकारिताका एक बरिष्ठ व्यक्तित्व साहित्यिक पत्रकार भवानी घिमिरे, एस्.एल्. शर्मा (पत्रकार राजेन्द्र शलभका पिता) स्व.श्यामकृष्ण उपाध्याय आदि रहेको बुझिन्छ ।

नन्दप्रसादमा पत्रकारिताको मोह अत्यन्तै रहेको थियो र छ पनि । उहाँले आफ्नो सेवा अवकाशपछिको जीवनलाई यसै क्षेत्रमा लगाउने योजना छ भन्ने कुरा उहाँसँग कुराकानीका क्रममा "एउटा पत्रिकाको प्रकाशक/सम्पादक भई न्यायक्षेत्रको पत्रकारितालाई निरन्तरता दिन पाए हुन्थ्यो" भन्ने नन्दप्रसादको भनाइले पनि यस क्षेत्रप्रतिको आकर्षण र मोह कति रहेछ भन्ने सजिलै अड्कल गर्न सकिन्छ ।

### ग) साहित्य क्षेत्र

साहित्यले समाजलाई छिट्टै विगार्छ र सपार्छ पनि । विगार्ने यस मानेमा कि एउटा सभ्य समाजका सामू आधुनिताका नाममा हुने नग्न प्रदर्शन एवं लेखनमा नयाँ युवा तथा बाल पुस्ताको आकर्षणले यौन तथा अन्य जघन्य अपराधले स्थान जमाउँदै जानेहुँदा यो खालको लेखन वा साहित्य विधाले केही अपवादलाई छाडेर अधिकांश मानवीयताको पथमा काँडा उमार्ने कार्यमात्र गरेको देखिन्छ ।

यी र यस्ता कार्यलाई छाडेर हरेक साहित्यकार अनि उसले उब्जाएको साहित्यले समाजलाई विभिन्न पाटोबाट माथि उकास्ने कार्य गरेको पक्कै छ ।

हामी विभिन्न पौराणिक दर्शनहरू हेर्दछौं र पढ्दछौं । त्यसमा भएका साहित्यिक भावना अनि लवजले मानिस कहिले आध्यात्मिक बाटो अँगाल्न पुग्छ भने कसैले यसकै सहायताबाट आफ्नो व्यवसायीक मार्गलाई बलियो बनाउन एक प्रेरणास्रोतका रूपमा अपनाउँन पुग्छ । यद्यपि यस साहित्यले मानिसलाई केही गरुँ वा परिवर्तन एवं प्रगतिको सिँढी चढ्ने प्रयत्नमा लागूँ भन्ने सिकाउँछ । विश्व परिवर्तनका लागि हालका कुनै पनि विज्ञानप्रेमीहरुले पुराना सम्बद्ध साहित्यको सहयोगबिना सम्भव देखिदैन । यसैले पनि साहित्यको पाटो बलियो, क्रियाशील अनि पथप्रदर्शक छ भन्नेमा विमति रहने कुरा स्वीकार्न कठीन पर्दछ ।

साहित्यबिना समाजको परिवर्तन सम्भव छैन । यो एक यस्तो माध्यम बन्न सक्छ या त कानूनी वा अन्य सांस्कृतिक, आर्थिक तथा भौगोलिक, जुनसुकै भए पनि आखिर त्यस साहित्यको लक्ष्य भनेको समाजको सही मार्ग चयन र यसैमा मानव यात्राको बाटो तय गरिदिनुसँग सम्बन्धित हुन्छ । यही साहित्यको पाटोमा बाटो पक्रेका सहपाठीहरूमा नन्दप्रसादका मिल्दा व्यक्तित्व एवं आत्मीय साहित्ययात्रीहरूमा जनकविकेशरी धर्मराज थापा, नेपाली व्याकरणका ज्ञाता चुडामणी रेग्मी आदि रहेको देखिन्छ ।

यी व्यक्तित्वहरूको संगतले नन्दप्रसादलाई पनि एक समय केही न केही लेखूँ लेखूँ भनी भित्री मनमा हुटहुटी नै लगाउने गरेको कुरा स्वयं पौडेल बताउनुहुन्छ । उहाँको बुझाईमा समाजमा परिवर्तन गर्ने सजिलो उपाय वा माध्यम यदि केही छ भने त्यो हो साहित्य, चाहे त्यो श्रव्य वा दृष्य जुनसुकै किन नहोस् । यसरी हेर्दा जनमन र नन्दप्रसादको विचारको संगम पनि एकै स्थानमा रहेको कुरा यसबाट पुष्टी हुन्छ ।

## घ) राजनीतिक क्षेत्र

हुन त वर्तमानलाई नियाल्ने हो भने "राजनीति फोहरी खेल" भन्ने पुरानो कहावत यथार्थजस्तै लाग्छ । यद्यपि, नन्दप्रसादको राजनीति कुर्सीमुखी नभई समाजोद्धारमुखी भएर गएको थियो । राजनीतिलाई उहाँले एउटा सहायक पाटो मात्र मान्नुभयो । राष्ट्रको विकास/परिवर्तन समुन्नत वा विपन्न र अधोमुखी के बनाउने ? भन्नेबारेमा हेर्दा राजनीतिकर्मी वा यसको सैद्धान्तिक एवं व्यवहारिक पक्षले अहम भूमिका खेलेको हुन्छ । तथापि, हाल देखा परेको राजनीतिक आदर्शवादले कर्ममा भन्दा बोलीमा नै नेतृत्वलाई अग्रसर बनाएको पाइनुले जनमानसमा यसप्रतिको चासो न्यून बन्दै गएको हो ।

नन्दप्रसाद पनि यस क्षेत्रमा धेरै अध्ययन मनन गरिसकेर मात्र लागेको अवस्थामा पनि उहाँको बुझाइमा राजनीतिक विकासका मामलामा निराशा पैदा गर्ने माध्यम मात्र बन्यो । उहाँका यस क्षेत्रका सहपाठीको नाम लिनुपर्दा यज्ञप्रसाद आचार्य (तत्कालिन राजसभा सल्लाहकार), बी.ए.कृष्ण श्रेष्ठ एवं पूर्व गृहमन्त्री समेत रहेका कृष्णप्रसाद सिटौलाजस्ता व्यक्तिहरू नजिकका राजनीतिक पहिचानमा पर्छन् ।

बिक्रम संबत्-२०५६ सालको संसदीय आम निर्वाचनमा चुनावी मैदानमा होमिनु उहाँका लागि राजनीतिक आकर्षण मान्न सकिए पनि पराजय भोग्नु परेका कारण त्यसपछिका समयमा भने त्यति सक्रियता देखिएन । हुन पनि न्यायक्षेत्रबाट आफ्नो छवि निर्माण गरेका नन्दप्रसाद छलछामबिना एक पाइला पनि सार्न सम्भव नहुने राजनीति जस्तो खेलमा त्यत्ति जम्न सक्नुभएन । साथै यस क्षेत्रमा लाग्ने मनसाय पनि नभएको अवस्था र परिवेशले उहाँलाई त्यो बखत वाध्य बनाएको थियो भन्दा अत्यूक्ति नहोला । तर पनि पछि यसले नन्दप्रसादलाई राजनीतिकर्मी भन्दा समाजसेवी नै ठीक भन्ने प्रमाणित गरिदियो । जसका कारण सोही अनुसार नैं उहाँ विभिन्न

सार्वजनिक कार्यमा सक्रिय रहँदै आएको बुझ्न सकिन्छ । उहाँ भन्नुहुन्छ- सामाजिक कार्यबाट पाइने सन्तुष्टि राजनीतिक बाटोबाट सम्भव हुन्छ भन्नु दिवास्वप्न मात्र हो ।

## दाम्पत्य जीवन र पारिवारिक अवस्था

विवाह मानिसको पारम्परिक एवं बंश संरक्षणको एक अत्यावश्यकीय रीत हो । यसको अभावमा मानिस एकातिर मानसिक रूपमा सबल भएर पनि कता कता एक्लो महसुस गर्छ वा सामाजिक रूपमा त्यस्तो देखिन्छ भने अर्कातिर प्राकृतिक उपयोग एवं आफ्नो कुल बृद्धि तथा बंश संरक्षणको पाटोमा अक्षम देखिन्छ । सामाजिक रीति र मानवीय आवश्यकताका कारण पनि यो समाजमा अनिवार्य मानिदै आएको छ । मानवमात्रका लागि नभएर यसको आवश्यकता चराचर जगतका लागि समेत महत्वपूर्ण भएर रहेको देखिन्छ ।

यही परम्परा धान्ने सिलसिला नन्दप्रसाद पौडेलको वैवाहिक नाता भोजपुर दिङ्लाका लम्साल परिवारसँग जोडिएको हो । २००६ सालमा दिङ्लाका स्व.बाशुदेव र स्व.डम्बरकुमारी लम्सालकी सुपुत्री राधादेवी लम्सालसँग विधिवत वैदिक विवाह सम्पन्न भएपछि राधा र नन्दप्रसादको दाम्पत्य जीवन आरम्भ भएको हो ।

राधादेवीका एकमात्र दाजु सुर्यप्रसाद लम्साल थिए भने भाइहरू टंकप्रसाद र लालुप्रसाद गरी दुईजना थिए । यसैगरी बहिनी विष्णु कुमारी राधाकी अत्यन्त आत्मीय थिइन् । साधारण खेतीपँती गरी जीविकोपार्जन गर्ने लम्साल परिवारकी राधादेवी व्यवहारिक रूपमा भने एक आदर्श नारीको रूपमा चित्रण गर्न सकिन्छ । गृहणीको रूपमा मात्र नभएर उत्साहवर्द्धक मार्ग निर्माण गरी शैक्षिक विस्तारको आयाम अघि बढाउने कुरामा कुनै कठिनाइसँग सम्झौता नगर्ने

राधादेवी असल गृहणी नभइदिएका भए सायद नन्दप्रसाद आजको स्थानमा पुग्न सम्भव थिएन भन्ने कुरा स्वयं कृतिनायक पौडेलको कथन छ ।

यसरी करीब छ दशकअघि गाँसिएको वैवाहिक सम्बन्धले राधा र नन्दप्रसादको जीवन मात्र सुखमय भएर गएन, यसले त नन्दप्रसादलाई सार्वजनिक सरोकारका विषयमा तल्लीन भई लाग्न अभिप्रेरित गऱ्यो । यसैको परिणाम उहाँ अञ्चल न्यायाधीशजस्तो गरिमामय ओहदासम्म पुग्न सफल हुनुभयो । समयक्रमसँगै नन्दप्रसादको पारिवारिक विस्तार पनि हुँदै गयो ।

विवाह भएको डेढ दशक अवधिभित्र उहाँका चार जना सन्तान भए । जसमा २०१२ सालमा जेष्ठ सुपुत्र विनोद पौडेलको जन्म भयो । उनी सरकारी सेवाअन्तर्गत जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा डेढ दशक लामो सेवा गरी उप-सचिवस्तरको पदबाट अवकाश (राजीनामा) लिई हाल झापा भद्रपुरको निजी व्यवसायमा कार्यरत छन् ।

यसैगरी २०१४ सालमा माइला छोरा सुरेश पौडेलको जन्म भयो । घरकै वातावरणमा अध्ययन पूरा गरी सकेपछि हाल उपसचिवको रूपमा नेपाल सरकारको अर्थमन्त्रालयमा कार्यरत छन् भने २०१७ सालमा जन्मिएका साहिला छोरा रमेश पौडेल भने आफ्ना पिताको कार्यमार्ग रोज्दै कानून व्यवसायीका रूपमा राजधानी काठमाडौं र झापामा क्रियाशील छन् । छोरीहरूको आशा गर्दागर्दै उहाँलाई यो आशा पूरा हुन सकेन । नन्दप्रसादका अन्तिम तथा कान्छा सुपुत्रका रूपमा २०१८ सालमा जन्मिएका महेश पौडेल हाल मेची बहुमुखी क्याम्पस झापामा प्राध्यापनमा संलग्न रहेको देखिन्छ ।

समाजिक कार्यले मात्र मानिसलाई सम्मानित बनाउन सक्दैन भन्ने कुरा उसको परिवारको मेल अनि व्यवस्थापनले देखाउँछ । यदि परिवारदेखि नै मेल अनि एकताको बाटो फराकिलो हुँदै जाने

हो भने भोलिका दिनमा यो प्रक्रिया झन पछि झन् बढ्दै गएर गाउँ, समाज, टोल, जिल्ला हुँदै सिङ्गो राष्ट्र अनि अन्तर्राष्ट्रमा समेत विस्तारित हुनेमा सबै सहमत हुन सकिने विषय हुँदै हो ।

यसमा पनि एक व्यक्ति जसले घर परिवार राम्ररी व्यवस्थापन गरी सार्वजनिक सरकोकारका विषयमा पनि उस्तै सक्रियताका साथ कार्य गर्दछ भने उसको अतिरिक्त प्रतिभाका रूपमा लिन सकिन्छ । यसरी पारिवारिक संरचनालाई विभिन्न क्षेत्रसँग समाहित गरी सन्तुलनपूर्ण सामाजिक सक्रियताका साथ समाजसेवी सभ्यताको विजाङ्कुरण आफ्नै परिवारमा गराउन सफल न्यायाधीश नन्दप्रसाद एक कुशल परिवार व्यवस्थापकका रूपमा पनि उभिएको पाउन सकिन्छ ।

# आर्थिक अवस्था

सामाजिक सेवा गर्न पाउँदा हर्षित बन्ने नन्दप्रसादको आर्थिक सम्पन्नताको आधार पुर्ख्यौली सम्पत्ति नै हो । उहाँको पुर्ख्यौली सम्पत्ति प्रशस्त थियो । पछि सोही सम्पत्तिको सहाराले विभिन्न स्थानमा गई अध्ययन अनुभव बटुलेपछि उहाँ स्वयंले केही अर्थोपार्जन गर्न थाल्नुभयो । यसका अलावा हजुरआमा देवीकुमारीले आत्मनिर्भरताको बारे पढाएको पाठले यस क्षेत्रमा अत्यन्त सकारात्मक भूमिका खेल्न सिकाएको छ ।

समाजले विगत या त वर्तमान, जुन समय भने पनि आर्थिक रूपमा सम्मपन्नता भएको व्यक्तिलाई हेर्ने नजर फरक हुन्छ । सामाजिक रूपमा आर्थिक हिसाबले केही तल पर्ने व्यक्ति जहिले पनि कार्य वा अन्य क्षेत्रमा सक्रियताको हिसाबले पनि पछि परिरहेको हामी पाउँछौं । यसैले पनि आर्थिक सम्पन्नता आजको आवश्यकता भएको छ ।

यही अपरिहार्यतालाई पूर्ति गर्नका लागि वर्तमानमा जोकोही नागरिकले पनि पढाईको लक्ष्य राम्रो जागीरका लागि भन्ने बुझ्न थालेको छ । यद्यपि ज्ञान जागिरका लागि मात्र हैन भन्ने विचारका पक्षधर नन्दप्रसाद कमाउने धन मात्र हैन ज्ञान पनि हो भनेर अध्ययनमा सक्रिय रहेको देखिन्छ । यसैले पनि आफ्नो परिश्रमको फल उहाँलाई सकारात्मक मिल्न पुगेको हो भन्न सकिन्छ ।

लोकसेवा प्रवेश गर्नुभन्दा पहिले पनि जागरुक नन्दप्रसादले शिक्षण पेशा अँगालेर अर्थोपार्जनको बाटो अपनाउनुभएको थियो भने त्यसपछि सरकारी सेवामा प्रवेश गर्नुभएको हो । कर्तव्यनिष्ठ एवं इमान्दार कर्मचारीको रूपमा तत्कालिन राजा महेन्द्र तथा राजा विरेन्द्रसमेतबाट सम्मानित नन्दप्रसादको परिवारमा छोराहरूको जागिरको वेतनबाट भएको आम्दानी आफ्नै सक्रियताबाट आर्जित अर्थ नैं पारिवारिक गर्जो टार्ने माध्यम बनेको देखिन्छ ।

सामाजिक सेवाबाहेक आई परेका मुद्दा मामिला हेर्नु, बहश गर्नु तथा समाजमा विभिन्न झै-झगडा मिलाउनु नन्दप्रसादका हालका दिनचर्या हुन् । सर्वोच्च अदालतसम्म नै बहश गर्न पाउने र सक्ने हैसियत भएका नन्दप्रसादको हालको आर्थिक अवस्था पेन्सनबाट आएको रकमबाट पूरा हुने हुनाले त्यति कष्टकर देखिदैन ।

## सरकारी सेवा प्रवेश

संस्कृतबाट मध्यमा गरी इलाहावादबाट बी.ए.पूरा गरेका नन्दप्रसाद नेपालमा फर्केपछि श्रेष्ता अध्ययन (निजामती मध्यमा) पूरा गरी २०१३ सालदेखि कानूनी अध्ययन तथा यसैसँग सम्बन्धित क्षेत्र छनौटमा लागेको देखिन्छ । एक जागिरकै रूपमा भने २०१३ सालमा लोकसेवामार्फत डिठ्ठा पदमा रही कार्यारम्भ भएको थियो भने त्यसपछि २०१६ सालमा डिठ्ठा पदबाट प्रमोशन (बढुवा) भई

सुब्बा तथा जिल्ला न्यायाधीशको रूपमा काम गर्न थाल्नुभयो ।

रुकुमबाट न्यायाधीशको पदबहाली गरेका नन्दप्रसादले जिल्ला न्यायाधीशकै रूपमा झापा, सर्लाही, सिरहा, पाल्पा, उदयपुर, रूपन्देही, दाङ, पाँचथर हुँदै कञ्चनपुरसम्म पुगेर न्यायमूर्तिका रूपमा कार्य सम्पादन गरिसकेको देखिन्छ । असल कामको मूल्याङ्कन पनि असल नै हुन्छ भने झैं पाँचथरमा जिल्ला न्यायाधीश भई कार्यरत पौडेललाई तत्कालीन सरकारले एक तह बढुवा गरी एक कर्मठ, असल र कर्तब्यनिष्ठ न्यायाधीशको रूपमा महेन्द्रनगर सरुवा गऱ्यो । अञ्चल न्यायाधीशको रूपमा महेन्द्रनगर सरुवा भएर वहाँ पुगेपछि उहाँलाई थप कार्य दायित्वबोधको आभाष भयो ।

नन्दप्रसादले पहिले भन्दा अझ दत्तचित्त भई काम गर्न थाल्नुभयो । यही सिलसिला उहाँलाई २०३६ सालमा सम्पन्न जनमत संग्रहमा दा[illegible]को प्रमुख निर्वाचन आयुक्तको जिम्मेवारी दिईयो । सो कार्य पनि नन्दप्रसादले धैर्यपूर्वक शालीन तरिकाबाट सम्पन्न गरेको इतिहासबाट पनि अवगत हुन्छ । त्यहाँ सो जनमत संग्रहमा बहुदलवादीको विजय भएको थियो ।

नेपालको कानूनी प्रणालीमा कुनै पनि कर्मचारीलाई सरुवा बढुवा गर्दा वा कार्य सम्पादन गर्दा सुगममा काम गरेको ब्यक्तिलाई दूर्गम सेवाका लागि दुई वर्ष सरुवा गर्ने र त्यसपछि पुनः सुगम वा राजधानी (वा कार्य गरेको अवधिका आधारमा मन्त्रालय) मा खटाउने प्रावधान छ । साथै, एकपटक दुर्गममा काम गरेको ब्यक्तिलाई लगातार दोस्रो पटक दुर्गममै खटाउने प्रावधान सरुवा बढुवासम्बन्धी ऐन नियममा पाइँदैन र सान्दर्भिक पनि हुँदैन ।

तर अञ्चल न्यायाधीशकै कार्य सिलसिला राप्ती, महाकाली अञ्चलमा समेत अञ्चल न्यायाधीश भई कार्य गरेको सिलसिलामा दुर्गमबाट सुगम र सुगमबाट दुर्गम दिने कानूनी ब्यवस्था हुँदाहुँदै प्रचलित ऐन, नियमविपरीत सरकारले महाकाली अञ्चल न्यायाधीश

भएकै बखत पुनः दुर्गम कर्णाली अञ्चल अदालतमा बढुवा नभई पुनः अञ्चल न्यायाधीशमा नै सरुवा गरी खटाउँदा कर्तब्यनिष्ठ नन्दप्रसादलाई सो कार्य त्यति नियमसम्मत लागेन । त्यसपछि प्रक्रियाभन्दा बाहिर रही गरिएको सरुवाको निर्णय अमान्य भन्दै सेवाको आठ वर्ष बाँकी छँदै अञ्चल न्यायाधीश पदबाट २०४५ सालमा राजीनामा दिएर सरकारी सेवाक्षेत्र पूरा भएको देखिन्छ ।

जव नन्दप्रसाद अञ्चल न्यायाधीशबाट पदीय दायित्वमुक्त हुनुभयो, त्यसपछि पनि कानून क्षेत्रलाई त्याग्न नसकेको भन्ने कुरा उहाँको ब्यवसायिक आकर्षणले प्रष्ट पार्छ । अधिवक्ताको प्रमाणपत्र लिएर गरीब, अःसहाय तथा अनाथहरूका विषयमा आई परेका विभिन्न कानूनी उल्झनहरूलाई सफल र सहज ढङ्गले पूरा गर्नका लागि नन्दप्रसादले निःशूल्क कानूनी परामर्श तथा गरीब र अःसहाय ब्यक्ति स्वयं उपस्थित भएमा वा आवशयक परेको खण्डमा बहश पैरबी नै गर्नेसमेतका कार्यले पनि नन्दप्रसादको न्यायप्रतिको कार्यशीलता घनिभूत भएको पाउन सकिन्छ ।

हालका दिनमा पनि विपन्न वर्गका लागि आफ्ना कानूनब्यवसायी छोराको साथ लिएर निःशूल्क कानूनी सहयोग प्रदान गर्नु उहाँको कानूनी लक्ष्यसँगै गन्तब्य पनि भएको छ । स्वयं नन्दप्रसादबाट प्राप्त जानकारी अनुसार आठ वर्ष लामो सेवा अवधि छँदै अञ्चल न्यायधीशजस्तो गरिमामय पदबाट राजीनामा दिने सम्भवतः उहाँ नै पहिलो नेपाली न्यायाधीश हुनुहुन्छ । साथै, न्याय क्षेत्रमा सो समयमा झापा जिल्लाबाट न्यायाधीश भई कार्य गर्ने सम्भवतः पहिलो ब्यक्तिको रुपमा पनि उहाँको इतिहास लेखिएको देखिन्छ । उहाँ न्यायाधीश हुनुपूर्व झापा जिल्लाबाट कुनै पनि ब्यक्ति न्यायाधीश भई कार्य गरेको देखिदैन ।

शिक्षण पेशा तथा अनेक निजी तवरका जागिरबाट अनुभव बटुलेर खरदारबाट सरकारी सेवा प्रवेश गरेका नन्दप्रसादले जिल्ला न्यायाधीश, अञ्चल न्यायाधीश हुँदै सरकारको तर्फबाट गठित खाद्य

संस्थानमा भएगरेका काम कारवाहीसम्बन्धी छानवीन आयोग-२०४८ र कृषि मन्त्रालय अन्तर्गत "कृषिसम्बन्धी अनियमितता छानवीन आयोग (नकटाझिज)- २०५०" नामक छुट्टाछुट्टै छानबीन आयोगको अध्यक्षसमेत भई कार्य गर्दै राष्ट्रसेवामा उल्लेखनीय योगदान पुऱ्याएको देखिन्छ ।

नकटाझीज प्रतिवेदनले कृषि विकास योजना नकटाझीज धनुषामा भएका आर्थिक अनियमितताहरुका बारेमा छानवीन गर्न नन्दप्रसाद पौडेलको अध्यक्षतामा एक सदस्यीय आयोग गठन गरेको थियो । पौडेल आयोगबाट नकटाझीजस्थित योजनाको गोदामघरमा रहस्यमय ढ[illegible]ले भएको आगलागीका सम्बन्धमा तथ्य पत्ता लगाउने बाहेक वृहद वागवानी केन्द्र नवलपुरमा "कोल्डस्टोर" निर्माण गर्दा भएको अनियमितता र "ड्रिलिङ सामान खरीद"मा भएको भ्रष्टाचारका सम्बन्धमा जाँचबुझ गर्ने अधिकार पनि पाएको थियो ।

प्रतिवेदनले कर्मचारीको मिलेमतोमा कृषि आयोगको गोदामघरमा आगो लगाएको ठहर गर्दै आगलागीबाट भएको करीब ४८ लाख ८८ हजार क्षति सो कार्यमा संलग्न ७ जना कर्मचारीबाट असुल गर्ने ठहर गरेको थियो । यसैगरी ड्रिलिङ सामान खरीदमा पनि करीब २१ लाख ८१ हजार ५ सय रुपैयाँको हिनामिना गरिएको भन्दै त्यसको क्षतिपूर्ति पनि सो कार्यमा संलग्न १४ जना कर्मचारी र ७ जना ठेकेदारहरुबाट असुलउपर गर्ने राय दिएको थियो ।

यसैगरी कोल्डस्टोरमा भएको अनियमितताका बारेमा भने क्षतिपूर्तिस्वरुप २ जना कर्मचारी, प्राविधिक योजनाप्रमुख र ठेकेदारबाट १५ लख ३० हजार ५ सय २१ रुपैयाँ भराउनुपर्ने राय दिएको थियो । *(सुरुचि साप्ताहिक, २०५१, आश्वीन १६ गते आइतवार)*

यसैगरी खाद्य संस्थानतर्फको दुरुपयोगसम्बन्धी कार्यको छानवीन गर्दा नन्दप्रसाद पौडेलको अध्यक्षतामा गठित आयोगले १ अरब १७ करोडको बेरुजु र ४४ करोडको हिनामिना भएको देखिएको प्रतिवेदनमा उल्लेख छ । नन्दप्रसाद पौडेलको सक्रियतामा भएको उक्त छानवीनमा

हिनामिनमा संलग्न विभिन्न व्यक्तिहरुको नाम किटान गरी उनीहरुबाट नै असुलउपर गर्नुपर्नु भनी स्पष्ट उल्लेख गरी करीब १२ सय पृष्ठ लामो प्रतिवेदन श्री ५ को सरकारमा बुझाएको थियो । यसबाट पनि राष्ट्रको ढुकुटी रित्याउनेका विरुद्ध उहाँको सक्रियता झल्कन्छ ।

यसरी काम गर्ने क्रममा तीन दशकलामो अवधिसम्मको सरकारी सेवाका कालमा नेपालका पूर्व मेचीदेखि पश्चिम महेन्द्रनगरसम्म यात्रा गरी सबै क्षेत्रको अनुभव बटुलेका नन्दप्रसादले जागिरबाट अवकाशपछि पनि समाजसेवाका क्षेत्रमा उत्तिकै सक्रिय भई सार्वजनिक सरोकारका क्षेत्रमा थुप्रै कार्य गरेको देखिन्छ । आफू स्वतन्त्र रहेर आफ्नो निजी व्यवसाय गर्नु र सरकारी सेवाका माध्यमबाट राष्ट्रसेवामा टेवा पुऱ्याउनुमा छुट्टै छनक पाइन्छ ।

त्यसमा पनि एउटा स्कूलको शिक्षकदेखि सरकारी अयोगको अध्यक्षसम्मको पूर्ण एवं जिम्मेवार दायित्व सम्हालेका उहाँले जागिरेतर (जागीरभन्दा फरक) जीवनलाई सामाजिक सेवाका क्षेत्रमा समर्पण गर्नुभयो । उहाँका कार्यहरूको लेखाजोखा गर्न यस सानो प्रयासमा सम्भव छैन । यसो हुँदाहुँदै पनि शारांशिक रूपमा भने हामी नन्दप्रसादका बारेमा थाहा पाउन केही अध्ययन आवश्यक देखिन्छ सो अध्ययनका लागि सम्पूर्ण सामग्री एकठ्ठा गर्न त्यति सजिलो त छैन यद्यपि केही प्रयास गरिएको छ । समाजसेवा तथा अन्य क्षेत्रमा युवाकालदेखि हालसम्म नन्दप्रसाद पौडेलले गर्नुभएका विभिन्न काम क्रियाकलापलाई विश्लेषण गर्नु यस सन्दर्भमा उपयुक्त हुन्छ । जसलाई सारांशिक रूपमा यसरी हेर्न सकिन्छ :-

## अ) सामाजिक/राजनीतिक जीवन

नन्दप्रसादको सामाजिक जीवन पूर्ण र प्रशंसनीय तवरको रहेको छ। उहाँ जागिरे जीवन छँदै पनि समाज विकास एवं निर्माणका क्षेत्रमा दत्तचित्त भई लाग्ने व्यक्तित्व हुनुहुन्थ्यो । यसका अलावा शिक्षा, अनुशासन, सभ्यता विकासका क्षेत्रमा समेत अत्यन्त

अभिरुचीपूर्वक क्रियाशील रहने पौडेलले स्थानीय स्तरमा समाजमा मठ-मन्दिर, पाटी-पौवा, बाटो-घाटो आदि निर्माण गर्न पनि उस्तै पसिना खर्चिनुभएको छ ।

छर-छिमेकमा एक सभ्य, इमान्दार नागरिकको उदाहरण दिनु परेमा नन्दप्रसादको नाम अग्रणी रहनु बसाइको स्थान वरपर उहाँको लोकप्रियताको एउटा स्पष्ट प्रमाण हो । समाजमा विभिन्न समयमा अनेक खालका घटना तथा वादविवादहरू हुने गर्दछन् । यी घटनाहरूले कतै समाजको प्रतिष्ठामाथि असर गरिरहेका हुन्छन् भने कतै सोही कारण कैयन व्यक्तिहरू समाजबाटै बहिस्कार हुनुपरेका परिस्थितिजन्य दूर्भाग्यहरू पनि सिर्जना भएका पाइन्छ ।

तर नन्दप्रसाद बसेर रहेको स्थान चाहे त्यो बसोबासका क्रममा होस् वा जागिरका सिलसिला पुगेका स्थानमा नै किन नहोस् उहाँ उपस्थित भएका स्थानमा सबैजसो मिलापूर्ण तरिकाले नै सामाजिकतामा समय व्यतन गरेको देखिन्छ ।

राजनीतिक रूपमा हेर्ने हो भने समग्रमा २०३६ सालदेखि नै नन्दप्रसाद बहुदलीय शासन पद्धतिको स्थापनार्थ कटिवद्ध भएको र प्रजातान्त्रिक बहुदलियताको पक्षधर रहेको पाइन्छ । ०३६ सालमा जनमत संग्रहमा बहुदलवादीको सफलताका लागि झापाको व्यक्ति पश्चिम दाङ पुग्दा पनि निर्धक्क सक्रिय हुनु उदाहरणीय कार्य भए पनि तात्कालिक समयमा कम चुनौतीपूर्ण थिएन । यसो हुँदाहुँदै पनि २०४६ साल र त्यसयताका समयमा पनि संसदीय निर्वाचनसमेतको सक्रिय एवं पदीय प्रतिस्पर्धाले केही राजनीतिक चासो भएको व्यक्तिको रूपमा हामी नन्दप्रसादलाई पाउन सक्छौं ।

## आ) पारिवारिक जीवन

भनिन्छ, परिवारको सहयोगबिना कुनै पनि व्यक्ति माथिल्लो स्तरको बन्न सक्दैन । अझ भनौं उसको प्रगतिको द्वारमा भोटे ताल्चा भनेको नै उसको पारिवारिक असहयोग हो । यदि यसो भएमा यही विषयलाई घोंचो बनाई पछि विस्तारै समाजले पनि तगारोहरू बनाउने कार्य गर्न थाल्छ । समयक्रममा यो अवस्था नन्द प्रसादको घरपरिवारमा भने ठीक उल्टो सावित भयो । परिवारले हर तरहमा सहयोग गरी नन्दप्रसादलाई प्रगतिको दौरानमा उत्साह थपिदिएको थियो भन्ने कुरा हालको पारिवारिक मेलबाट पनि प्रष्ट हुन सकिन्छ । पारिवारिक जीवन पनि उहाँको एउटा फरक तर अचम्म लाग्दो छ । घरमा छोराछोरी तथा श्रीमति, शाखा सन्तानको प्रचुरता र त्यसमाथिको जिम्मेवारी हुँदा पनि उहाँले सबै परिवारका सदस्यको कार्य बाँटफाँट गरी सन्तुलित रूपमा अघि बढाउनुभएको र सबैमा सन्तुष्टिको वातावरण सिर्जना गर्नुभएको देखिन्छ ।

यति भएर पनि समाजको चासोको तुलना परिवारको ख्याल कम गर्ने नन्दप्रसाद परिवारमा केही समस्या आइ परेमा घरका अन्य सदस्यलतई अह्राएर वा आफू केही समय खटिएर अरू समय सार्वजनिक काममा नै लगानी गर्ने गरेको कुरा उहाँको हालको कार्यतालिका एवं व्यस्तताले प्रष्ट हुन सकिन्छ । तर पनि उहाँको पारिवारिक तथा साँस्कृतिक पक्ष भने अत्यन्त बलियो तर जागरुक र सचेत नागरिकको भूमिकामा रहेको कुरा उहाँसँग सम्पर्कमा रहेको जोसुकैले पनि सजिलै भन्न सकिन्छ ।

✍ *रेणुका भट्टराई*

# सामाजिक सेवा प्रवेश

चौबीस वर्षे ठिटो नन्दप्रसादले सामाजिक सेवाका क्षेत्रमा यति दीर्घकालीन बाटोको सोच बनाउलान् ? भन्ने कुरामा शंका उब्जिरहेका बेला २०१२ सालमा पहिलोपल्ट समाजमा केही गर्ने लक्ष्यलाई अघि बढाउनुभयो । हामी भानुभक्तलाई नेपाली पद्य साहित्यका आदिकवि भनेर चिन्छौं तर उनलाई आदिकवि बन्ने प्रेरणा दिने को ? भनेर सोध्ने हो भने एउटा मात्र उत्तर आउँछ-घाँसी । आखिर घाँसी को हुन् ? भन्ने हामी जान्न चाहँदैनौं कि ? भन्ने जिज्ञासाले नन्दप्रसादलाई पोल्न थालेको अनुभव उहाँका कार्यबाट बुझ्न सकिन्छ।

इतिहास अनुसार "घाँसी" नाम दिइएको खास व्यक्ति लमजुङको एक गाउँका किसान थिए । उनले सधैंजसो घाँस काट्ने र त्यतिबेलाका हुनेखानेहरुको घरमा लगी उनीहरुका गाईवस्तुलाई खुवाउने आहाराको व्यवस्था गरिदिन्थे । अर्कातिर धन हुनेहरुले सो घाँस लिएवापत् घाँसीलाई केही पैसा दिएर पाठाउँथे । किसानले दैनिक जम्मा भएको पैसाबाट केही बचाएर भोलि जीवन्त हुने सामाजिक काम गर्ने भनी सोच बनाई कुवा, इनार तथा पाटी, पौवा र चौतारोहरु निर्माण गर्ने योजना पालेको रहेछ । उसले घाँस काट्ने दिनचर्यामा भानुभक्त आफ्नो सुसराली तथा मावली जाने बेला आकलझुकल बाटोमा भेटने हुँदा चिनारी भएको रहेछ । उनी दुई भेटहुने गन्तव्य भनेको त्यही पानी पँधेरो नै रहेछ ।

यही क्रममा एकदिन भानुभक्तले आफ्नो मावली जाँदा बाटोमा निकै गर्मीका कारण तिर्खा लागेर एउटा रुखको मुनी रहेको सोही कुवामा पानी खान गएका बेला घाँसी पनि त्यहाँ पुगेको हुन्छ । उसलाई देखेर भानुले सोधेछन्-

ए घाँसी १ तिमीले सधैं घाँस काटिरहन्छौं । तर यो घाँस लगि के गर्छौ ?

भानुभक्तको यस प्रश्नले घाँसीले गम्भीर भएर भन्यो–

हे भानु ! तपाइँ घरमा सबै कुराले सम्पन्न हुनुहुन्छ । तर तपाइँले आफ्नो सम्पत्ति घरमा नै राख्नुभएको छ । तपाइँ जीवित छउञ्जेल त त्यसले काम गर्ला तर मरेपछि भने कुनै सम्पत्ति पनि तपाइँका साथ जाँदैन । जान्छ त केवल तपाइँले गरेको परोपकारी काम मात्र । मैले यो घाँस काटेर बिक्री गर्छु र त्यसबाट आएको पैसाले सामाजिक केही काम गर्ने धोको छ । मसँग मनग्गे पैसा छैन । यतिले के नै पुग्छ र ! तर तपाइँसँग त यसको कमी छैन । त्यसैले समाजको लागि केही परोपकारका काम गर्नुभयो भने त्यसबाट भोलि मरेर गएपछि पनि पछिल्ला पुस्ताले तपाइँलाई सम्झनेछन् ।

घाँसीको यस्तो गहन र मर्मस्पर्शी कुराले भानुभक्त सोचमग्न हुँदै मावलीतिर लागेछन् । घर फर्केपछि त्यही घाँसीको अर्तीले उनले पहिलोपटक लेखेको भनिएको कवितांश यस्तो थियो ः

भरजन्म घाँसतिर मन दिई धन् कमायो
नाम क्यै रहोस् पछि भनीकन कुवा खनायो
घाँसी दरिद्र घरको तर बुद्धि कस्तो
मो भानुभक्त धनी भैकन आज यस्तो

यही उपदेशका कारण आज भानुभक्त आम हिन्दुमात्रका लोकप्रिय एवं नेपाली साहित्यका आदिकविको रुपमा इतिहासमा चिनिएका छन् तर उनलाई यस मार्गतिर लाग्न प्रेरणा दिने घाँसीको कुनै सम्मान छैन ।

यही कटुसत्यलाई मनन गरी समाजसेवामा लाग्न हौसिएका नन्दप्रसादले झापा भद्रपुरमा बाटो निर्माण गराई त्यसलाई भाषा साहित्यका एकीकरणकर्ताका रूपमा अहं भूमिका खेल्ने भानुभक्तलाई सल्लाह दिने उनै घाँसीका नाममा सो बाटोलाई "घाँसीरोड" नामाकरण गर्नुभयो । यसरी उहाँले नामाकरण गरेकै बाटोमा हाल मेची

अञ्चल अस्पताल निर्माण भई सञ्चालनमा रहेको छ । यतिमात्र हैन, समाजसेवी कार्य गर्दै गर्दा नन्दप्रसादले आफू बस्ने घरको नाम पनि घाँसी निवास राख्नुभयो । यस कार्यले पनि सार्वजनिक सेवामा उहाँको कत्तिको चासो छ भन्ने कुरा पनि यसले उजागर गर्छ । २०१२ सालमा नैं "घाँसीरोड" बनाई भानुका साथै घाँसीलाई पनि अमर राख्ने प्रयास गर्नुभयो ।

यसपछिका उहाँका दिनहरू एकातिर जागिरलाई उदाहरणीय बनाउँदै लैजाने जिम्मवारी थपिदै जान्छ भने अर्कातिर "घाँसीरोड" को नामाकरणपछि समाजले बोकाइदिएका विभिन्न जिम्मेवारीका भारीहरूको उचित र सम्मानित व्यवस्थापन गर्ने चुनौती थपिदै जान्छ । जागिर र समाजसेवालाई एकसाथ हाँक्नुलाई कम आँक्न सकिदैन ।

नन्दप्रसाद समयक्रमसँगै जति छिप्पिदै जानुहुन्छ उति नै उमेरसँगै सामाजिक, सरकारी एवं पारिवारिक जिम्मेवारी पनि चुलिदै जान्छन् । विकास निर्माणका क्षेत्रमा मात्र नभई बिस्तारै उहाँले शैक्षिक विकासको बाटोलाई आत्मादेखिनै अङ्गिकार गरेर अघि बढ्नुभयो । यसले पौडेललाई केही नगरी बस्नै नसक्ने जाँगरिलो बनाइदियो । यसै जिम्मेवारीपश्चात् नै दिउँसो निद्रामा लठ्ठिने उहाँको बानी पत्तासाफ भएर गयो । उहाँमा एउटा छुट्टै केही गरुँ, केही बनूँ भन्ने भावनाको पालुवा पलाएर आउन थाल्यो जसले गर्दा उहाँ हरेक पाटोबाट झनै सक्रिय रहँदै जान सजिलो भयो । यही सक्रियताको एक उदाहरणका रूपमा सामाजिक सक्रियतालाई लिन सकिन्छ ।

भनिन्छ, शिक्षाले मानिसलाई समस्यासँग निडर भई मुकाविलासहित जुझ्न सहयोग पुऱ्याउँछ । अझ पुरुषको तुलना नेपाली परिप्रेक्ष्यमा पछि परेका महिला जगतमा फैलिएको शिक्षाले एउटी महिला मात्र नभएर सिङ्गो परिवारलाई परिचालन गर्ने क्षमताको विकास हुन्छ । यसै तथ्यलाई मनन गरी नन्दप्रसादले विशेषगरी प्रौढ युवा विद्यार्थीको

शिक्षा कै लागि भनी आफ्नै अध्यक्षतामा "वादविवाद समिति" नामक संस्था स्थापना गर्नुभयो । यसै संस्थामार्फत् सामाजिक सक्रियताका लागि यी सबैलाई गोलबन्द गरी विभिन्न समूहमा छलफल चलाउने कार्यमा पनि उहाँ सक्रिय हुनुभयो ।

यसको केही समयपछि नै महिलालाई यतिमा मात्र सीमित राख्नु न्यायसंगत हुँदैन भन्ने निर्णयका साथ उनीहरूलाई अनौपचारिक शिक्षाको सहायताबाट साक्षर बनाउने लक्ष्य अघि सऱ्यो । यही लक्ष्य अनुरूप नन्दप्रसादले स्कुल जान नसकेका युवा समूहको शिक्षाकै लागि भनी "प्रौढ रात्री पाठशाला" को पनि स्थापना गर्नुभयो । यसको स्थापनापछि केही महिला यस युवा पाठशालाबाट लाभान्वीत भए । फलस्वरूप श्री नन्दप्रसादले महिलाहरू उमेर बढ्दै जाँदा शिक्षा लिन कठिन हुने र शुरुदेखि अध्यापन गराउन सके भविष्य राम्रो हुने ठानी आफू ज्वाइन्ट सेक्रेटरी भई झापामै "शारदा बालिका विद्यालय" को स्थापना गरेको देखिन्छ ।


यही विद्यालय हाल माध्यमिक स्तरसम्म पढाई हुने विद्यालयका रूपमा सेरोफेरोमा चिनिएको छ । यसै स्कूलमा नन्दप्रसादकी श्रीमति राधादेवीले तीन वर्षसम्म अध्ययापन गरेको पनि देखिन्छ । तात्कालिक समयमा शारदा बालिका स्कूलबाट धेरै महिलाहरू लाभान्वीत मात्र भएनन् सोही विद्यलयमा अध्ययन गरेका केही नारीहरू राष्ट्रिय स्तरमै महत्वपूर्ण पदहरूमा समेत पुगिसकेको यथार्थ नन्दप्रसाद स्वयं बताउनुहुन्छ । यो कार्यबाट नन्दप्रसाद शिक्षासेवीका रूपमा पनि सम्बोधन योग्य ब्यक्तित्व भएर उभिएको प्रष्ट हुन्छ ।

# वादविवाद समिति र यसको प्रभाव

समाजको सेवा गर्ने मानिस जहिले पनि आलोचित हुँदै गर्छ । तर समाजमा जहिले पनि अप्ठेरो अवस्थामा मात्र उसको आवश्यकता महसुस गरिन्छ । यही बेला २०१२ सालतिर समाजसेवाको उत्कट चाहना भएका नन्दप्रसादले समाजका लागि केही गर्ने र समाजलाई शैक्षिक चेतनाको घामबाट ज्वाभ्मल्यमान गराउने लक्ष्यका साथ झापा भद्रपुरमा एउटा जमघटस्थल बनाउने कार्य गर्नुभयो। त्यसको नामाकरण के गर्ने ? भन्ने विषयमा उहाँले धेरै सोच विचार गर्नुभयो । उहाँको यो काम गर्ने सोचाईलाई धेरै मानिसले मन पराए । नन्दप्रसादले धेरै कुरा विचार गरी जमघट र छलफल हुने स्थलका रुपमा रहने हुनाले यसको नाम “वादविवाद समिति” भनी राख्नुभयो ।

बि.सं. २०१२ सालतिर स्थापित यस बादविवाद समितिले स्थानीय युवाहरुको समूह बनाएर सामाजिक एवं समसामयिक विषयमा पक्ष विपक्ष भई वादविवाद गर्ने र त्यसबाट प्रतियोगितात्मक रुपमा बोल्ने अभ्यास एवं तार्किक शक्तिको विकास गर्ने लक्ष्य राखेको थियो । यस कार्यबाट त्यतिबेला युवाहरु धेरै आकर्षित भएर सहभागी भएका थिए । साथै संस्थापक सभापतिको हैसियतले नन्दप्रसादले सबैजसो खर्चवर्चसमेत आफैबाट जोडजाम गरी भद्रपुरका स्थानीय युवाहरुलाई सहभागी बनाउने कार्य गर्नुभयो । शुरुमा ४ जना पक्षमा र ४ जना विपक्षमा रही तर्क वितर्कसाथ वादविवाद प्रतियोगितामा वक्ताका रुपमा रहने यस कार्यले बोल्ने शक्ति तथा तर्क र समाजमा भए गरेका कार्यको विश्लेषण गर्ने शक्ति ती युवाहरुमा पलाएर आउन थाल्यो । छोटो समयमा नै युवाहरुको शैक्षिक चेतना विकास हुँदै गयो भने उनीहरुमा बढ्दो निराशालाई उत्साहमा परिणत गर्ने कार्य पनि समाजसेवी पौडेलको यस कार्यले गरिदियो ।

यसरी बादविवाद समितिको संस्थापक सभापति भई कार्य गरेको


वादविवाद समितिले जन्माएका अन्य संस्थाहरू
नन्दप्रसाद पौडेल
सभापति
वादविवाद समिति
शारदा बालिका विद्यालय
रात्री प्रौढ पाठशाला
लक्ष्मी स्मृतिभवन
प्रकाशनगर बजार
'प्रकाश' पत्रिका

यस वादविवाद समितिले समाजलाई समायानुकुल शिक्षा प्रदान गर्ने कार्य गरेको देखिन्छ । पछि यही वादविवाद समितिबाट उत्पादित युवा जनशक्तिले झापा भद्रपुरको स्थानीय पुरानो "लालमाटी" भन्ने स्थानलाई वादविवाद समितिबाट शिक्षा र चेतनाको प्रकाश छरेको भन्दै यो रहेको स्थान लालमाटीको नाम परिवर्तन गरी "प्रकाशनगर" राखियो । यसबाट स्थानीय युवाहरुले आफूले पनि केही गर्नुपर्छ भन्ने योजना बनाउन थाले । बसन्तकुमार खड्कालगायतका व्यक्तिहरुले यस स्थानबाट केही समयको अन्तरालपछि "प्रकाश" नामक पत्रिकासमेत प्रकाशन गरेको देखिन्छ । जसका सम्पादकद्वय बसन्तकुमार खड्का र नारायणप्रसाद पराजुली थिए । पत्रिका प्रकाशन हुनु र प्रकाशनगर नाम अगाडि आउनुमा नन्दप्रसादद्वारा स्थापित वादविवाद समितिको प्रत्यक्ष वा परोक्ष भूमिका रहेको स्पष्ट हुन्छ । यसरी नन्दप्रसाद पौडेलमार्फत् यी लगायत समाजमा धेरै सकारात्मक कामहरु हुँदै गएको हामी इतिहासबाट जानकारी मिल्छ ।

केही नगरी बस्न नसक्ने सामाजिक भावनाका व्यक्ति नन्दप्रसादले २०१३ सालतिर शिक्षाको अभावमा तड्पिरहेको भद्रपुरलाई ज्ञानरश्मीले झलमल्ल पार्ने कार्यको योजना बनाउनुभयो । समाजसेवी नन्दप्रसादले अन्य शिक्षाको अभावमा आफ्नै श्रीमति राधादेवी पौडेललाई शिक्षिकाका रुपमा राखी "शारदा बालिका विद्यालय" आफैले नाम पनि जुराई एक विद्यालयको स्थापना गर्नुभयो । यस विद्यालयका संस्थापक सभापति लप्टन गङ्गाप्रसाद खत्री रहनुभएको थियो । सेक्रेटरीमा बसन्तकुमार खड्का हुनुहुथ्यो भने ज्वाइन्ट सेक्रेटरी (सहसचिव) अगुवाका रुपमा रहेका नन्दप्रसाद स्वयं रहेको देखिन्छ । यस विद्यालयले स्थानीय बालकालिकाहरुलाई पठनपाठन गर्ने कार्य गर्दथ्यो । त्यो बखतमा ठूलो दुःख गरी आफैले पसिना चुहाई स्थापना गरेको सो विद्यालय अद्यापि गुणस्तरीय शिक्षा प्रदान गर्दै सञ्चालन भएको विद्यालयको रुपमा रहेको छ ।

वहाँ यत्तिमा सीमित रहनुभएन । शारदा बालिका विद्यालय

साना बालबालिकाका लागि थियो भने अर्ध-वयस्कहरुका लागि "प्रौढ रात्री पाठशाला" को स्थापना गर्नुभयो । नन्दप्रसाद पौडेलकै सहभागिता र सक्रियतामा उमेर पाको भएका तर दिउँसो विद्यालय जान नभ्याउने व्यक्तिहरुलाई पनि शिक्षित बनाउने लक्ष्यका साथ शारदा बालिका विद्यालयको भवनमा नै अध्यापन गर्नेगरी पारिश्रमिक नै नलिएर दुई वर्षसम्म प्रधानाध्यापक तथा सचिवको समेत कार्यभार सम्हाली आफूले सोही रात्री प्रौढ पाठशालमा अध्यापन पनि गर्नुभयो ।

यसपछि सो रात्री प्रौढ पाठशाला सञ्चालनमा आएकै बखत नन्दप्रसाद पौडेलले सरकारी सेवामा जानुपर्ने भयो । यसले प्रोढ रात्री पाठशालालाई बन्द गर्नुपर्ने वा विकल्प दिनुपर्ने अवस्था सिर्जना भयो । तर नन्दप्रसाद पौडेलले स्थानीय जागरुक व्यक्ति भाइ होमप्रसाद पौडेललाई जिम्मा लगाई आफू सरकारी सेवामा जानुभयो । उहाँका भाई होमप्रसाद पौडेलले पनि लामो समयसम्म यस पाठशालामा अध्यापन कार्य गरेको देखिन्छ । यस पाठशालाले त्यतिबेला आफ्नो नाममा उद्योगपति पिताम्बर मोहपालद्वारा दिएको ६ का जमीनसमेत प्राप्त गरेको थियो । पछि तात्कालीन श्री ५ को सरकारले नयाँ शिक्षानीति ल्याएर लागू गरेपछि पाठशालाको स्वामीत्वमा रहेका फर्निचर तथा अन्य सबैजसो चलअचल सम्पत्तिका रुपमा रहेका सामग्री अधिग्रहण गरी सरकारको स्वामीत्वमा रहने गरी भद्रपुर नगरपालिकाले लिएको जानकारी हुन्छ । यसको आवश्यकताको महसुस गर्ने अवस्था र वातावरण पनि सोही वादविवाद समितिले नै गरेको देखिन्छ । यस समितिले गरेका कामका कारण शिक्षित एवं प्रवुद्ध वर्गले यस स्थानमा रहेका अनपढ तर उमेर पाकेका नागरिकहरुले अध्यापन गर्ने गर्नुहुन्थ्यो ।

समाजसेवी नन्दप्रसाद पौडेलले समाजको सेवाका लागि साहित्य क्षेत्रमा काम गरेका उच्च व्यक्तिको पनि सम्मान गर्ने विचार गर्नुभयो । त्यसमा कसको बारेमा के काम गर्ने भन्ने विषय अन्योलमा नै रहेका बेला स्थानीय जागरुक व्यक्ति बसन्तकुमार खड्कालाई

सभापति बनाएर लक्ष्मीप्रसाद देवकोटाको बारेमा केही गर्ने योजना भयो । त्यसपछि आर्थिक समस्यालाई पूरा गर्नका लागि तिहारमा द्यौसी भैलो खेली आर्थिक संकलन गर्ने योजना भयो ।

यसमा सभापति खड्का मारुनी (महिलाको पहिरनमा सिँगारिएर नाँच्ने व्यक्ति) बनेर द्यौसीमा नाँचगान गर्ने र मादल बनाउँदै लोकगायकका रुपमा स्वयं नन्दप्रसाद कटिवद्ध भएर लागी पर्नुभएर गरी आर्थिक संकलन गरिएको थियो । सो समयमा पनि द्यौसीभैलो कार्यक्रमबाट १ हजार सात सय रुपैयाँ संकलन भएको थियो । यही रकमको सहायताबाट नन्दप्रसाद पौडेलकै सक्रियतामा बसन्तकुमार खड्का सभापति भई लक्ष्मीप्रसाद देवकोटाका नाममा भवन बनाउने र साहित्यकर्म गर्नेगरी द्यौसीबाट आएको पैसाले जग्गा किन्ने कार्य भयो । यसपछि स्थानीय एक उद्योगपति स्व.जयनारायण सरियाको सहयोगमा सोही जग्गामा लक्ष्मी स्मृति भवन निर्माण गरियो  जुन अद्यापि छँदैछ ।

यसरी सञ्चालित सदनमा डिल्लीराम निर्भीक, एस.एल.शर्मा तथा नन्दप्रसाद पौडेलको अनुरोधमा विराटनगर निवासी श्री श्याम अधिकारी (हिडपाली साहिंलो) को सक्रियतामा लेखनाथ पौडेल, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, सिद्धिचरण श्रेष्ठ, महानन्द सापकोटा समेत पाँचजना कवि महाकविहरुको अर्धकदको शालिक निर्माण पनि भएको छ ।

यसरी समाजसेवी नन्दप्रसादले स्थापना गरेको वादविवाद समितिको कार्यबाट शिक्षाको उज्यालो फैलिएका कारण सो क्षेत्रमा अनेक कार्यहरु हुन सफल भए । हालका दिनमा यी संस्थाहरु सक्रिय रुपमा सञ्चालित रहँदै आएका छन् ।

# अन्य सामाजिक सक्रियता

नेपाल शदीयौंदेखि राजतन्त्रात्मक पद्धतिमा हुर्केको राष्ट्र हो । यहाँ शाहवंशपूर्व पनि कैयन राजाहरूले शासन गरेको इतिहास हामी पढ्न पाउँछौं । शाहवंशको प्रादूर्भावले गोर्खाबाट शासकीय परम्परा आरम्भ भए पनि वास्तवमा राम शाहका वंशज पृथ्वी नारायण शाहको राज्य एकीकरणको दूरदर्शी अभियान  नभएको भए सायद आजको यस सम्प्रभू राज्यको अवस्था र आकार पनि हामी देख्न सक्दैनथ्यौं होला । यसले नेपाली मात्रको गौरव बढाएन बरु विश्वमा नेपाल नामको एक स्वतन्त्र राष्ट्र छ भन्ने कुराको ज्ञान सारालाई दिलाउन सफल भयो ।

यस्तो दूरगामी प्रभावशाली कार्यको थालनी गर्ने राजा पृथ्वीनारायण शाहलाई एक राजाको रूपमा नहेरी नेपाली राज्य निर्माणको अभियानमा सक्रिय भूमिका निर्वाहकको रूपमा हेर्ने गरिन्छ, यसैले पनि पृथ्वीनारायण शाहलाई "राष्ट्रनिर्माता"को उपमासहित राष्ट्रिय विभूति घोषणा गरिएको हो । यस्ता व्यक्तित्वबाट प्रभावित भई नन्दप्रसादले पृथ्वीको चिरस्मरणका लागि झापा भद्रपुरमा उनको पूर्ण कदको शालिक निर्माण गर्न लगाउनुभयो जसको निर्माण समितिको सभापति पनि उहाँ नै रही निर्माण कार्य सम्पन्न भएको थियो ।

यस्तै भाषा साहित्यको एकीकरणमा उल्लेख्य योगदान पुऱ्याउने व्यक्ति भानुभक्तका कर्मगुरु घाँसी,का नाममा सडक निर्माण गरी सह्रानीय कार्य गर्नुभयो भने उनै भाषासेवी लक्ष्मीप्रसाद देवकोटाको समेत कदर गर्न बिर्सनुभएन ।

वास्तवमा साहित्य भावनामा मात्र गासिएको हुँदैन । बरु समाजको यथार्थ चित्रणसहित सामाजिक अग्रगमनमा सहयोग पनि पुऱ्याउँछ । यस्तो भाषाको माध्यमबाट सम्पूर्ण नेपाली र नेपालको भविष्य उज्यालोतिर लाने लक्ष्मीप्रसाद देवकोटाको सम्मान गर्नु पनि

नेपाली साहित्य र भाषा, संस्कृतिप्रतिको माया हो भन्ने बुझ्न सकिन्छ । देवकोटाले आफू आधा पेट खाएर पनि कविताको पोको तयार पार्थे । रातभर नसुतेरै भाषाको श्रीवृद्धिका लागि काम गर्थे । परोपकारको बाटोलाई अघि बढाउनका लागि सकेसम्म काम गर्ने चेष्टा उनमा थियो ।

यही कारण पनि देवकोटा नेपाली साहित्यको आकाशमा नअस्ताउने नक्षत्रका रुपमा रहेका छन् । यस्ता व्यक्तिको सम्मानमा नन्दप्रसाद पौडेलले झापा चन्द्रगढीमा शालिक निर्माण गरिदिनुभयो । देवकोटा स्मृति भवनको निर्माण समितिले देवकोटासम्बन्धी खोज अनुसन्धान गर्ने लक्ष्यअनुरुप थालनी गरेको कार्यलाई आफू संस्थापक सदस्य समेत रही सो भवनको अघिल्तिर अर्धकदको शालिक आफ्नै खर्चमा निर्माण गरी सौजन्य स्वरुप प्रदान गर्नुभयो । उक्त अनावरण गरिएको देवकोटोको शालिक रहेको स्थानलाई “देवकोटा चोक”को नामले चिनिन्छ । सो शालिकको संरक्षण हाल देवकोटा स्मृति भवन संरक्षण समितिले गरेको छ ।

यसरी साहित्यका हस्ती देवकोटाको शालिक आफ्नै खर्चमा तयार गरी अनावरणपछि देवकोटा स्मारक संरक्षण तथा विकास समितिलाई जिम्मा लगाउने कार्य स्वयं नन्दप्रसाद पौडेलबाट हुनु प्रशंसनीय छ । जसको निरन्तरतास्वरूप हाल उहाँ यस संस्थाको संस्थापक तथा आजीवन सदस्य पनि रहेको देखिन्छ । हाल सञ्चालक समिति शम्भु ढकालको सभापतित्वमा हिरा पोखरेल, भवानी ढकाल आदिको सक्रियतामा निरन्तर प्रगति उन्मुख छ । यसका साथै नन्दप्रसादले गरेका कैयन कामहरु खोजी हुन सकेको छैन जुन स्थानीय बौद्धिक वर्गले तदारुकता देखाउनु आवश्यक छ । भाषा साहित्यको संरक्षणप्रति पौडेलको रुचिबारे पछिल्ला भागमा चर्चा गर्दै लगिनेछ ।

महाकवि देवकोटाको शालिक दाताका रूपमा सार्वजनिक भएपछि नन्दप्रसाद एक न्यायाधीश मात्रको दायरामा रहनुभएन । उहाँ एक

भाषासेवीसमेतका रूपमा परिचित हुनुभयो । यसले उहाँलाई सामाजिक सेवाका क्षेत्रमा थप क्रियाशील हुने वातावरण बनायो । यही सिलसिला शिक्षा क्षेत्रमा झापाको मेची क्याम्पस भवन निर्माण कार्यमा पनि उहाँको उत्तिकै आर्थिक योगदान रह्यो । साथै नेपाल रेडक्रस सोसाइटी झपा, चन्द्रगढी उपशाखाको भवन निर्माणका लागि जग्गा तथा केही आर्थिक सहयोगसमेत गर्न पुग्नुभएका नन्दप्रसादका यस्तै दर्जनौं निर्माण सहयोगसम्बन्धी कार्य रहेको देखिन्छ । नन्दप्रसाद पौडेलद्वारा प्रदान गरिएको सोही जग्गामा नेपाल रेडक्रस सोसाईटी, उपशाखा भद्रपुरको भवन निर्माणका लागि हाल उपशाखा सभापति दिब्य भुर्तेल तथा भवन निर्माण समिति सभापति शेषप्रसाद भट्टराई भवन निर्माण कार्यमा तल्लीन हुनुहुन्छ ।

मानिसको सर्वप्रिय वस्तु भनेको उसको स्वास्थ्य र जीवन हो । यही जीवन बचाउन भरमग्दुर प्रयास भएको पनि हामी यत्रतत्र देख्न सक्छौं । अझ आजभोलि त रगतको अभावमा कैयन मानिसहरूले प्राण त्याग गर्न बाध्य हुनुपरेको यथार्थलाई हामी अटेरी गर्न सक्दैनौं । यही दर्दनाक मानवीय संवेदनालाई ध्यानमा राखी झापामै पहिलो रक्त सङ्कलन केन्द्र (ब्लड बैंक) निर्माण गर्ने कार्य पनि नन्दप्रसाद आफै संयोजक भई पूरा गरेको देखिन्छ । यसले झापामा मात्र हैन कि त्यस सेरोफेरोमा रहेका आम नागरिकलाई रगतको अभावमा यसले जीवनदाताको रूपमा कार्य गर्न सहयोगी सिद्ध भएको छ । नेपाल रेडक्रस सोसाईटीको केन्द्रीय सदस्यसमेत भई हाल उहाँले यससम्बन्धी कार्य गर्दै रहनुभएको छ ।

त्यस्तै झापा जिल्ला र यस आसपासका बासिन्दा जो क्षयरोगबाट पिडीत छन्, तिनीहरुलाई उपचारको ब्यवस्था गर्नका लागि एउटा क्षयरोग अस्पतालको निर्माण गर्ने कार्य सोच्नुभयो । आफ्नै अध्यक्षतामा नेपाल क्षयरोग निवारण संस्था झापाको स्थापना गर्नुभयो । आफू संस्तापक भई स्थापना भएको सो संस्था हाल पनि क्रियाशील रहेको छ ।

यसैगरी आध्यात्मिक अनुशासनका दृष्टिले मन्दिरलाई मुख्य आधार मानिने ठहर गर्दै झापामा स्थापित वेद विद्याश्रमको परिसरमा आफ्नै लगानी एवं सक्रियतामा नन्दप्रसादले तुलसी मोठ निर्माण गरी सहयोग गर्नुभयो भने अन्य दर्जन बढी विकास निर्माणका कार्यमा आर्थिक, भौतिक तथा नैतिक सक्रियताका साथ आफ्नो संलग्नता देखाएको पाइन्छ ।

आखिर समाजको जसले निष्ठापूर्वक सेवा गर्दछ र आफ्नो जीवनको अभिन्न अ□का रूपमा समाजसेवालाई व्यवहारिक रूपमा देखाउन सफल हुन्छ, उही व्यक्ति सदा सर्वदा जिउँदो रहन्छ र समाजको पनि प्रशंसाको पात्र बन्दछ । यही लक्ष्य प्राप्तिका लागि लम्किएका नन्दप्रसाद पौडेलका विभिन्न संलग्नता एवं सक्रियतालाई बुँदागत रूपमा विश्लेषणसहित यसरी हेर्न सकिन्छ :-

१) भद्रपुर अस्पतालरोड खोली यसलाई २०१२ सालमा आफैद्वारा "घाँसीरोड" नामाकरण ।
२) "वादविवाद समिति" नामक संस्थाको संस्थापक अध्यक्ष ।
३) विशेषगरी नारी शिक्षामा जोड दिई प्रौढ रात्री पाठशालाको साथै "ज्वाइन्ट सेक्रेटरी" शारदा बालिका विद्यालयको स्थापना ।
४) झापा भद्रपुरमा "लक्ष्मी स्मृति भवन" निर्माण कार्यमा विशेष योगदान गरेको ।
५) झापा भद्रपुरमा राष्ट्र निर्माणका नायक पृथ्वीनारायण शाहको शालिक निर्माण तथा स्थापना समितिको सभापति भई शालिक निर्माण कार्य सम्पन्न गरेको ।
६) नेपाल रेडक्रस सोसाइटी झापाको ब्लडबैंक निर्माण समितिको संयोजक भई ब्लड बैंक भवन बनाएको ।
७) नेपाल रेडक्रस सोसाइटीको जिल्ला समिति सदस्य, केन्द्रिय समितिको सदस्य हुँदै रेडक्रसको सर्वोच्च उपाधि "यशस्कर"ले विभूषित साथै आजीवन सदस्य ।

८) नेपाल रेडक्रस सोसाइटी झापा चन्द्रगढी भद्रपुर उपशाखा भवन निर्माणका लागि आवश्यक जग्गा सहयोगस्वरूप प्रदान ।

९) भुटानी शरणार्थी सहयोग कार्यक्रम जिल्ला समिति झापाको सदस्य ।

१०) नेपाल क्षयरोग निवारण संस्था झापाको संस्थापक ।

११) नेपाल भूतपूर्व निजामति कर्मचारी संगठन मेची,को अञ्चल अध्यक्ष ।

१२) बी.पी. ग्रामीण विकास तथा सेवाकेन्द्र झापा-१, भद्रपुर, को संयोजक भई ट्युबेल र बैशाखी वितरण गरेको ।

१३) मेची अञ्चल अस्पताल विकास समिति, भद्रपुरको सदस्य ।

१४) विद्धत परिषद झापाको जिल्ला समिति सदस्य ।

१५) मेची क्याम्पसको हाताभित्र विज्ञान संकाय भवन निर्माणमा सहयोग ।

१६) पृथ्वी नि.मा.वि.भद्रपुरको व्यस्थापन कार्यमा सक्रिय ।

१७) नेपाल अर्वुधरोग निवारण संस्था झापा,को संस्थापक सदस्य ।

१८) नेपाल परिवार नियोजन संघको आजीवन सदस्य ।

१९) सनातन हिन्दु धर्म सेवा समिति भद्रपुरको नगर सभापति ।

२०) सार्वजनिक रूपमा आफ्नै सक्रियतामा स्थानीय सगरमाथाचोक, राममन्दिर, गणेशमन्दिर तथा सार्वजनिक स्थलसमेतका स्थानमा चार पटकसम्म सार्वजनिक चौमासा पुराण सम्पन्न । साथै आफ्नै घर आँगनमा समेत दुईपल्ट ब्रह्म पुराणलगायत सप्ताह लगाई धार्मिक कृत्यबाट समाजमा आपसी सहिष्णुता जागृत गर्न सहयोग पुऱ्याएको । यसरी सञ्चालित पुराण सप्ताह वाचन कार्यको आयोजना गर्ने कार्यमा नन्दप्रसादले आफूले सभापति भई कैयन पटक मुख्य भूमिका निर्वाह गर्नुभएको पाइन्छ ।

२१) सगरमाथा चोक भद्रपुरमा स्थापना भएको सागसब्जी किन्ने हाटबजारको संस्थापक एवं वर्तमान सभापति ।

२२) झापा चन्द्रगढीमा देवकोटा स्मृती भवन अगाडि आफ्नै खर्चमा लक्ष्मीप्रसाद देवकोटाको शालिक निर्माण गरी स्मृतिभवनलाई सौजन्यस्वरुप समर्पित गरेको ।

२३) नेपाल रेडक्रस सोसाईटीको केन्द्रिय सदस्य भएका बखत पूर्वका दमक, चन्द्रगढी, चकचकेसमेतका धेरै स्थानमा उपशाखा कार्यालयको निर्वाचन सम्पन्न गराउने कार्य भएको ।

२४) सोही समयमा केन्द्रको निर्देशानुसार नेपाल रेडक्रस सोसाइटीको तीन–तीन पटकसम्म स्थगित भई निर्वाचन हुन नसकेको सप्तरी जिल्ला शाखाको निर्वाचन सौहार्दपूर्ण वातावरणमा सम्पन्न गराएको ।

२५) पाँचथर जिल्ला न्यायाधीश भएका बखत फिदिम बजारमा शिबालय मन्दिर स्थापना तथा निर्माण कार्यमा सहयोग गरेको ।

यसरी कैयन कार्यमा नन्दप्रसादको भौतिक संलग्नताले एकातिर कार्य सम्पन्न गर्न सजिलो भएको छ भने अर्कातिर उमेरको हिसाबले पनि आफू भन्दा जेष्ठ नागरिकले यसरी कार्य गरेको देख्दा अन्य युवावर्गलाई काममा सक्रिय सहभागिता गराउनका लागि यसले उल्लेख्य भूमिका निर्वाह गरेको प्रष्ट हुन आउँछ । नन्दप्रसादले आफू मात्र नगरी सो कार्य गर्न भोलिका जिम्मेवार नयाँ पिँढीलाई समेत पटकपटक उत्साह दिने गर्दै जानुले सो क्षेत्रको विकास कार्य पनि तीव्र रूपमा अघि बढिरहेको छ भन्न सकिन्छ ।

## भाषा, साहित्यसेवामा नन्दप्रसाद

नेपालको भौगोलिक एकता गर्ने जश जसरी राजा पृथ्वी नारायण शाहलाई जान्छ, त्यसरी नै भाषाको एकीकरण गर्ने श्रेय चाहिँ भानुभक्तलाई जान्छ । यस्ता भानुभक्तको बाटोलाई सम्मान र सफा गर्ने कार्य मोतिराम भट्टले पनि गरेकै हुन् । त्यसपछिका साहित्यिक पुस्ताको योगदान पनि अनादरयोग्य पक्कै छैन ।

यिनै भानुभक्त, मोतिराम, देवकोटा तथा पौडेलको कार्यदिशालाई प्रेरणाको स्रोत मानेर नन्दप्रसादले पनि साहित्य रचना गर्ने गरेको देखिन्छ । साथै न्यायसेवा प्रवेशपछि भाषा र साहित्यको माध्यमबाट न्यायिक विषयहरूमा केन्द्रित रहेर लेख रचना गर्नु र प्रकाशन गर्नु पनि पौडेलको केही समयको दिनचर्या जस्तै भएको थियो । बनारस बस्दा होस् वा नेपालभित्रै रमाउँदा, नन्दप्रसादले एउटा न एउटा रचना तयार गरेकै हुनुहुन्थ्यो ।

यसै सिलसिला बनारस बस्दाको समयमा "जलिरहोस् ! बलिरहोस् !" नामक कविता पहिलोपल्ट "युगवाणी" मा छपाएको देखिन्छ । त्यस प्रकाशनले नन्दप्रसादमा थप हौसला थपिदियो र झन्पछि झन् लेखनीलाई उध्याउन थाल्नुभयो । यसले उहाँलाई लेखतिर नजानिदोगरी तान्यो । पछि त नेपालको उच्च वर्गमा पर्ने पत्रिका युगवाणी, गोरखापत्र, युवक, सूर्योदय, केटो, साप्ताहिक विचार, नयाँ कामना आदि पत्रिकामा लेख रचना प्रकाशन गरी आफ्नो लेखनीलाई अघि बढाएको देखिन्छ । महानन्द सापकोटा, कविप्रसाद गौतम, धर्मराज थापा, त्यतिवेलाका नन्दप्रसादका मन पर्ने कवि तथा साहित्यकार मानिन्छन् । बालकृष्ण सम, लेखनाथ पौडेलका अतिरिक्त पारिजात, देवकुमारी थापा आदिसँग पनि नन्दप्रसादको साहित्यिक भेटघाट एवं जमघटका बखत सात्क्षात्कार हुने गर्दथ्यो । कवि देवकोटाका बारेमा उहाँले रचना गरेको कविताअंश :-

## देवकोटाको सम्झनामा

साहित्यिक युगका हे प्रतापी विभूति
तिमी नै काव्यात्मका भास्कर
निवन्ध र प्रबन्ध नाटक कथा
आहा ! तिम्रा कति सुन्दर ।।

तिमी थ्यौ सिद्ध हस्त दुइटै
गद्योपन्यास कविता विधामा
त्यस्तै तिमी थ्यौ अग्रणी
मुनामदन औ सांगीत जगतमा
ए, नेपाली मात्रका उज्ज्वल तारा
तिमी विछोड भै स्वर्ग गए पनि
छौ सधै हाम्रो हृदयका धुकधुकी
सदा सर्वदा अजर अमर
अनि प्यारमा ।।

ए लक्ष्मी ! तिमी थ्यौ,
प्रखर प्रथम ज्योति
नेपाली साहित्यिक गगनमा
यस्ता तिम्रा अनन्त अनि
अमूल्य अतूल्य देनमा
नतमस्तक छौ हामी सबै नेपाली ।।

(रचनाकाल : २०१७ तिर)

यता संस्कृतितर्फ लैनसिंह वाङ्देल एवं अलि मिया, सत्यमोहन जोशी आदि पनि नन्दप्रसादले आदर्श पात्रका रूपमा सम्मानित गर्दै आएका व्यक्तित्वहरू हुन् ।

भाषा साहित्यको विकास एवं श्रीवृद्धिका लागि नेपाली भाषा विकास गर्ने खालको विद्यालयको नै आवश्यकता महसुस गरी नन्दप्रसादले धनकुटा रहेका बेला "तेलिया मिडिल स्कूल" को

संस्थापक एवं प्रधानाध्यापक भई कार्य सम्पन्न गरेको देखिन्छ । जुन अहिले माध्यमिक स्तरसम्म अध्यापन हुने विद्यालय बनेको छ, भन्दा गौरब लाग्ने अनुभूति छ नन्दप्रसादको ।

भाषा साहित्यको विस्तार एवं पेशागत सक्रियताका क्रममा उहाँले अध्यापनलाई पनि अघि सारेको देखिन्छ । यही क्रममा धरानमा "भगवती मिडिल स्कूल"को अध्यापक एवं पिण्डेश्वर महाविद्यालय, धरानका साथै भद्रपुर हाइस्कूललगायतमा करीब सातवर्षको अवधिसम्म अध्यापन पनि उहाँबाट भयो ।

शिक्षण पेशालाई मात्र आफ्नो भाषा विकासको आधार नमानी नन्दप्रसाद पौडेलबाट "घाँसीरोड" स्थापना भएपश्चात् २०१२ सालमा "घाँसी" भन्ने पत्रिकाको सम्पादक/प्रकाशक भई प्रकाशन आरम्भ गरेको पाइन्छ । साहित्यिक सेवाको यात्राका क्रममा भाषा साहित्यको विकासका लागि संस्थागत रूपमा कटिबद्ध हुनुपर्छ भन्ने मान्यताअनुरूप उहाँकै सक्रियतामा "साहित्य परिषद, झापा" नामक संस्था स्थापना गरी सचिवमा देवेन्द्र किशोर ढुङ्गानालाई राखी संस्थापक सभापति नन्दप्रसाद स्वयं रहनुभयो ।

यसरी भाषा भनेको राष्ट्रको  गहना हो । यसको विकासले राष्ट्र सम्पन्न र झकिझकाउ हुन्छ भन्ने मान्यता राखी अघि बढ्ने नन्दप्रसादको विगतदेखि वर्तमानसम्म पनि भाषाप्रेम उत्तिकै जल्दोवल्दो रहेको छ । उहाँका सम्बन्धमा भारतबाट प्रकाशन हुने गोविन्द सिं नेपालीद्वारा सम्पादित "सत्य घटना" मा पनि चर्चा परिचर्चा छ ।

त्यसैगरी झापाबाट प्रकाशित हुने चुडामणि रेग्मीको सम्पादनमा रहेको "यथार्थ कुरा" दिपक अधिकारीको "नौलो आवाज", डिकमान विरहीको "झुल्के घाम" का साथै नयाँ कामना, सुरुची, साप्ताहिक विचार, सूर्योदयलगायतका पत्रपत्रिकामा पनि समाजसेवी, न्यायकर्मी, भाषासेवी एवं स्वास्थ्य संरक्षक आदि उपाधिसहित नन्दप्रसादका बारेमा विभिन्न लेखकहरूद्वारा टिकाटिप्पणी गरी प्रकाशित भइ चर्चा परिचर्चा भएको देखिन्छ ।

यसरी पत्रकारिताको माध्यमबाट भाषासेवाका कार्यहरू पनि गर्दै नन्दप्रसाद पौडेल अघि बढ्नुभयो । सो समयमा अरुलाई ऊर्जा दिने र समाजसेवाका खातिर जागीरलाई समेत जोगाउने र यस क्षेत्रमा समेत कार्य गर्ने काम निकै चुनौतीपूर्ण मानिन्थ्यो । तथापि उहाँले यसलाई आफ्नो बुद्धिविवेकबाट मिलाएर कार्य गर्दै रहनुभयो । समाजसेवाका कार्यका कारण दिन प्रतिदिन आफू बसेको क्षेत्र र वरपर पनि नन्दप्रसादको कार्यले चर्चा पाउँदै जान थाल्यो जसबाट उहाँलाई झनै हौसला प्रदान गऱ्यो भने कार्य शैली र निरन्तरता देखेर अरुले पनि पौडेलको कार्यको देखासिकी गर्न थाले । तर हालका दिनमा भने उहाँले यस क्षेत्रमा समय केही कम दिने गर्नुभएको अनुभूत हुन्छ । यसको एउटै कारण उहाँमा भएको युवा जोस र जाँगर जति अघि बढिरहेको थियो त्यो उमेर ढल्कँदै गएपछि स्वतः कम भएर जाँदोरहेछ भन्ने नन्दप्रसादको कार्यक्षेत्र एवं ब्यस्तताका अघिल्तिरबाट हेर्न सकिन्छ । साहित्यकर्ममा पनि आफूसँग परिचय हुने सबैलाई हौसाउनुहुने नन्दप्रसाद पौडेलको काब्य लेखनमा भएको रुचिबारे उहाँले लेख्नुभएको निम्न कवितांशबाट जानकारी मिल्छ ।

कविता नन्दप्रसादको :-

## नौलो मुस्कान

युगौंयुगदेखि तिमीर पदमा-२
सुप्त यो वीर जाती
वर्षौ वर्षदेखि-२
ढुलुमुलु ढुलुमुलु गरने
सन्ततिका यी नैराश्य छाती

एक्काइशौं शताब्दीको यो नौलो प्रभातमा
लिँदै आयो, बढ्दै आयो
नौलो नौलो मुस्कान ।।

# सार्वजनिक सेवा एवं पदीय जिम्मेवारी

मानिसले सरकारी सेवाबाट आफ्नो जीविकोपार्जन र साधन सम्पन्नतातर्फको बाटो नै कसरी सफल बनाउने भन्ने मात्र सोच्ने समाज जन्मिरहेको बखत पनि नन्दप्रसादले कसरी समाजमा न्यायिक वातावरण निर्माण गर्ने भन्नेतर्फ बढी ध्यान र दत्तचित्त भई लागी परेको देखिन्छ । यही सिलसिला समाजसेवी नन्दप्रसादले राज्यबाट पाएको जिम्मेवारीलाई समेत अत्यन्त गम्भीरतासाथ सम्पादन गर्नुभएको छ ।

परिवारको कामलाई सहजताका साथ मिलाएर लैजाँदा लैजाँदै जागिरको सिलसिला जोडिनु अनि सोही प्रक्रियाको सँगसगै सार्वजनिक जिम्मेवारीको दायित्व थपिनु एकमाथि अर्को कर्तव्यबोधको वातावरण तयार हुनु हो । यसो हुँदा कुनै व्यक्ति हौसिएर जान थालेमा उसको आयु पनि सार्वजनिक सेवाक्षेत्रमा उही तवरले छोटिँदै गएको हुन्छ भन्ने कुरा ध्यानमा राखेर नन्दप्रसाद पौडेल जहिले पनि सजग रही कार्य गर्ने गरेको हामी पाउँछौं ।

कहिले देशमा तालिम लिएर नयाँ काममा दक्षता हासिल गर्ने त कहिले विदेशमा गई सम्बन्धित विषयमा विज्ञता हासिल गर्ने, जसरी हुन्छ आफूले पाएको जिम्मेवारीलाई पूर्ण चातूर्यका साथ सम्पन्न गरी सरकारी तथा सामाजिक रूपबाट बिनाखोट कार्य सम्पादन गरेको जश लिन चुक्नुहुन्थेन ।

आफू न्यायक्षेत्रमा अञ्चल न्यायाधीशको ओहदामा रहेका बेला सरकारले दिएको कृषि मन्त्रालय अन्तर्गत “कृषिसम्बन्धी अनियमितता छानबीन आयोग” र अर्को आपूर्ति मन्त्रालय अन्तर्गत “खाद्य संस्थानमा भए गरेका काम कारवाहीसम्बन्धी छानबीन आयोग” को अध्यक्ष भई विभिन्न स्थानमा भएका अनियमितताका घटनाका बारेमा छानवीन गरी श्री ५ को सरकारमा दुबै आयोगको प्रतिवेदनसमेत पेश गर्नुभएको थियो । यसका लागि सरकारले राजपत्रमा सूचनासमेत प्रकाशन गरी कार्यक्षेत्र तोकेको थियो जुन निम्नानुसार हेर्न सकिन्छ :-

# नेपाल राजपत्र

## श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४) काठमाडौं, बैशाख १२ गते २०५१ साल (संख्या २

## भाग ३

## श्री ५ को सरकार

### कृषि मन्त्रालयको सूचना

श्री ५ को सरकारले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमको काम सम्पन्न गरी दुई महिनाभित्र श्री ५ को सरकारसमक्ष प्रतिवेदन पेश गर्न भूतपूर्व अंचल न्यायाधीश श्री नन्दप्रसाद पौडेल रहनुभएको एक सदस्यीय जाँचबुझ आयोग गठन गरेको छ :-

(क) कृषि विकास योजना नकटाझिज धनुषामा मिति २०४४।१।१२ गते राती भएको आगलागीको कारण पत्ता लगाई कसैको लापरवाही वा गैर-जिम्मेवारीले उक्त आगलागी भएको हो, होइन यकीन गर्ने ।

(ख) कृषि विकास योजना नकटाझिज धनुषाको खरीद निर्माण आदिका सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट विभिन्न समयमा कृषि मन्त्रालयमा प्राप्त भएका फायलहरूमा के कस्तो कारवाही गर्नु पर्ने हो, यकीन गर्ने ।

(ग) बृहद वागवानी केन्द्र नवलपुरमा निर्माण गरिएको कोल्ड स्टोरेज निर्माणका सम्बन्धमा भएका अनियमित कार्यहरू पत्ता लगाउने ।

आज्ञाले

विन्देश्वरीप्रसाद सिन्हा

श्री ५ को सरकारको सचिव

---

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

# नेपाल राजपत्र

## श्री ५ को सरकारद्वारा प्रकाशित

<u>खण्ड ४१) काठमाडौं, असार २८ गते २०४८ साल (अतिरिक्ताङ्क १९(क)</u>

## भाग ३

## श्री ५ को सरकार

## <u>आपूर्ति मन्त्रालयको सूचना</u>

श्री ५ को सरकारले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ र ४ ले दिएको अधिकार प्रयोग गरी नेपाल खाद्य संस्थानको खाद्यान्न आपूर्ति गर्ने सम्बन्धलाई लिएर भए गरेका खरीद, बिक्री, ढुवानी आदि कार्य र प्रशासनिक ढिलासुस्ती तथा अनियमित कार्य के कारणले भएको हो सो सम्बन्धमा र सामान आपूर्ति सम्बन्धमा विद्यमान व्यवस्थाको अध्ययन गरी भविश्यमा के कस्तो व्यवस्था गर्न उपयुक्त हुन्छ सो समेत उल्लेख गरी श्री ५ को सरकारसमक्ष प्रतिवेदन पेश गर्न देहायमा उल्लेखित अध्यक्ष तथा सदस्य भएको "नेपाल खाद्य संस्थानमा भएको काम कारवाही सम्बन्धी जाँचबुझ आयोग" गठन गरी सो आयोगका काम, कर्तव्य र अधिकार, कार्यनीति देहाय बमोजिम तोकेको छ ।

क) <u>आयोगको गठन विधि :</u>

| | | |
|---|---|---|
| १) श्री नन्दप्रसाद पौडेल | भू.पू. अञ्चल न्यायाधीश | - अध्यक्ष |
| २) श्री इन्द्रमणि अधिकारी | काभ्रे | - सदस्य |
| ३) श्री श्यामकृष्ण उप्रेती | बानेश्वर | - सदस्य |

ख) आयोगको काम, कर्तव्य र अधिकार :

(१) नेपाल खाद्य संस्थानको खाद्यान्न आपूर्ति गर्ने समस्यालाई लिएर भए गरेका खरीद बिक्री, ढुवानी आदि कार्यमा भए गरेको कार्यको र प्रशासनिक ढिलासुस्ती तथा अनियमितता के कस्तो भएको हो सो को छानवीन गर्ने,

(२) खाद्यान्न आपूर्तिका सम्बन्धमा विद्यमान व्यवस्थाको अध्ययन गरी भविष्यमा के कस्तो व्यवस्था गर्न उपयुक्त हुन्छ सो समेत उल्लेख गरी श्री ५ को सरकारलाई सुझाव दिने ।

ग) आयोगको कार्य अवधि :

आयोगको काम शुरु गरेको दिनदेखि ६० (साठी) दिनको हुनेछ ।

आज्ञाले

देवेन्द्रबहादुर प्रधान

श्री ५ को सरकारको कामु सचिव

यसका अलावा २०४८ सालमा नेपाल खाद्य संस्थानको र २०५० सालमा कृषि विकास योजना जनकपुरमा भए गरेका अनियमितता सम्बन्धमा छानवीन गर्न सरकारद्वारा गठित "छानवीन आयोग" का अध्यक्ष भई नन्दप्रसादले आफूले पाएको जिम्मेवारीलाई शालीनतापूर्ण तरिकाबाट पुरा गरेको देखिन्छ ।

यसरी सरकारी सेवामा रहँदा पदीयबाहेकका जिम्मेवारी पनि लगनशीलतापूर्वक र सचेत भई बिनाविवाद र विलम्ब नगरी समयमै पूरा गर्नु नन्दप्रसादको लागि गौरवको विषय भएको छ । जागिरका अलावा सेवा पनि गर्नुपर्छ भन्ने भावनाले ओतप्रोत समाजसेवी नन्दप्रसादले कुनै बेला भौतिक सहयोग प्रदान गर्नुभयो भने कतै आर्थिक त कतै शालिक  र कतै जग्गा दानसमेत गर्न पछि नपरेको देखिन्छ । मानिसले लिन मात्रै हैन कि दिन पनि जान्नुपर्छ भन्ने शिक्षा नन्प्रसादका यी कार्यहरूबाट हामीले सिक्न सकिने थुप्रै पाटाहरू देखिन्छन् ।

यीबाहेक समाजमा धेरै अप्ठेरो परेका गरीब अःसहायलाई पनि सहयोग गर्ने गरेको हामी उहाँका कार्य फिहरिस्त पल्टाउँदा प्रशस्त देख्न सक्दछौं । गरीब अःसहायलाई आर्थिक सहयोग गर्ने, कहिले परिवारका सदस्यलाई पढ्ने वातावरण बनाइदिएर सहयोग गर्ने त कहिले कुनै योग्य भएमा जागिरको जोहो गरिदिएर गुन लगाउने कार्य उहाँका हालसम्मका ब्यवहारिक दिनचर्याका पक्ष हुन् । यति मात्र नभएर कुनैपनि सामाजिक कार्य हुदैछ भन्ने जानकारी भएमा सरकारी वा गैर-सरकारी जुन निकाय वा क्षेत्रबाट हुन लागेको भए पनि संलग्न भइहाल्ने र समाज गाउँको लागि केही गर्नुपर्छ भन्ने भावनाको सन्देश प्रवाहित गर्ने कार्यमा पनि नन्दप्रसाद आरम्भकालदेखि नै कटिवद्ध हुनुहुन्थ्यो जुन अद्यापि निरन्तर चलिरहेको छँदैछ ।

# पुरस्कार सम्मान

समाजलाई फाइदा पुग्ने वा सभ्यता विकासका क्षेत्रमा असल काम गर्नेलाई त्यस्ता कार्यतर्फ सो ब्यक्ति अझ उत्प्रेरित र समर्पित भई धेरै भन्दा धेरै कटिवद्ध र अभिप्रेरित समेत होस् भन्नका लागि उसलाई सार्वजनिक सम्मानका साथ पुरस्कृत गर्ने गरिन्छ । यही लक्ष्य र उद्देश्य अनुरूप न्यायाधीश नन्दप्रसादलाई पनि समय समयमा विभिन्न संघ-संस्थाले कामको मूल्याङ्कन गर्दै पुरस्कार एवं विभिन्न सम्मानबाट विभूषित गरेका छन् ।

भनिन्छ, पुरस्कार र सम्मानको कनै पनि मूल्याङ्कन हुँदैन । सम्मान पुरस्कारले मानिसको वैयक्तिक जिम्मेवारीबाट सार्वजनिक जिम्मेवारी बोधको वातावरण सिर्जना गरिदिन्छ जसले आफ्नो पारिवारिक भन्दा पनि सामाजिक सोचको विकास गर्नुपर्ने अवस्था सिर्जना गर्दछ । यही बहुपक्षीय कार्य ब्यस्तताले एकातिर मानिस ओझिलो बन्दै जान्छ भने अर्कातिर कार्यगत गाम्भीरर्यता पनि पलाएर आउँछ । यसैले पनि पुरस्कार जिम्मेवारीको पोको हो भने सम्मान उसको दायित्व बोधको द्योतक हो ।

समाजसेवी नन्दप्रसाद पनि यस्ता जिम्मेवारी र दायित्वका पोकारूपी सम्मान पुरस्कारहरूको प्राप्तिमा अग्रस्थानमा नै गनिएको पाइयो । जीवनकालमा उहाँको पसिना, श्रम, लगनशीलता र इमान्दारिताको कदर गर्दै विभिन्न तवरमा  सम्मान तथा पुरस्कृत गरिएको देखिन्छ ।

यस्ता सम्मान पाउने क्रमको आरम्भ उहाँले २०३५ सालमा गर्नुभएको हो । त्यतिबेला जनसेवा पदक तथा दीर्घसेवा पदक प्राप्त गरेपछि यसको विधिवत आरम्भ भएको देखिन्छ । उहाँलाई न्यायक्षेत्रमा उत्कृष्ट योगदान तथा कर्तब्यनिष्ठ भई काम गरेवापत् यो पुरस्कार प्राप्त भएको थियो ।

यसपछि २०३७ सालमा सम्पन्न जनमत संग्रहमा दाङ जिल्ला

निर्वाचन प्रमुख भई शान्ति र सौहार्द्रपूर्वक जनमत संग्रह सम्पन्न गरेवापत् "जनमत सेवा पदक"बाट विभूषित हुनुभयो । यसले नन्दप्रसादमा सामाजिक निकटताको पहिचानका साथ आफ्नो कामप्रतिको लगावमा दीगोपन ल्याइदियो । उहाँले राज्यबाट प्रवल गोर्खा दक्षिणबाहुका अतिरिक्त शुभराज्याभिषेक पदक जस्ता आधा दर्जन भन्दा बढी सम्मान पुरस्कार प्राप्त गर्नुभएको छ ।

न्यायक्षेत्रमा खरदार पदबाट २०१५ सालमा बहाली भएपछि अञ्चल न्यायाधीशसम्मको सम्मानित ओहदामा पुग्दा यस क्षेत्रलाई कसरी मर्यादित र सम्मानजनक बनाउने ? साथै कसरी छिटो छरितो ढ□बाट क्षेत्रगत न्याय सम्पादन गर्ने वातावरण सिर्जना गर्ने ? भन्न बारेमा नन्दप्रसाद पद बहालीको समयदेखि अवकाशको समयसम्म नै उत्तिकै जिम्मेवार भएर लागेको पाइन्छ । यसै सिलसिलामा सरकारबाट देशमा लामो समयसम्म पदमा रही निष्ठापूर्वक राष्ट्रसेवा गरेवापत् प्राप्त हुने "दीर्घ सेवापदक" ले पनि नन्दप्रसाद पौडेल सम्मानित एवं विभूषित हुने व्यक्तित्व हुनुहुन्छ ।

यसरी सरकारी तवरबाट तत्कालिन राजा महेन्द्र एवं वीरेन्द्रको हातबाट पुरस्कार एवं सम्मान थाप्न पाउँदाको अनुभवले उहाँलाई बल्ल राष्ट्रसेवक भइएछ भन्ने बनायो । यसपछि पनि नन्दप्रसादले दर्जनौं सम्मान तथा पुरस्कार पाएको देखिन्छ ।

सम्मान गर्ने क्रममा जिल्ला प्रहरी कार्यालय झापाले न्यायाधीश एवं अञ्चल न्यायाधीश पदमा रही देशका विभिन्न जिल्लाहरूमा कूल ३६ वर्ष सेवा अवकाशपश्चात् सामाजिक सेवामा दत्तचित्त भई लागी परेको भन्दै उहाँको सादा जीवन र उच्च विचारप्रति कृतकृतज्ञ भई समाजसेवा एवं राष्ट्रसेवाको उच्च मूल्याङ्कनसहित २०६१ सालमा सम्मान गरेको देखिन्छ ।

यसैगरी समाजसेवी नन्दप्रसादको जीवन, कार्यशैली एवं दैनिक रहन-सहनदेखि प्रभावित भई न्यायसेवा एवं यस क्षेत्रबाहिरबाट पनि वहाँका नाममा पत्र एवं सम्मानका भावहरू चित्रात्मक एवं शब्दपुष्पका

रूपमा आउने गरेको निम्न केही उदाहरणबाट प्राप्त हुन्छ ।

यी र यस्तै कैयन पत्रहरूका अलावा नन्दप्रसादले सार्वजनिक संघसंस्थाको जिम्मेवारी पनि हालका समयमा लिएको देखिन्छ । उहाँ कार्य सिलसिलामा अहिंसात्मक अभियानमा लागेको एवं न्यायपूर्ण बाटो फराकिलो भएका त्यस्ता संघ-सस्थाहरूमा सम्बद्ध हुनुभयो जहाँ बस्दा उहाँलाई हीनताबोध नहोस् । यस्तै संस्थाहरूमध्येको एक परोपकारवादी संस्था नेपाल रेडक्रस सोसाइटीका आजीवन एवं केन्द्रिय सदस्य समेत हुनुभयो । पछि संस्थागत सम्मान स्वरूप पाएको सर्वोच्च सम्मान "यशस्कर" उपाधिले उहाँलाई अझैसम्म पनि कर्तव्यबोधको पाठ पढाइरहेको जस्तो लाग्छ ।

त्यसैगरी राजधानी काठमाडौंबाट प्रकाशन हुने नेपाल बोर्डर मासिकको तर्फबाट हरेक वर्ष प्रदान गरिँदै आएको राष्ट्रिय सम्मान "नेपाल बोर्डर समाजसेवा सम्मान-२०६७" बाट पनि उहाँ सम्मानित हुनुभएको छ । यस सम्मान समाजसेवा तथा न्याय एवं सार्वजनिक सरोकारका क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएवापत् वर्षेनी एक जनालाई राष्ट्रिय स्तरमा सम्मान गर्ने गरिन्छ ।

यसैबीचमा उहाँ रेडक्रसमा सक्रिय भएवापत् २०६७ सालमा नेपाल रेडक्रस सोसाइटीको शाखा दमक, जिल्ला शाखा झापा तथा उपशाखा भद्रपुरबाट पनि सम्मानित हुनुभएको छ ।

यी बाहेक पनि सामाजिक, आर्थिक, राजनीतिक, साँस्कृतिक मात्र नभई न्यायिक क्षेत्रमा समेत सजग र क्रियाशील वातावरण निर्माण गरी समाजको एक उदाहरण नै बन्न मन पराउने, भद्र व्यक्तित्व नन्दप्रसाद आफ्नै कार्यका कारण अन्य दर्जनौं संघ-संस्थाबाट समेत सम्मानित हुनुभएको छ । मात्र, के फरक छ भने नन्दप्रसाद कामको सिलसिला जहाँ-जहाँ जहिले पुग्नुभयो त्यो बेला जनमर्का एवं गुनासाहरूको पूर्ण ख्याल गरी अघि बढ्नुभयो । कसैलाई बढी र कसैलाई कमी गर्ने कार्य उहाँबाट कहिल्यै पनि भएन । समाजको

संस्कृति र देशको प्रचलित कानूनलाई सन्तुलित बनाई न्याय दिनु उहाँको विशेष कुशलता मानिन्छ । यसकै प्रतिफल नन्दप्रसाद आज समाजको गौरवका प्रतिनिधि पात्र बन्न पुग्नुभएको छ ।

## साहित्य तथा सांगीतिक अभिरुची

सानैदेखि आफ्नी हजुरआमा देवी कुमारीको रेखदेखमा हुर्किएका नन्दप्रसाद हजुरआमाले वाचन गर्ने रामायणको लयलाई औधी मन पराउनुहुन्थ्यो । बाबु श्रीलाल पनि श्लोक गायनका पारखी भएकैले पनि कहिले काहीं परिवार नै रामायणी श्लोकमय बन्ने गरेको पनि नन्दप्रसादलाई भर्खरैजस्तो लागेर आउँदोरहेछ । यस तथ्यबाट थप के पुष्टि हुन्छ भने नन्दप्रसाद सानैदेखि गाउने कामका मात्र पारखी नभई बजाउने कार्यमा पनि उत्तिकै रुची राख्ने गर्नुहुन्थ्यो । यसले एकातिर मनोरञ्जनको काम गरिरहेको भैँ लाग्थ्यो भने अर्कोतिर नन्दप्रसादमा सांगीतिक ज्ञानको वत्ती पनि धिपधिपाउँदै उर्ध्वज्योतिमा बल्दै गएको छ ।

उहाँका संगीत एवं लेखनमा पनि प्रेरक व्यक्तित्व भएको देखिन्छ । जुनसुकै स्रष्टाको केही सिर्जनाका पछाडि एक न एक प्रेरणाको आधार हुन्छ वा प्रभावको तह गाँसिएको हुन्छ । साथै आत्मोत्कण्ठा मात्र भए पनि उसमा कुनै न कुनै घटना वा परिवेशले उल्लेख्य भूमिका खेलेको हुन्छ । नन्दप्रसादको हालसम्म देखिएको लेखकीय साधनामा पनि यस्ता प्रभावका आधारहरू प्रशस्त छन् ।

नन्दप्रसाद आध्यात्मिक चेत एवं संस्कृत वाङ्मयको ज्ञान भएका पद्मलालका नाति हुनुहुन्छ । पद्ममलालको परिवारमा हुर्किएको साहित्यिक तथा साँस्कृतिक वातावरणले नन्दप्रसादलाई केही लेखूँ लेखूँ जस्तो बनाउँथ्यो भने विषयगत समस्यामाथि आई परेका विभिन्न समस्यारूपी जन्जालले नन्दप्रसादलाई भावनात्मक भन्दा विषयगत  लेखनमा उक्साउँथे । यस उक्साहटले नन्दप्रसादलाई

केही गरुँ भन्ने गराउँथ्यो । यस्तै वातावरणले उहाँ यथार्थ कुरा, केटो, सत्य घटना आदि पत्रिकाका स्तम्भकारसमेत बन्न पुग्नुभयो ।

नन्दप्रसादलाई लेखनमा उत्साह दिने कार्य साहित्यिक पत्रकार एवं बरिष्ठ साहित्यकार भवानी घिमिरेले थपिदिएको भन्ने जानकारी प्राप्त भयो भने गायन क्षेत्रमा जनकविकेशरी धर्मराज थापाले प्रेरणाको ऊर्जा दिनुभएको थियो । संगीतमा थप वल एवं श्रेय चन्द्रशेखर श्रेष्ठको पनि रहेको छ ।

यी प्रेरणाले नन्दप्रसादलाई एउटा लेखकको रूपमा उभ्यायो भने संगीत र वाद्यवादनको ककहरा पनि शःनै शःनै सिक्दै गएको देखिन्छ । भनिन्छ, यौवनकालमा मानिस एक पटक कवि या लेखक बनेकै हुन्छ । यो पारम्परिक ढाँचा अनिवार्यजस्तै भइसकेको छ । यही मान्यताको धारमा उभिएर नन्दप्रसाद युवावस्थामा एक कुशल लेखक नै बन्न नसके पनि लेखन क्षेत्रमा दख्खल राख्ने ओजमा भने देखिनुभयो । यद्यपि समय गतिक्रमसँगै नन्दप्रसाद सरकारी सेवाकालमै सार्वजनिक कार्यका लागि दिल खोलेर लाग्न थाल्नुभयो । यो भइसकेपछि सामाजिक रूपमा नन्दप्रसादको नाम अभेद्य रूपमा जोडियो । यही वातावरणले उहाँलाई समाजसेवीको रूपमा दर्‍यायो । यसो हुनुको तात्पर्य भने अर्कै छ ।

पण्डित छविलाल पोखरेल जव सार्वजनिक सेवाकर्ताका रूपमा पूर्वमा फैलिए, यो उनको प्रेरणापूर्ण कार्यशैलीले उनै छविलाललाई प्रेरणाको आधार मानि अगाडि बढ्न सफल हुनुभयो । यही उत्साह र प्रेरणाले नै समाज सेवाको अर्थ समाजका लागि आफ्नो श्रम निःशूल्क खर्चनुलाई मान्न सकिन्छ । यही मान्यतालाई जग मान्ने नन्दप्रसादको आफ्नै बुझाईले जनताको सार्वजनिक सेवा नै आफ्नो लक्ष्य हो भन्ने प्रष्ट पार्दछ ।

यसरी दर्जनौं संघ-संस्थाका प्रमुख व्यक्ति भएर नन्दप्रसादले कतै अन्यायमा परेकालाई न्याय दिलाउने कार्य गर्नुभयो भने कतै वी.पी. ग्रामीण विकास तथा सेवा केन्द्र आदि संस्थाको नामबाट

अपाङ्गहरूलाई वैशाखी तथा ह्वीलचियर वितरण समितिको संयोजक भएर काम गर्नुभयो । यतिमात्र नभई विगतदेखि आगतसम्म नै नन्दप्रसादको समाजसेवी दिनचर्या उत्तिकै सक्रिय र प्रशंसनीय नै रहेको देखिन्छ ।

# वैयक्तिक रुचि र स्वभाव

नन्दप्रसाद सानैदेखि अनौठो स्वभावका व्यक्ति हुनुहुन्छ । समय हेरी मनोरञ्जनका क्षेत्रमा आंशिक सहभागिता भए पनि खासमा उहाँको मन एकान्त प्रेमी थियो । गम्भीर स्वभावका नन्दप्रसादले सानैदेखि समाजमा घट्ने घटनालाई अत्यन्त गम्भीरतापूर्वक विचार, चिन्तन्, मनन् गर्ने गर्नुहुन्थ्यो । फुर्सदको समयमा मनोरञ्जन भन्दा अध्ययन तथा लेखन एवं सामाजिक चिन्तनमा बढी ध्यान केन्द्रित गर्ने नन्दप्रसादले खानामा नेपाली सादा खाना दाल भात तरकारी नै बढी मन पराउनुहुन्छ ।

यसका अलावा गुन्द्रुकको अचारले उहाँलाई सानैदेखि नै तान्ने गर्दछ । पिरो र गुलियो कम प्रयोग गर्ने नन्दप्रसादले दही, दूध, तामा तथा मौसमअनुसारको फलफुल मन पराउनुहुन्छ । मांसाहारमा त्यति ध्यान नदिने उहाँमा खेल क्षेत्रमा चेश बढी मन पर्छ भने अन्य खेलहरू आंशिक रूपमा मात्र हेर्ने गर्नुहुन्छ । गीत संगीतप्रति अभिरुचि भएका समाजसेवी व्यक्तित्व नन्दप्रसादले पुस्तक, पत्रपत्रिका अध्ययन गर्ने एवं समाचारमूलक रेडियो तथा टि.भी. कार्यक्रम हेर्ने गर्नुहुन्छ ।

त्यस्तै इष्टमित्रहरूसँग बढी हेलमेल हुन चाहने, उनीहरूलाई घरमा बोलाउने, खुवाउने, उहाँको दिनचर्या नै हो । हालका दिनमा अलि चञ्चल जिज्ञासु एवं क्षेत्रगत रूपमा न्याय एवं व्यवसायिक

तवरमा चिन्तनशील, मृदुभाषी, मिलनसार स्वभावको व्यक्तित्वका नन्दप्रसाद आफूले कसैलाई मर्का पर्ने, वैरभाव झल्कने खालका ईर्ष्या, डाहा, लोभ उहाँमा पटक्कै पाइँदैन ।

संस्कृत भाषा अध्ययनले पनि यी क्षेत्रमा बढी सजग रहने मिजासिलो एवं रसिलो स्वभाव झल्काउने हुँदा पनि उहाँले प्रायः पोशाकको रूपमा दौरा सुरुवालकै भेषमा देखिनु अर्को आफ्नै ओजको द्योतक हो भन्ने आभाष मिल्छ । योग, आध्यात्मिक चिन्तन, सिद्धि साधना आदि क्षेत्रमा पनि उहाँको उत्तिकै अभिरुची रहेको देखिन्छ ।

मानिसलाई जो कोहीले पनि उसको स्वभावद्वारा छिटो चिन्ने गर्दछ । यही स्वभावका कारण मानिस कुनै स्थानमा अत्यन्त प्यारो बनेको हुन्छ भने कुनै स्थानमा एउटा सानो कामले गर्दा आलोचित हुने गर्दछ । यो सबै मानवीय व्यवहार र भविष्यको चिन्ताबाट ग्रस्त भई वर्तमानलाई बुझ्न नसक्नुको परिणाम हो भन्ने लाग्छ । नन्दप्रसादमा यी समस्याबाट कसरी छुटकारा पाउने भन्ने विषयमा अनुभव र ज्ञान प्रशस्त देखिन्छ ।

उहाँले कुनै पनि समस्यासँग सजिलै सोचविचार गरिकन मात्र लड्ने वा मुकाविला गर्ने गर्नुहुन्छ । यसले नै एक असल छवी निर्माण गर्न पौडेलका लागि सजिलो भएको छ । अन्य व्यक्तिहरूले पनि यो तथ्यलाई प्रेरणाका रूपमा लिन सकेमा सजिलो नै हुने पक्का छ ।

# देश–विदेश भ्रमण

भ्रमणले मानिसलाई अध्ययनशील एवं नयाँ सोचको बनाउँछ । यसले एकातिर स्थान विशेषको ज्ञान दिलाउँछ भने अर्कोतिर व्यवहारिक ज्ञान एवं सांस्कृतिक पहिचानको द्वार खुल्ला गरिदिन्छ । यही मान्यतालाई ध्यानमा राखेर आफ्नो राष्ट्रसेवाका समयमा नन्दप्रसाद नेपाल सरहदभित्रका प्रायः अधिकांश जिल्ला तथा मुख्य धार्मिक/ऐतिहासिक स्थानको भ्रमण गरिसक्नुभएको देखिन्छ । अर्कोतिर न्यायिक कर्तव्य पूरा गर्ने सिलसिलामा विभिन्न तालिम तथा गोष्ठी सेमिनारमा सहभागी हुन साथै विदेशसमेतका कैयन स्थानमा अध्ययन भ्रमणका लागि गएको जानकारी हुन्छ ।

अवकाशपछिको समयमा भने उहाँको धार्मिक भ्रमण अधिक रहने गरेको छ । यसका अलावा न्यायिक सम्पादनका सिलसिलामा पूर्व तेह्रथुमदेखि पश्चिम महेन्द्रनगरसम्मका न्यायिक निकायमा प्रमुख भई सो क्षेत्रको भौगोलिक तथा सामाजिक ज्ञानसमेत बटुल्ने अवसर प्राप्त भएकाले उहाँमा नयाँ नेपालको विकास र समृद्ध नेपालको निर्माणका लागि वर्तमानमा कुन कुराको आवश्यकता बढी छ भन्ने विषयमा समेत प्रशस्त अनुभव र दृष्टिकोणहरू छन् भन्ने कुरा उहाँसँगको कुराकानीबाट अवगत हुन्छ ।

हिमालमा यातायातको सम्पर्क कसरी गराउने, पहाडमा सामाजिक सभ्यताको एवं विकासका पूर्वाधारहरू कसरी पहुँच बढाउने वा तराईमा विकासको लहर कुन माध्यमबाट सम्भव तुल्याउने आदि विषयमा नन्दप्रसादसँग अनेक तरिकाहरू रहेका छन् तर अवसर एवं योग्यताको प्रयोगको अभावमा यी विचार र पथमार्गहरू यत्तिकै वैलाएर रहन वाध्य छन् । यद्यपि कर्मलाई पौरख ठान्ने अञ्चल न्यायाधीश नन्दप्रसादले व्यक्तिगत तवरबाट आफू ती विषयलाई व्यवहारमा ल्याउन आफ्नो शक्ति र सामर्थ्यले भ्याएसम्म लागी पर्नुभएको देखिन्छ ।

✍ *रेणुका भट्टराई*

# आध्यात्मिक भ्रमण

लौकिक (भौलिक) तथा अलौकिक (अभौतिक/आध्यात्मिक) चिन्तनबारे गहन रूपले खोजीनीति गरी नन्दप्रसादले आध्यात्मिक चिन्तनलाई मानवीय अनुशासनको स्थायित्वको कडीका रूपमा आस्थालाई लिएको देखिन्छ । अनुशासन पनि एक किसिमको धर्म हो भन्न रुचाउने उहाँमा धार्मिक चिन्तन शुरुदेखि नै गहिरो छापको रूपमा रहेको देखिन्छ । यही अमीट छापका कारण उहाँले देश तथा विदेशमा रहेका विभिन्न हिन्दु धार्मिक स्थलहरूको भ्रमण गर्नुभएको छ ।

स्वदेशमा विन्ध्यवासिनी मनकामना, स्वर्गद्वारी, मुक्तिनाथ, हृषिकेश (पाल्पा), ज्ञानसरोवर, वराहक्षेत्र, पशुपति, गोसाईंकुण्ड, सिद्धबाबा, लुम्बिनी, स्वयम्भूनाथ, देवघाट आदि स्थानको धार्मिक भ्रमण गरिसक्नु भएको छ भने विदेशमा भारतका प्रख्यात तीर्थस्थलहरूः तिरूपति बाबा, रामेश्वरम्, विरूपाक्ष, काञ्चिपुरम्, मिनाक्षीदेवी, कामाक्षा, गंगासागर, जगन्नाथपुरी, गंगोत्री, हृषिकेश, जम्बु, केदार, बद्री, द्वारका अयोध्या आदि क्षेत्रमा उहाँका पदचाप परिसकेका छन् । यस्तै अन्य तीर्थस्थलहरूमा कुरुक्षेत्र, सोमनाथ, पुनपुन, गया, पञ्चभवन, विन्ध्याचल पर्वत, विश्वनाथ, प्रयाग, मधुवन, वृन्दावन, काँशी आदिजस्ता स्थानसमेतमा पटक पटक तीर्थाटन गरिसक्नुभएको छ ।

नेपालमै झापामा बस्दा पनि समाजको धार्मिक अनुष्ठानमा ध्यान पुग्न सकोस् भनी कैयन पटक सार्वजनिक सप्ताह महापुराणको आयोजना गरी संयोजन गर्नुले पनि धार्मिक विश्वासको सहायताबाट मानव आत्मामा शान्ति ल्याउन र सत्मार्गगामी बनाउन सकिन्छ भन्ने मान्यताले नन्दप्रसाद ओतप्रोत भएको बुझ्न सकिन्छ । जीवनमा उहाँले सभापति भई धेरै पटक सार्वजनिक स्थानहरुमा महापुराण चौमासा तथा सप्ताह लगाईसक्नुभएको छ ।

व्यस्तता होस् वा फुर्सदको समय, एकान्त होस् वा सामूहिक

रमझम, नैराश्य होस् अथवा अटेश-मटेश गरी उर्लिएको जाँगर जस्तोसुकै अवस्थामा पनि नन्दप्रसादको लौकिक वा अलौकिक आध्यात्मिक वा विचारमुखी सबै क्षेत्रमा समाजसेवाको विचारचेत पलाएको देख्न सकिन्छ । भ्रमण गर्दा मानिसले व्यक्तिगत इतिहास वा धार्मिक धरोहरको चित्रण मूल्याङ्कन गर्ने गरेको पाइन्छ । यसबाट आफ्नो समाजमा कसरी विकास निर्माण एवं कानूनी मान्यता बसाउन सकिन्छ  भन्ने कुरामा नै केन्द्रित भएको भनी नन्दप्रसादको विषयमा विश्वस्त हुन सकिन्छ ।

## व्यक्तित्व र प्रभावकारिता

प्रखर वक्ताका रूपमा युवाकालमा कहलिएका नन्दप्रसादले आफ्नो कलेजसमयमा वक्तृत्वकलामा समेत प्रथम भई आफ्नो बोल्ने तरिकामा शाख राख्नुभएको थियो । शारीरिक रूपमा हेर्दा पनि अग्लो र मोटो शरीर, फराकिलो छाती, ठूलो केही लाम्चो तर गोलाकार अनुहार, सधैं खुशी र हँसिलो, हृष्टपुष्ट गाँठ भएका व्यक्तित्व वहाँ नेपाली राष्ट्रिय पोशाकमा सजिएर त्यसमाथि कालो कोट लगाउँदा साँच्चै एक कानूनको धरोहर व्यक्तित्वको रूपमा उभ्याउन नेपाली कानूनी प्रणालीले किञ्चित गाह्रो मान्नुपर्ने देखिदैन ।

सार्वजनिक समारोह वा समूहमा सही कार्यका लागि तत्काल घुलमेल हुन सक्ने क्षमताका धनी नन्दप्रसाद उमेरले अलि बूढ्यौलीमा गएको देखिए पनि विचार तथा कार्यको सक्रियताका हिसाबले हेर्दा कुनै पनि समूहगत नेतृत्व प्रदान गर्नसमेत किञ्चित धक नमान्ने निर्भिक स्वभावका युवा हुनुहुन्छ । हँसिलो पारामा कुरा गर्ने तथा सभ्य र शिष्ट भाषा प्रयोग एवं सबैलाई समान आँखाले  हेर्ने उहाँमा नबोल्ने तर बोलेको काम पूरा गरिछाड्ने अनौठो स्वभाव छ ।

सामाजिक रूपमा उहाँ उदार व्यक्तित्व हुनुहुन्छ । आफूलाई

चित्त वुभ्केको व्यक्ति वा निकायलाई धन, तन, मन वा ज्यानै दिनुपरे पनि पछि नपर्ने स्वभाव अझै प्रशंसनीय विषय हो । उहाँको व्यक्तित्ववाट जस्तै मानिस पनि आकर्षित भएको पाइन्छ ।

न्यायक्षेत्रका लागि चाहिने व्यवहार उहाँको हरेक पलपलमा घनिभूत भएको पाइन्छ । रीस के हो ? असहयोग के को नाम हो भन्ने नजान्ने नन्दप्रसादको आकर्षक व्यक्तित्वकै कारण असफल हुने कतिपय कामहरू पनि सजिलै सफल भएको पाइनु उहाँको वैयक्तिक आकर्षण शक्ति नै हो भन्न सकिन्छ ।

## वर्तमान दिनचर्या

नन्दप्रसाद आफैमा एक महत्वाकांक्षी एवं अन्तर वैयक्तिक स्वभाव भएको व्यक्तिका रूपमा न्याय क्षेत्रले हेर्दछ । उहाँ धेरै बोल्नुहुन्न तर बोलेको कुराले सुन्ने जो कोहीलाई पनि एक पटक टक्क भएर सोच्न बाध्य बनाइदिन्छ । यही प्रतिभा नै नन्दप्रसादको आफ्नै एक सम्पत्ति हो भन्दा फरक पर्दैन ।

यस्तो प्रतिभा र व्यवहारिक अन्तर चमकता भएका उहाँमा कस्तै अवस्थामा पनि जनमानस आकर्षित गर्ने क्षमता पनि उस्तै गहिरो छ । उहाँ रीसको ढ्याङ्ग्रो ठोकेर अघिल्तिर उभिने मानिसलाई हाँसो र नरम भावले पानी-पानी बनाएर रीसलाई आफ्नो बशमा तान्न पनि सक्षम हुनुहुन्छ ।

यस्ता व्यक्तित्वको कर्मगाथा जति उल्लेख गरेपनि सकिदैन । बरु यस्ता देश र नेपाली मानसमात्रका मूर्धन्य भनाउँदाहरूको क्रियाकलाप हेर्दा भित्रभित्रै हाँसो उठेर आउँछ । यस मानेमा नन्दप्रसाद व्यवहारिक पनका धनी हुनुहुन्छ । उहाँको कार्यको इतिहास र गुनले नेपाली न्याय प्रणालीको इतिहास नै नयाँ बनाइदिने पक्का छ । साथै समाजसेवाका क्षेत्रमा नन्दप्रसादले सधैंजसो नयाँ

नयाँ कार्य गर्ने गरेको देखिन्छ । आफूलाई सधै ब्यस्त राख्न रुचाउने नन्दप्रसादको दैनिकी पनि यसैबाट शुरु र अन्त्य हुने गर्दछ । यस्ता ब्यक्तित्वको राज्यले उचित प्रयोग गर्न जान्ने हो भने पक्कै पनि नेपाल भोलिका दिनमा विशेषज्ञको अभावमा छटपटिनु पर्नेछैन ।

फुले राम्रा राम्रा विहग मनमा पुष्पित छटा
खुले सम्मानैमा सुललित पला शान तमिर
अहो ! स्वर्गैजस्तो कुशुमित धरा ज्ञान मुजुरा
हटे अज्ञानीका अहह वितरागी अहमता ।।

रमाएको पाखा रन र बनमा लक्षण छरी
उठाएका आँखा तन समरमा झल्झल गरी
फुले राम्रा पुष्पाङ्कुर सलिलता जीवन कथा
बनाएको अग्लो जनपथ रूपान्तर्गत ब्यथा ।।

परवेराका चिल्ला बनकुशुम ती मग्मग भए
दुखेसा औ कुण्ठा पलभर रही तत्क्षण गए
र तुल्साका छोरा सुपठित भई बालसुलभी
उठे नेपालैमा कानून पथमा जाँगर खुली ।।

स्वभावैले ठूलो प्रकृति पथको अन्तिम क्षण
भयो आत्मोत्कण्ठा वर र परका बन्धु सबमा
थरै पौडेल् जन्मे सरलपनका सिर्जन लता
मियो कानूनान्तर्गत बनि उठे न्यायपथका ।।

छ आजैको जोहो गरिकन चले बन्दछ दिन
भनी चल्छौ सारा नवसमयका मानव किन
हुँदै हुन्नौ कर्मी निषदिन बसी मोह महिमा
नरोकैरै लम्कुन् गुण अघि सदा उच्च गरिमा ।।

भनी चल्ने तिम्रा हरतरहका लक्षण बढी
उठ्यो बाल्यावस्था सरसर अझै सुन्दर बनी
कतै अग्ला डाँडा हिमचहकका टल्टल गरी
कतै चिल्ला राम्रा समतल तराई जमिन ती ।।

कतै कान्ला पाखा कुशुमित छटा फुल्दछ जहाँ
जुही गुर्थौली वा कमल, लतिका झुल्दछ त्यहाँ
सुसेलीमा रम्छन् स्वर ढुकुर वा कोकिल चिवे
बनै नाँच्दो हेर्दा हृदय क्षमता चञ्चल थिए ।।

भिनाजी औ काका दिदी र बहिनी भाइ र अरू
पिता माता आफ्नै कुलनजिकका बान्धवहरू
सधैं रम्ने तिम्रा रन र बनका सङ्गत कति
थिए सारा उस्तै शुलभ अनि ता सुन्दर भए ।।

तिमी हुर्क्यौ कस्ता मन तमिरका जङ्गल धरा
चिया पाखो या औ पलवित नयाँ बञ्जर धरा
थिए कस्ता आशा योजन पनि त्यो जल्दछ दियो
छ चिल्लो जो पत्र कुल र मनको बल्दछ मियो ।।

# वार्ताको ऐनामा

# नन्दप्रसाद

✍ **तपाईंको बाल्यकाल कसरी बित्यो ?**

➤ जन्म चैनपुर शंखुवासभामा भएको हो । म सानो ११ वर्षकै उमेरमा धरान प्रवेश गरेको हुँ । त्यसपछि बनारसमा गई १२ वर्षसम्म बसेर विद्या आर्जन गरेँ । २००९ सालदेखि हालको बसाई रहेको झापा भद्रपुरमै मेरो बसाई रहेको छ । बाल्यकालको अवस्थामा मेरो अत्यन्त सुखदायक तरिकाले बितेको हो । जेठो छोरोका नाताले मेरा बाबु आमाको माया स्नेह, आशिर्वाद थियो । समाजले पनि मलाई राम्रै किसिमले सम्मान दिएको थियो । बाल्यकालमा अरू सबै साथीहरूसँग म पनि यसो गाईवस्तु चराउन जङ्गलतिर जान्थेँ । जाँदाखेरी डण्डीवियो, कपर्दी खेल्थेँ भने यदाकदा स्कूलमा जानु पर्दा खेरीमा पनि गुच्छा खुब खेलियो । यसले मलाई त्यहाँको वातावरण स्मरणीय लागेको हो । त्यही केही अध्ययन गरेँ । यसले गर्दा अहिले पनि झल्झली बाल्यकालको सम्झना आउँछ ।

✍ **त्यतिबेला बुवा अथवा पुर्ख्यौली पेशा के थियो ?**

➤ मेरो बुबा आमाको पुर्ख्यौली पेशा भनेको कृषि नै थियो । हजुर आमा सवल हुनुहुन्थ्यो । उहाँ तीर्थव्रतका लागि वनारसमा बसेको हुनाले उहाँकै साथमा म हुर्कें, बढेँ । उहाँकै रेखदेखमा उहीं (वनारस) मैं पढेको व्यक्त हुँ ।

✍ **परिवारको कुनै पनि सदस्य यस न्यायक्षेत्रमा प्रवेश नगरेको अवस्थामा तपाइँलाई यसतर्फ आकर्षित गर्ने प्रेरणास्रोत कुन हो ?**

➢ यो संगतको कुरा हुँदोरहेछ । म जागीर (शिक्षण पेशाका) का सिलसिला भद्रपुरमा जागिरदार व्यक्तिहरूको संगतमा पुगेँ । त्यो संगतले मलाई पनि यो जागिर खानु पर्नेरहेछ भन्ने कुराको ज्ञान त्यस अवस्थामा भएको हो । त्यो संगत नजानिंदो गरी न्यायिक क्षेत्रका मान्छेहरूसँगको रहेछ । पछि मात्र थाहा भयो ।

✍ **त्यतिबेला न्यायक्षेत्रमा अध्यापन गर्ने निकाय नेपालमा थिए र ?**

➢ थिएन, त्यस्तो निकाय नभएकैले नै मेरो ध्यान अध्ययनतिर लागेन बरु वनारसमा बसेर संस्कृत अध्ययन गरें । र, त्यहीं नै मैले त्यो बेला म्याट्रिक (एस.एल.सी.सरह), मध्यमा (आइ.ए.सरह) र बी.ए.सम्म अध्ययन गर्न सफल भएँ । त्यो अवस्थाले जागिरदारहरूको संगत आदिले पारेको प्रभावले नेपालमा आइसकेपछि निजामति मध्यमा पढी पास गरेँ । त्यतिबेला कानूनी श्रेष्तासम्बन्धी अध्ययनलाई निजामति मध्यमा भन्ने गरिन्थ्यो । त्यसबखत परिक्षा दिएका परिक्षार्थीहरूमध्ये म प्रथम भएको थिएँ । सो प्रभावले मलाई सरकारी सेवामा सजिलै नियुक्त गरिएको हो ।

✍ **नेपालमा न्याय क्षेत्र पहिले र अहिलेको अवस्थामा कस्तो तुलना गर्न चाहनुहुन्छ ?**

➢ पाल्पाली जी, यसमा मलाई अलिकति भिन्नता लाग्छ । हेर्नुस्, पहिले के थियो भने साथीहरू अलिकति आध्यात्मिक चिन्तनमा लाग्ने खालका थिए । जमाना पुरानै थियो । सत्यनिष्ठामा सबैको विश्वास थियो । मनुस्मृति आदिको प्रभाव मात्र नभई त्यतिबेला परेको एउटा अमीट छाप नै

पाप र धर्मको हिसाबले सत्यकर्मी धेरै थिए ।

त्यसको शिक्षाले न्याय आदि कामहरू गर्दाखेरि नचाहिँने कामहरू गर्नुहुँदैन भन्ने पर्दथ्यो । त्यो आत्मादेखि नै झंक्रित हुन्थ्यो । हुने काम मात्र गरिदिनु पर्छ भन्ने भावना हाम्रो आत्मामा रहेको हुन्थ्यो र त्यो प्रभाव आज पनि छ । सोही आधारले यो न्याय मनुस्मृतिको आधारमा गरिदिनु पर्छ भन्ने धर्म आदि यो राम्रो र यो नराम्रो भन्ने हुन्थ्यो । यही कुरा छुटयाउने जिम्मा पाप र धर्म गुणहरू हामीलाई त्यस आधारले आउने रै'छ ।

हामीले न्याय सम्पादन गर्दाखेरि हुनेलाई नहुने र नहुनेलाई हुने पारेर कदापि काम गर्दै गरेनौं । त्यो हामीलाई हाम्रो आत्माले दिदै दिदैनथ्यो । वर्तमान परिस्थिति अलि अलग छ । हामी हालको न्यायक्षेत्रमा अधिकतर भौतिकवादीतालाई देख्छौं । त्यसो भएकोले आजका न्यायाधीशहरूलाई आधुनिकताको तडकभडकमा रमाउने आकांक्षा छ । छोराछोरीलाई बुँताले नै नभ्याउने खालका वोर्डिङ्गमा पुऱ्याउनुपरेको छ । आधुनिक मूल्यवान प्रविधिजन्य उपकरको आवश्यकता देखिन्छ । दैनिकी पनि तडकभडकमा तल्लीन देखिन्छ ।

तसर्थ यो हुने र यो नहुने भन्ने पनि त्यति लागू भएजस्तो देख्दिन । उनीहरूको सम्पादन कार्य न्याय क्षेत्रमा त्यति चुस्त भएजस्तो लाग्दैन । तर हामीले काम गर्ने समयमा चाहिँ वा मपूर्वका न्यायमूर्तिहरूले धर्मलाई आधार मानेर न्याय निरूपण गर्ने गरेको पाइन्छ । त्यसकारण यो न्यायिक क्षेत्रमा पहिलेको अवस्थासँग वर्तमान अवस्थाले मेल खाँदैन । न्यायमा त आदर्श भन्दा यथार्थतासामू उभिएर बोल्नुपर्छ । यो जिम्मेवारी आज भौतिक सुख सुविधाको प्रतिस्पर्धामा पुगेर अड्किएजस्तो पो देखिन्छ त ।

✍ **पहिलाको न्यायिक कार्य व्यवहारिक थियो भने हालको कानूनी अवस्था सैद्धान्तिक मात्र छ भन्ने कुरा पनि आउन थालेको छ नि ?**

➢ व्यवहारिक कुन पक्षलाई मान्ने वा सैद्धान्तिक कुन पक्षलाई ? सैद्धान्तिक मात्रामा न्याय सम्पादन गर्दाखेरि पनि व्यक्तिको व्यवहारिक आधार अपाङ्ग हुँदोरहेछ। मैले न्याय सम्पादन गर्दा सिधै व्यवहारिक कुराहरूलाई कानूनको दायरामा ल्याएर न्याय सम्पादन गर्न सफल बनिन्छ कि बनिदैन ? यसो गर्न सकिन्छ कि सकिदैन ? यदि सकिन्छ भने त्यसलाई कानूनी क्षेत्रमा ल्याएर कानून सम्पादन गर्नुपर्छ भन्ने मान्यता अघि सार्ने गरेको थिएँ र मलाई हाल पनि उस्तै लाग्छ।

सिद्धान्त मात्रै अघि सारेर निरूपणमा जाँदा प्रथा, प्रचलन, धर्म, परम्परामाथि खिलाफमा जान पनि हुँदैन र व्यवहारिक रूपमा अघि बढ्ने हो भने पनि तात्कालिक समयमा विकास भएका कानूनी सिद्धान्त र नजीरको बर्खिलापमा उत्रनु पनि न्यायसंगत मानिदैन। यसैले पनि यी अवस्थामा व्यवहार जहाँसुकै जाओस् सैद्धान्तिक रूपमा फैसला गर्नु पर्छ भन्नेहरू नैं असफल भएको पाइयो।

यसप्रकारका कार्यले वास्तवमा सैद्धान्तिक रूपमा मात्र फैसला त हुन्थ्यो तर त्यसको कार्यान्वयनमा प्रश्न चिह्न खडा भइसकेको हुने गर्दथ्यो र व्यवहारिक रूप विशाल समस्याका रूपमा खडा भइदिन्थ्यो। यसैले पनि यस्तो संवेदनशील विषयमा यस क्षेत्रमा लाग्ने सबैको ध्यान कानूनी रुपमा सन्तुलित हुनुपर्छ।

✍ **तपाइँ एक जना व्यक्ति साधारण नागरिक बन्दाको अवस्था र न्यायमूर्ति बन्दाको अवस्था कस्तो अनुभव गर्नुहुन्थ्यो ?**

➢ साधारण व्यक्ति रहँदा मलाई कुनै पनि दायित्व वोध नै रहँदैन, बरु एक नागरिकको रूपमा स्वतन्त्र अनुभूत गर्छ मानिसले। मलाई पनि त्यस्तै हुन्छ। तर जब म ईजलाशमा प्रवेश गर्छु तव त्यहाँ झगडिया अझ सम्बन्धित व्यक्तिहरू आउँथे विवाद त्यस अवस्थामा उनीहरूले ल्याउँथे भने मलाई के लाग्थ्यो भनेदेखि यी व्यक्तिहरू मलाई न्यायाधीश भनेर न्यायको ढोका ढक्ढकाउन आएका छन्।

उनीहरूको श्रद्धा कसरी गर्नुपर्छ र श्रद्धापूर्वक व्यवहार कसरी गर्न सकिन्छ ? भन्ने कुरा सम्झन्थेँ र त्यो न्यायिक क्षेत्रमा छउञ्जेलसम्म नै ध्यान दिन्थेँ । म त्यति श्रद्धा अरूलाई गर्दिनथेँ जति ईजलाशमा बसिसकेपछि व्यवहारमा अर्कालाई सम्मानपूर्ण व्यवहार गर्थें। यही कारण पनि न्यायिक क्षेत्रमा रहँदा मेरो एकैदिन २० वटासम्म मुद्दा पेशीमा रहँदा पनि सोही दिन सबै मुद्दा फैसला गरी सक्नुपर्नेसम्मको जिम्मेवारी रहने गर्दथ्यो ।

✍ **यो न्याय क्षेत्रमा नै लाग्छु भन्ने योजनासाथ तपाइँ लाग्नुभएको हो कि गर्दा गर्दै यतातिर आकर्षित भइएको हो ?**

➢ पहिलाको कुरा गर्दा न्याय क्षेत्रमा प्रवेश गर्नुपूर्व म स्कूलमा मास्टरी गर्थें । त्यतिखेरको जमानामा हामी प्रगतिशील व्यक्तिको रूपमा चिनिन्थ्यौं। त्यो अहिले आधुनिक युवाहरूमा सरेको छ। हामी पुराना वर्गका भइसक्यौं । यस न्याय क्षेत्रमैं जान्छु भन्ने त मैले सोचेकै थिइनँ ।

✍ **यसका लागि पारिवारिक प्रेरणा त हैन ?**

➢ घरबाट यही न्याय क्षेत्रमा जा नै भन्ने त थिएन। छोरो मास्टर भए हुन्थ्यो भन्नेबुबा आमाको मनसाय थियो । म मास्टर हुँदा त झन् उहाँ दङ्ग हुनुहुन्थ्यो। तर भइदियो के भने, बुबा आमालाई डाइबेटीज (चिनीरोग) को रोगले च्याप्यो। परिवार पनि अलि ठूलो । त्यही हुनाले पनि मैले केही जागिर गर्नु

आवश्यक थियो । घरमा खर्चवर्चको कमी नभए पनि उमेर र अवस्थाले जागिर वा केही पेशा अँगाल्नु पर्ने सामाजिक मान्यताजस्तै बनेको हुनाले पनि मैले केही गर्नुपर्ने निधो गरेँ । सोही पारिवारिक र सामाजिक कारणबाट पनि म मास्टरी गर्न लागेको हुँ ।

परिवारबाट यही क्षेत्रमा जा भन्ने प्रेरणा नमिले पनि बुबा आमाबाट ममाथि निकै भरोसा पनि भएकोले सबैबाट मलाई प्रगतिको आशिरवाद आई नै रहेकाले पनि सो कार्य एक किसिमको हौसला जस्तो भएर आयो ।

✍ **न्यायिक जीवन र व्यक्तिगत जीवनलाई कसरी समायोजन गरेर लगिराख्नु भएको छ ?**

➢ न्यायिक जीवन र व्यक्तिगत जीवनको साइनो कस्तो छ भन्नुहोला भने व्यक्तिगत जीवनमा ज्यादा सतर्कता रहन सक्दोरहछ । यस जीवनमा त आफ्नो निजी आत्मामा जे मन लाग्यो उचित देखेका कुरा फचाट्ट गरेपछि हुँदोरहेछ तर न्यायिक जीवनमा यो नहुने । यो क्षेत्र भनेको आफ्नो होइनरहेछ जस्तो हुन्छ । कारण के भने एक न्यायाधीश त पक्ष विपक्ष वा वादी प्रतिवादीको लागि मात्र हैन कि यो त राष्ट्रलाई कानूनी राजको माहौलमा लैजान अहम भूमिका खेल्ने मुख्य पात्र पनि हो । यसैले न्यायको कुरा मात्र नभएर कानूनी दायरा पनि हेर्नुपर्ने र नागरिकको प्रचलन, प्रथा, परम्परालाई पनि कुल्चिन नमिल्ने । यी कुराको धारमा रहेर न्यायक्षेत्रमा अघि बढ्नु कम चुनौतीपूर्ण होइन ।

यसैले पनि न्यायिक जीवनको मूल्य र सतर्कता अन्यका तुलनामा अत्यन्त माथि छ भन्ने मेरो ठम्याई छ । यो क्षेत्र त हर समय नैतिकताले बाँधिरहेको हुन्छ । एउटा कर्तव्यले घेरिरहेको हुन्छ । यो बन्धन र स्वतन्त्रतालाई आफूले

समायोजन गरेर लैजान जान्नुपर्छ । यदि यो जानकारी पहिले नै राख्न सकिएन भने यसैको कारण भोलिका दिनमा झनै दुःख पाउने सम्भावना पनि बढेर जान्छ। सबैले समयलाई चिन्न सक्नुपर्छ ।

✍ **वास्तवमा जीवन के हो जस्तो लाग्छ ?**

➢ जीवन त एउटा संघर्षमय घडी हो । हामी यस संसारलाई एउटा नाटचशालाको रूपमा चित्रण गरी हेर्‍यौं भने मानिस यसको नाचपात्र हो जस्तो लाग्छ। पुर्ख्यौली आशिर्वाद भन्दै दिएको कुराहरूको अगाडि खेलेर नै यो संसारबाट जानु पर्दोरहेछ। त्यही हुनाले पनि यो संसार एक नाटचशाला हो र हामी त्यसका मञ्चनपात्र। यही मेरो जीवनप्रतिको ठम्याई हो ।

✍ **धेरै मानिसहरू ब्यक्तिगत स्वार्थकै लागि काम गरेर समय कटाइरहेको देखिन्छ तर तपाइँ सार्वजनिक सेवाका क्षेत्रमै समय लगानी गरिरहनु भएको छ । यसबाट यहाँमा कस्तो सन्तुष्टि मिलेको पाउनुहुन्छ ?**

➢ हेर्नुस्, पाल्पाली जी ! म विद्यार्थी अवस्थामा र शिक्षक अवस्थामा पनि एउटा नैतिकताको आधार लिएर अघि बढें । मादक पदार्थ सेवन गर्नु हुँदैन, जुवा तास खेल्नु हुँदैन, अनि धूमपान गर्नुहुँदैन भन्ने जस्ता कुरामात्र हैन अनावश्यक समय वर्वाद गरेर बस्ने काम पनि घातक हुन्छ आदि तथ्यमा अघि बढाउने किसिमको शिक्षा सानैदेखि पढेको हो । त्यही शिक्षाको आधारमा नै शिक्षक भएर सोही पाठ सिकाउँदा सिकाउँदै ८ वर्ष काम गरेको समय वितेको पत्तै पाइन । त्यसो भएको हुँनाले परोपकार पनि गर्नुपर्छ भन्ने धारणा यी माथिका भनाईका प्रभावले पलायो ।

मेरा गुरु छविलाल पण्डित हुनुहुन्थ्यो । उहाँ पूर्वाञ्चलको

व्याकरणाचार्य पनि भएकाले उहाँको ख्याती टाढा-टाढासम्म फैलिएको थियो। उहाँले जति वृद्ध अवस्थामा पनि सार्वजनिक काम नै गरिरहेको देखेको हुनाले सोही कार्यबाट प्रेरणा लिएर पनि केही गर्नतिर मेरो मन तानिएको हो। फुर्सद नहुने गरी काम गर्नुपर्छ भन्ने कुराहरू पनि भुल्न हुँदैन नत्र त्यतिबेला काम नगरेको भए म अहिले यो अवस्थामा हुन्थेँ होला त ? अहिलेको अवस्थामा आइपुग्न मलाई त्यो वातावरणले ठूलो भूमिका खेलेको हो। यो मेरो लागि सौभाग्यको कुरा हो। हालका दिनमा त झन् बढी प्रतिस्पर्धा र लगनशीलता हुनु जरुरी भैसकेको छ।

✍ **अहिलेजस्तो त्यतिवेलाका कामहरू व्यक्तिगत स्वार्थमा हुन्थे वा सार्वजनिक ?**

➢ त्यतिबेला र अहिलेको तुलना नै गर्न सकिदैन। त्यो समयमा कामप्रतिको दायित्वबोध थियो र अलिकति नैतिकता र प्रशासनको डर पनि, तर आज त्यो रहेन। त्यतिबेला घरको सादा खाना खाएर सार्वजनिक सेवा हुन्थ्यो तर अहिले भने भन्दा समाजसेवी तर तलब, भत्ता, टीएडीए नदिए कामै गर्दिन भन्ने ! यस्तो पनि कहीं सुहाउने कुरा हो ?

✍ **सामाजिक काममा कतैबाट अवरोध हुन्थे कि ?**

➢ यस क्षेत्रका कामहरू गर्दा सानैदेखि हात हालेको हुँदा पनि आरम्भमा केही समस्याहरू नदेखिएका हैनन्, तर मलाई मेरै साथीहरूबाट- हेर, नन्दप्रसादले प्रगति गर्नेभयो भन्ने लागेर उब्जाएको बखेडाले कुनै कुनै कामहरू पूरा गर्न नपाउने स्थिति देखा पर्‍यो। यसो हुँदाहुँदै पनि मैले काम गर्न छाडिन। अवरोध ल्याउनेले ल्याउँदै गर्छ काम गर्न त छोड्नु हुँदैन भन्ने लाग्यो र सोही अनुसार कामहरू गर्दै

अघि बढेँ । म कहिल्यै पनि कार्यमा कसैबाट प्रेरित भइन र निस्वार्थ भावनाले अघि बढेँ । साथीहरू चाहिँ अर्को बाटो लाग्नुभो त्यसले के प्रभाव पाऱ्यो भने म चाहिँ सात्वीक भावनासहितको बाटो लागेँ तर उहाँहरू प्रतिस्पर्धा सहित खानपानमा पनि फरक देखिदै गएकाले मलाई त्यो समस्याले निकै पिरोल्यो ।

✍ **व्यक्तिले एउटा आफ्नै नाममा संस्था, गुठी वा अझ भनौं ट्रस्ट नै खोलेर चलाउने गरेको पाइन्छ । तपाईंको नाममा हाल कुनै त्यस्तो संस्था छ ?**

➢ मेरो नाममा हालसम्म कुनैपनि त्यस्तो खास संस्था त छैन । त, के भने मैले नेपाल रेडक्रस सोसाइटी चन्द्रगढी उपशाखा भद्रपुरलाई केही जग्गा सहयोगस्वरूप प्रदान गरेपछि हाल सो स्थानमा रेडक्रस भवन बन्दैछ । त्यस्तै व्यक्तिगत रूपमा स्थानीय मेची क्याम्पसलाई आर्थिक सहयोग प्रदान गरेको छु त्यस्तै देवकोटा स्मृति भवन आदिक्षेत्रमा केही योगदान गरी कार्य सम्पन्न गरेको कुराले बेलाबेला मलाई पुलकित पारिदिन्छ ।

✍ **देवकोटा स्मृति भवनका कुरा आयो, तपाइँको साहित्यिक रुची कस्तो छ ?**

➢ सानैदेखि कविता गुनगुनाउने तथा रचना गर्ने त गरियो तर प्रकाशनको त्यस्तो कुनै योजना पनि भएन । यसैले पनि पत्रपत्रिकामा तत्कालिन समयमा फुटकर रूपमा प्रकाशन गर्नु बाहेक कृतिकै रूपमा साहित्यिक सिर्जना गरिएको छैन । विशेषगरी साहित्यविधामा नाट्यक्षेत्र मेरो रुचीको विषय हो । म आफैले नाटक लेखेको पनि अनुभव हुनाले यो क्षेत्रमा जाँन अझै पनि उत्सुकता जागेर आउने गर्छ । राजा सिद्धार्थको भूमिकामा अभिनय गर्दा मलाई जीवनकै

आनन्द मिलेको अनुभूति हुन्छ । पहिले पनि यो रोलमा अभिनय गरिसकेकोले मैले त्यतिबेला त्यस्तै अनुभव गरेको थिएँ ।

✍ **साहित्यगोष्ठी कत्तिको हुन्थे त्यतिबेला ?**

➢ सामाजिक क्षेत्रमा लाग्दा साहित्य गोष्ठीमा जान औधी मन पर्ने गर्थ्यो । त्यो आज पनि उस्तै छ । कुनै कुनै कार्यक्रममा कविता वाचन गरेको पनि छु । ठूला मान्छेहरूको देखासिकीमा कवितालेखन अघि बढ्यो । अनुशासित रूपमा अध्ययन गर्नु र सुन्नु मेरो दैनिकीको रूपमा चल्थ्यो ।

✍ **नाटक रचना कृतिका रूपमा प्रकाशित भएको छ कि छैन ?**

➢ पाल्पाली जी, त्यो कृतिगत रूपमा अहिलेसम्म प्रकाशित भएको छैन फुटकर रूपमा कविताहरू पत्रपत्रिकामा धेरैनै प्रकाशित गरियो र अझै पनि बेला बेला हुने गरेका छन् ।

✍ **न्यायक्षेत्रबाट अवकाश पाइसकेपछिको फुर्सदको समयमा पुराना रचना संग्रह गर्ने कुनै योजना छ कि ?**

➢ (हाँस्दै) हेर्नुस्, यस्ता खास योजनाहरू त बनाएको छैन । प्रकाशनको तयारीमा पनि अहिले केही सोचेको छैन । मेरा बालसखाहरू, जस्तो भवानी प्रसाद घिमिरे, एस.एल.शर्मा, डिल्लीराम निर्भिक तारा विविध, साहित्यकार चुडामणि रेग्मी आदिले मलाई बेलाबेला झक्झक्याउने काम गरिरहनु त भएकै थियो । आज त्यो सम्झना ताजै छ कि- तँमा साहित्यिक ऊर्जापूर्ण प्रतिभा छ । यसलाई किन प्रकट गर्दैनस् ? लेख, रचना तयार गरेर अघि बढ् ! आफ्नो प्रतिभालाई यत्तिकै कुण्ठ्याएर मार्नुहुँदैन । तर त्यतिबेला अलिकति व्यवहारिक झण्झटले गर्दा हो कि के कारणले हो म त्यतातिर तानिन सकिरहेको थिइनँ ।

**✍ साहित्य भावनात्मक कुरा भयो भने न्यायक्षेत्र यसको तुलना कानूनी तथ्यगत कुरा भयो, यी दुई भिन्न पाटाको समायोजन कसरी मिलाउनु भएको छ ?**

➢ यी दुई आ-आफ्नै ठाउँमा छ। न्याय सम्पादन गर्ने आफ्नो ठाउँमा छ। यो क्षेत्र नै अर्कै हो । साहित्यको कुरा जुन विषय छ यस क्षेत्रको भर्सन नै अर्कै छ। साहित्यिक जमघटमा जाँदाखेरी म एउटा साहित्यिक प्रेमी र स्रोता नन्दप्रसाद भएर जान्छु र सोही अनुसार उभिएको हुन्छु। यसको ठीक विपरीत न्यायिक क्षेत्रमा जाँदा न्यायमूर्तिले गर्ने वा निभाउने भूमिका सम्झदै यसको दायित्वबोध गरेर ईजलाशमा बसेको हुन्छु ।

**✍ आत्मासन्तुष्टि कतिबेला मिलेको अनुभव गर्नुहुन्छ ?**

➢ यो आत्मसन्तुष्टी भन्ने कुरा कस्तो हुँदोरहेछ भने मासिको आ-आफ्नै र अनेक इच्छा हुन्छन् । कसैले कुरा गर्दा आत्मसन्तुष्टी मिल्छ, कसैले चुरोटमा सन्तुष्टी देख्छ भने कसैले रक्सीमा आफ्नो सन्तुष्टी पाउँछन्। यसरी हेर्दा हरेकको सन्तुष्टीका पाटाहरू फरक फरक हुन्छन् । तर मेरो आत्मसन्तुष्टी चाहिँ अर्काको चित्त नदुखाई रचनात्मक कार्य गरेको बखत सन्तुष्टी मिल्दछ ।

मबाट उँच-नीच आदि शब्दको व्यवहारिक प्रयोग कहिल्यै भएन र कसैले गरेको अवस्था देखेमा पनि सह्य हुँदैन । यस प्रकारले कसैको चित्त दुखाउने काम कसैबाट पनि नहोस् भन्ने मेरो चाहना हो । र, आफूलाई कार्य सम्पादनको हिसाबले आत्मसन्तुष्टी रहेको व्यक्ति ठान्दछु । किनभने ममा मेरो बुबा आमाको पूर्ण आशिर्वाद पनि छ । मेरो धर्मपत्नीको पनि मलाई हरेक क्षेत्रमा प्ररणा र प्रोत्साहन मिलेको छ। कारण, उहाँहरूले मलाई प्रगति उन्मुख होस्

भन्ने कुरा एवं आफूले दुःख भोगेर पीा खपेर पनि मेरो पति माथिल्लो स्थानमा पुग्न सकोस् भन्ने सदासयताले गर्दा मलाई यो स्थानमा पुग्न सफल बनाएको हो ।

✍ **भोलिका दिनमा बाँकी समय कसरी विताउने योजनामा हुनुहुन्छ ?**

➢ मेरो मुख्य लक्ष्य कसैलाई दुःख नदिनु हुनेछ । मनसा, वाचा, कर्मणा कसैको चित्त अलिकति पनि नदुखोस् भन्ने मेरो प्रमुख लक्ष्य हुनेछ । सत्यनिष्ठा, अनुशासन एवं नैतिक तथा सामाजिक दायित्वबोध गरी सार्वजनिक सेवाका काममा लाग्नु मेरो जीवनको अर्को मुख्य मार्ग बन्नेछ । सामाजिक लोभ लालच पनि मबाट हुँदैन । विशुद्ध तरिकामै काम गर्दै जाने र सकेसम्म एउटा समाज सेवी बनेर बाँच्न पाए हुन्थ्यो भन्ने मेरो चाहना छ । यही क्षेत्र र कार्यमा लाग्दा लाग्दै मेरो जिन्दगी वितोस् भन्ने मेरो आत्माको झंकार हो, उत्कण्ठा हो ।

✍ **आउने समयको देशलाई कसरी समृद्ध बनाउन सकिन्छ भन्ने कुरामा तपाइँको के राय छ ?**

➢ भोलिको देशलाई विकसित बनाउन आजका युवाहरू सक्रिय अनुशासित बनेर काम गरुन् । कसैले कसैलाई शोषण गर्ने वातावरण नबनोस् । आत्मासंयमी र नैतिकवान भएर काम अघि बढाउनेको ओइरो लागोस् भन्ने मेरो चाहना र अन्तरभावना हो तर यो प्रवृत्ति अहिलेको पुस्तामा देखिएको जस्तो लाग्दैन । भोलिको दिनमा समयले कस्तो भूमिका खेल्ने हो ? त्यो भन्न सकिदैन । राम्रो भयो भने अर्कै कुरा हो तर यो अहिलेको अवस्थालाई हेर्दा त्यो देखिरहेको छैन ।

✍ **न्यायक्षेत्रको सवल विकासका लागि के गर्नु पर्ला ?**

➢ न्यायक्षेत्रको कुरा चाहिँ भौतिकवादी चिन्तन लिएर जुन

मान्छे न्यायक्षेत्रमा प्रवेश गर्छ त्यो भयो भने यो न्यायक्षेत्र कहिल्यै पनि शुध्रँदैन । सेवा भावना लिएर पवित्र आत्माले कर्तव्य, धर्म, पापको ख्याल गर्ने भावनासाथ प्रवेश गरेको व्यक्ति यस क्षेत्रमा संख्यात्मक र गुणात्मक किसिमले बढी भए भने पक्कै सुध्रेर जाला भन्ने आशा गर्न सकिन्छ ।

**तपाइँ पूर्व मेचीदेखि पश्चिम महेन्द्रनगरसम्म नै न्यायिक निकायमा अञ्चल न्यायाधीशजस्तो गरिमामय पदमा रहेर न्यायसम्पादन गर्नुभयो, यस कालमा तपाइँले मेची-महाकालीको क्षेत्रगत न्यायिक भिन्नता कस्तो पाउनुभयो ?**

➢ म सानैमा पहाडी क्षेत्रमा नै हुर्के खेलेको मान्छे हुनाले पनि मलाई पहाडी जीवन अत्यन्त राम्रो लाग्छ । यी क्षेत्रमा पनि मेरोलागि अनुकुल छ भनेजस्तो लागेको थियो । तर, म जिल्ला न्यायाधीशमा नियुक्त भएपछि पाएको सुदूर पश्चिमको सरुवाले म त्यताको यात्रामा पाल्पासम्म ठिकै पाएँ । यसदेखि पश्चिम लागिसकेपछि मलाई त के लाग्यो भने- के यो नेपाल नै हो र ? म त विदेशमा पो रहेछु भन्ने आभाष मैले पाएँ ।

पाल्पालीजी, म त नेपालको अनुभव केही पनि गरेको रहेनछु भन्ने कुरा त्यता लागेपछि मलाई भयो । यस क्षेत्रमा हामीले कमसेकम एउटा निश्चित पोशाक त लगाउँछौं नि, निश्चित समयमा खाना त खान्छौं नि, तर त्यहाँका बासिन्दाको त बाध्यता भनौ वा परम्परा समयमा खाना खाने वा राम्रो पोशाकमा सजिने भन्ने आदि लगाउने वस्तुको बारेमा त विचारशून्य पो लाग्यो । सभ्यताको अभाव र महत्व त्यहाँ गएपछि बल्ल अवगत भयो । विकासको दृष्टिले, सभ्यताको दृष्टिले, शिक्षा, यातायात, सूचना, बत्ती आदिको हिसाबले पश्चिम क्षेत्र निकै पिछडिएको रहेछ जुन अहिले पनि अन्य पूर्व, मध्यक्षेत्रको तुलना यहाँ

विकास पक्कै भएको छैन होला ।

✍ **यतिबेला तपाइँलाई यो क्षेत्रका बारेमा के लाग्यो ?**

➢ म त भ्रममा रहँेछु । म नेपाली नै होइन कि ? जस्तो मलाई लाग्यो । भाषा, रहन-सहन, वेषभूषा, बोलीचाली आदिका हिसाबले पश्चिमी पहाड पूर्वी पहाडको तुलनामा पुग्न अरू सयकडौं वर्ष लाग्छ । यस्तै पश्चिमी तराईको अवस्था पूर्वी तराईको तुलनामा अझै पनि उस्तै छ । पूर्वको तराईको अवस्थामा आउन त्यो क्षेत्रलाई सयौं वर्ष कुनुपर्छ जस्तो लाग्छ । म त्यहाँ पुग्दा अझ विकराल स्थिति थियो । पश्चिम क्षेत्र अत्यन्त विकट र शिक्षा र विकासको पहुँच पुग्न नसकेको अवस्थामा गुज्रिरहेको लाग्यो ।

✍ **तपाइँको बितेको जीवनमा सबभन्दा खुशी र दुःखी पार्ने क्षणको सम्झना गर्नुपर्दा कुन समय र घटनालाई लिनुहुन्छ ?**

➢ यो खुशीको क्षण त मलाई कस्तो लाग्यो भने न्यायक्षेत्रमा मेरो बुद्धिले भ्याएसम्म राम्रो काम गरेँ मैले । सोही कामको मूल्याङ्कन स्वरूप तत्कालिन राजा श्री ५ वीरेन्द्रले मेरो ढाडमा धाप मारेर गोर्खा दक्षिणबाहुको लकेट गलामा पहिऱ्याइदिँदा जागीर जिन्दगीमा मलाई सर्वाधिक खुशी लागेको थियो ।

दुःखको क्षणलाई सम्झनुपर्दा के कुरा अघि आउँछ भने जागीरबाट निवृत्त भइसकेपछि २०५६ सालमा जब म संसदीय प्रतिस्पर्धामा उठेँ, यही क्षेत्रबाट जनसेवा गर्छु भन्ने मेरो मनसाय थियो । त्यसकारणले पनि म २०५६ को आम चुनावमा उठेँ । तर सो निर्वाचनमा मेरो पराजय भयो । यो समय मैले अलिकति दुःख महसुस गरेँ । सायद न्यायक्षेत्रबाट एक्कासि सो क्षेत्रमा प्रवेश गरेकाले पनि होला निर्वाचन जित्ने कसरी भन्नेमा म अनभीज्ञ नै थिएँ । यसैले यो

घटनाले मलाई बेखुशी एवं दुःखी तुल्यायो ।

✍ **तपाइँ पूर्व मेची किनारको एक शहरमा हुर्के पढेको मान्छे, रेडक्रसको केन्द्रिय सदस्य हुँदै "यशस्कर" उपाधि प्राप्त व्यक्ति न्यायक्षेत्रमा पनि अन्ञ्चलको न्यायप्रमुखजस्तो पदमा काम गर्नु भयो । खाद्य संस्थानमा भएगरेका काम कारवाही सम्बन्धी छानबीन आयोग-२०४८ र कृषिसम्बन्धी अनियमितता छानबीन आयोग-२०५० का गरी दुई पल्टसम्म राष्ट्रिय स्तरको आयोगको प्रमुख (अध्यक्ष) भई कार्य सम्पन्न गर्नुभयो । यसरी कार्य गर्ने जिम्मेवारी पाउनुभयो, यो सम्पूर्ण सफलताको श्रेय कसलाई दिनुहुन्छ ?**

➢ सर्वप्रथम त यो वातावरण बनाइदिने जन्मदाता मातापितालाई नै यो श्रेय जान्छ । दोस्रो पाटो आफू दुःखमा परेर पनि मलाई प्रगतिको बाटोमा पार लगाउने मेरी पत्नी राधाको प्रेरणा र प्रोत्साहन अनि उत्साह दुबै पक्षको समीश्रणबाट नै यहाँसम्म आइपुगें । ममा बुबा-आमाको आशिर्वाद छ । आजसम्म पनि पत्नीबाट प्रेरणाहरू पाइरहन्छु भने मेरो सफलतामा साथ दिने साथीभाइको गुन भुलें भने पनि म अपूरो हुन्छु भन्ने लाग्छ ।

✍ **अन्तमा केही भन्नु पर्ने कुरा छ कि ?**

➢ खासै त्यस्तो त केही देख्दिन । तथापि म अहिले जुन जिन्दगी व्यतित गरिरहेको छु यो जिन्दगी सफल हुनुमा मेरा बाबुआमा, पत्नीको सुभेक्षा आशिर्वाद हो भने मेरा सहपाठी साथीहरूको सहयोगले म यहाँसम्म आइपुगेको हुँ । यदि यही तरिकाले नै भोलिका दिन पनि सुखमय बन्दै सामाजिक क्षेत्रमा काम गर्न पाएँ भने मेरो चाहना पूरा हुनेथियो भन्ने उत्कण्ठा छ । यसबखत तपाइँले पनि यो अन्तर्वार्ता सुनी मेरा कुरा उनिदिनुभएकोमा हार्दिक धन्यवाद दिन्छु ।

सामाजिक कार्यपत्र लेखनमा नन्दप्रसाद

# स्थानीय संघ-संस्थाले खेल्नपर्ने भूमिका

नन्दप्रसाद पौडेल

बी.पी. ग्रामीण विकास तथा सेवा केन्द्र झापा, प्रजातन्त्र पुनर्वहाली पश्चात् समाजकल्याण गर्ने उद्देश्यले यस्ता धेरै संघ संस्थाको अझ बढीमात्रामा उदय भएको छ। नयाँ खोलिएका र पुराना संघ संस्थाहरूको उद्देश्य के हो ? तिनले समाजमा खेल्नुपर्ने भूमिका के कस्तो हुन्छ, हुनपर्दछ, त्यसको परिचालन के कसरी भइरहेको छ ? यसको विश्लेषण र विवेचना गर्नु यहाँ उपस्थित कलमजिवीलाई सामान्य कुरा भए पनि मेरो निम्ति निक्कै असुविधाका अनुभव भइरहेको छ । तर पनि आयोजकको आग्रहलाई स्वीकार्दै यसले समाजमा खेल्नुपर्ने भूमिकाका सम्बन्धमा सूक्ष्म रूपमै भए पनि यो कार्यपत्र प्रस्तुत गरिएको छ ।

## संघ-संस्थाहरूको भूमिका

मानिस समाजमा नै जन्मन्छ, समाजमैं हुर्कन्छ, बढ्छ र मर्दछ। समाजदेखि ऊ अलग रहिरहन सक्तैन। त्यसैले मानिस सामाजिक प्राणी हो तापनि ऊ बहुधा व्यक्तिपरक नै हुन्छ । लाखौंलाख मानिसमध्ये २/४ जना मात्र धन्यवादका पात्र हुन्छन्, जो अनेकौं कठिनाइको बाबजुद पनि समाज कल्याणसम्बन्धी सामाजिक कार्यमा अभिरुचि राख्तछन्। सामाजिक कार्यका अध्ययन, मनन् र चिन्तन गर्दछन् । यस्ता जनसेवामा समर्पित संघ-संस्थाहरूको भूमिका निम्नानुसार हुनुपर्छ भन्ने मेरो धारणा छ ।

समाजका बाल, वृद्ध, अ:सहाय, अपाङ्गहरूको हित गर्नु महिला हकहितको रक्षा गर्नु र विकास कार्यमा सहभागितामा बृद्धि गर्नु

बाल अपराध, कुलत, सामाजिक विकृति हटाउनु, समाजिक विकृतिबाट पीडित व्यक्ति वा परिवारलाई मर्यादित, सम्मानित जीवन यापन गराउनु, वेरोजगार, गरीब, अशिक्षित व्यक्तिहरूका लागि रोजगारीको व्यवस्था गर्नु, सम्मानित जीवन यापन गराउने वातावरण सिर्जना गर्नु, पिछ्रगिएका समुदाय वा वर्गको हितका निम्ति आवश्यक व्यवस्था मिलाउनु, अर्थात् नेपाली समाजको सर्वाङ्गीण विकासका लागि समाजकल्याण र सोसँग सम्बन्धित विभिन्न क्रियाकलापलाई देशको विकास कार्यसँग सम्बन्ध गराई समाजका कमजोर र अ:सहायवर्ग वा समुदायलाई खुशी पार्दै सम्पन्न जीवन यापन गर्न सक्षम बनाउनु नै वर्तमानमा संघ संस्थाहरूको मुख्य भूमिका हुनुपर्दछ । यसमा मानवीय सेवा गर्ने संस्था स्वतन्त्र, तटस्थ र निष्पक्ष हुनुपर्दछ । नेपाली समाजमा प्रचूर मात्रामा स्थापना भएका यी संघ संस्थाहरूले खेल्नुपर्ने अहं भूमिका खेल्न सकिरहेका छन् वा छैनन् ? त्यसको कारण के हो ? त्यसमा समस्या केके छन् त्यसतर्फ विश्लेषणात्मक विवेचना गर्दा निम्म अनुसारका समस्याहरू हाम्रा सामू देखा पर्दछन् ।

क) संघ संस्थाहरूको तत्कालीन पञ्चायती व्यवस्थाको अन्त्यपछि व्यवस्था परिवर्तन हुनुको साथसाथै प्रजातान्त्रिक परिपाटी अनुसारको क्रियाकलाप अपनाइनु पर्नेमा ३० वर्षे पञ्चायत शैली र संस्कारबाट अझै पनि मुक्त हुन नसक्नु ।

ख) चल अचल सम्पत्ति, जग्गा जमीन, घर निर्माण वा कोठा निर्माण गरी चन्दा सहयोग स्वरूप संघ संस्थालाई समर्पण गर्न उदार चन्दादातालाई जुन काममा मैले पवित्र मनले समर्पित गरेँ- त्यो चीज त्यही काममा सही रूपले खर्च भएको छ वा सही ठाउँमा प्रयोग भइरहेको भन्ने कुराको विश्वास संघ संस्थाद्वारा दिलाउन नसक्नुका साथै चन्दादाता वा दातृसंस्थाप्रति कृतज्ञता प्रकट गर्न यदाकदा कन्जुस्याइँ गरिएको हुँदा त्यस्तालाई

सम्मानित र न्यायोचित व्यवहार गरिरहेका छौं भन्ने महसुस गराउन नसक्नु ।

ग) प्रजातान्त्रिक मुलुकमा जुनसुकै सरकार आए पनि लोक कल्याणकारी कार्य गर्नु नै उसको कर्तव्य र दायित्व हुन्छ। तर त्यस्ता कार्य सरकारी निकायमार्फत् मात्र गर्दछु भन्नु ठीक नहुने र सही रूपमा परिचालन गर्न नसक्ने हुनाले उसले संघ-संस्थालाई बढी भन्दा बढी प्रोत्साहित गर्नुपर्दछ। आर्थिक सहयोग श्रोत जुटाई दिनुपर्दछ । जसको अभावमा संघ-संस्था लङ्गडा भइरहेका छन् ।

घ) संघ संस्थामा काम गर्ने समाजसेवीहरू संकीर्ण स्वभावको एकदमै हुनुहुँदैन । ऊ उदार, सौम्य, शान्ति, सहिष्णु, अनुशासनशील, विनम्र, इमान्दार, निस्वार्थी, नैतिकताप्रति स्वस्फूर्त निष्ठावान भएको हुनुपर्नेमा त्यसको अभाव ।

ङ) जुन संघ संस्थामा रही काम गरिन्छ, त्या संघसंस्थाको सम्पत्तिलाई आफ्नो सम्पत्ति भन्दा पनि मूल्यवान ठान्ने मानवीय प्रवृत्ति र सद्‌गुणयुक्तताको कमी । त्यस्तै समाजसेवीहरूमा पर्याप्त रूपमा हुनु पर्ने सम्पत्तिको कमी र परिपञ्चताको अभाव । संघ संस्थामा प्रवेश गर्दा समाजसेवीहरूले निस्वार्थ भावनाले प्रवेश गर्नुपर्ने संस्कारको विकासको अभाव ।

च) समाजसेवीहरूमा सदा कर्तव्यप्रति सतर्कता, सामाजिक जागरुकता, मर्यादा र समय दिन सक्नुका साथै एक अर्को सामाजिक कार्यकर्ताबीच समन्वयात्मक सम्बन्ध र भाइचारको सुमधूर सम्बन्ध आवश्यक छ न कि सत्रूतापूर्ण वव्यवहार होस् । अहंकारयुक्त वानी र अर्काको खुट्टा तान्ने प्रवृत्तिले गर्दा वर्षौं वर्ष कतिपय संघ संस्थामा समय लगाई वैज्ञानिकहरूले अन्वेषण र गवेषण गरी पत्ता लगाएको क्यान्सर रोगले घर जग्गा सकेको प्रतीत भइरहनु राम्रो होइन ।

स्व.बी.पी. कोइराला जस्तो त्यागी, तपस्वी र दूरदर्शी मानव यो देशले जन्माएकै छैन । उहाँको भनाई थियो- "नेपाल गाउँ नै गाउँले भरिएको देश हो । गाउँको विकास नै नेपालको विकास हो । गाउँले जनतालाई फाइदा पुऱ्याउने, उनीहरूले नै चलाउन सक्ने प्रविधि चाहिएको छ, गाउँको वेवास्ता गर्ने विकास चाहिएको छैन ।" त्यस्तै उहाँको इच्छा थियो- गाउँको नहर, पानी, स्वास्थ्य, शिक्षा, आवास र सांस्कृतिक परम्परालाई सर्वाधिक महत्व दिनु, गाउँको वेरोजगारी हटाउन बाटा-घाटा निर्माण गर्ने वातावरण बनाउनु आदि कुरामा बढी चिन्तित हुनुहुन्थ्यो । उहाँको धारणा अनुसार प्रत्येक नेपालीले संकीर्ण भावना भन्दा माथि उठेर सामूहिक रूपमा हाम्रो देश, हाम्रो विकास, हाम्रो उन्नति भन्ने आदर्शबाट अभिप्रेरित हुँदैनन् । तवसम्म नेपाली समाज बन्न सक्दैन । यी भनाइहरू अति गहन र शिक्षाप्रद छन्, हिजो पनि यसको महत्व थियो आज छ र भविष्यमा पनि रहिरहनेछ ।

यस्ता ऐतिहासिक प्रजातन्त्रका सेनानी महामानव बी.पी.कोइरालाको ग्रामीण विकास गर्ने उच्चतम भावना र आदर्शलाई साकार रूप दिने उद्देश्य एवं लक्ष्य लिएर करीब एक वर्ष अगाडि यो संस्थाको स्थापना भएको हो भन्ने मलाई लागेको छ । समाजमा विद्यामान समस्याको अध्ययन तथा अनुसन्धानद्वारा समाधानका उपाय वा मागको खोजी र त्यसको प्रयोग एवं मानवोचित सीपमूलक विकासद्वारा समाजको उत्थान गर्नु नै यो केन्द्रको मूल उद्देश्य रहेको छ, हुनुपर्दछ । यति छोटो अवधिमा नै यसले ग्रामीण क्षेत्रमा खानेपानी, स्वास्थ्य, सीपमूलक कार्य, पर्यावरण, तालिम, गोष्ठीमा सहभागिता, पत्राचार, आदिवासी समुदायको बालबच्चामा निःशूल्क शिक्षा प्रदान आदि विषयमा धेरै नै उपलब्ध गरेको छ ।सम्पन्न गरिएका कार्यक्रम र आगामी कार्यक्रम निम्नानुसार छन् ।

१) आद्र (Adventist Development Relige Agency) नामक

अमेरिकी संस्था र जनकल्याण परिषदको केही आर्थिक सहयोगमा ग्रामीण क्षेत्रमा खानेपानीका कल थान १ सय ५८ वितरण गरिएको छ भने १६ ओटा इनार पनि निर्माण गरिएको छ ।

२) विभिन्न अति आवश्यकीय ठाउँहरूमा स्वास्थ्य चौकी बनाउने लक्ष्य रहेको छ। ओठ काटिएका २५ जनाको ओठ डाक्टरद्वारा सिलाउने काम भएको छ । बाहुनडाँगी गाविस वडा नं. ४ मा भृकुटी स्वास्थ्यकेन्द्र स्थापना गरिएको छ ।

३) कुष्ठरोग लागेका व्यक्तिलाई आंशिक रूपमा नै भए पनि सही उपचारको व्यवस्था गरिएको छ ।

४) हालसम्म अपाङ्गहरूलाई १४ जोर बैशाखी बाँडिएको छ ।

५) विभिन्न जन्मजात रोगीहरूको शल्यक्रिया गर्ने कार्यक्रम छ। खुट्टा नहुने रोगीहरू १२ जनालाई क्रितृम खुट्टा (Artificial Leg) लगाई दिन सिफारिस गरिएको छ। उनीहरू चाँडै नै उपचार गर्न साधनसम्पन्न ठाउँमा जाँदैछन् ।

६) एकजना दाताले दिनुभएको ज्यामीरगढी गाविस अन्तर्गतको आवश्यकीय जग्गामा निकट भविष्यमा नै सामुदायिक स्वास्थ्यचौकीको सिलान्यास गर्ने कार्यक्रम छ ।

७) विग्रँदो पर्यावरण स्वच्छ राख्ने कार्यमा सक्दो सहयोग पुगोस् भन्ने भावनाले सिसौं, जामून, फलफुलका बिरुवा मगाई वृक्षरोपणका लागि विभिन्न संघ संस्थामार्फत् केही ग्रामीण क्षेत्रमा वितरण गरिएको छ ।

८) टेनिङ्ग (शिक्षा) : नेतृत्व विकासतर्फ यस संस्थाले महिला मुक्ति कार्यक्रम, महिला सीप विकास कार्यक्रम राखी जम्मा २ सय ३० ग्रामीण महिलाहरूलाई तालिम दिइएको छ ।

९) अहिलेसम्म ९ वटा केन्द्रमा सिलाई मेशीन राखी अ:सहाय महिलाहरूलाई सिलाई बुनाईको रोजगारी दिइएको छ ।

१०) सेमिनार गोष्ठीमा भाग : हालसम्म ८ जना सहभागीहरूले काठमाडौंमा भएको संघसंस्थाहरूको सेमिनार गोष्ठीहरूमा भाग लिएका छन् ।

११) सार्क मुलुकहरूमा सामाजिक संघ संस्थाहरूसँग सुमधुर सम्बन्ध कायम गर्ने कार्य एवं सद्भावपूर्ण भ्रमणहरू पनि भएका छन् । जसमध्ये गान्धी पीस फाण्डेशन नयाँ दिल्ली, आनन्द निकेतन आश्रम गुजरात, वीगन आश्रम पुणे, शान्ति निकेतन त्रिवेन्द्रम, विवेकानन्द आश्रम कन्याकुमारी, ज्ञानोनयन प्रोवेश बंगलादेश आदि ठाउँहरूमा प्रतिनिधि पठाई त्यहाँका संघ-संस्थाहरूको अध्ययन तथा अनुभव हासिल गरिएको छ ।

१२) यस संस्थाका केही सदस्यहरूले सर्भिस इन्टरनेश्नल मेम्बरशीप लिएको छ ।

१३) होम हस्पिटालिटि तेस्रो मुलुकसँग यस केन्द्रको पत्राचार भै सामाजिक संघ संस्थाको कार्य हेर्न आउने निमन्त्रणा (अफर) प्राप्त भएको छ ।

१४) यस केन्द्रको माध्यमद्वारा विभिन्न विद्यालयका विद्यार्थीहरूलाई युनिभर्सल करेस्पन्डेन्स कोर्श गर्न सहयोग गरिएको छ । अहिलेसम्म ९ स्कुलका छात्रछात्रा यस कार्यक्रममा सरिक छन् । क्रमशः यसको संख्या बढाउने विचार भइरहेको छ ।

१५) मानव अधिकारको सम्बन्धमा विकास गर्न महिला एम्नेष्टी समूह (Women Amnesty Group) निर्माण गर्नेतर्फ यस संस्थाको ध्यान गएको छ ।

१६) आदिवासी समूदायको बीचमा गै उनीहरूको बालबच्चाहरूको ट्यूशन लिने काम पनि यस संस्थाले गरेको छ । आदिवासी बूढाबूढीहरूको भेलामा बालबच्चा आउन त्यति नरुचाउने तर बालबच्चाहरूको अनौपचारिक ट्यूशन लिँदा हाम्रा बालबच्चाहरू कसरी के भन्दछन् के सिक्दछन् भन्ने जिज्ञासावश

आदिवासी बूढाबूढी सबै परिवार नै आउँने गरेको देखिँदा अनुभवको आधारमा यसरी धेरै सकारात्मक उपलब्धि प्राप्त भएको कुरा यहाँहरूसमक्ष अवगत गराउन चाहन्छु ।

१७) ग्रामीण आदिवासी केही क्षेत्रमा निकट भविश्यमा प्रौढ साक्षरता अभियान सञ्चालन गर्ने यस संस्थाको कार्यक्रम रहेको छ ।

१८) यस संस्थाले कृषि उपजको अधिकतम लाभका लागि कृषि क्षेत्रमा केही कार्य गर्ने विचार राखेको छ । केन्द्रिय, जिल्ला विकास समिति, गाउँ विकास समितिको योजना अन्तर्गत नपरेका गाउँका स-साना किसान कुलो, वल्लो गाउँबाट पल्लो गाउँ जान किसान बाटो, किसान पुस्तकालयको स्थापना, दिन प्रतिदिन ह्रास हुँदै गएको स्थानीय सीपमूलक कार्यक्रम जस्तै- झालन र झोला बुनाई, हिरावली, डोरी, नाम्ला, डोका, थुन्से, मान्द्रा, चित्रा, ढाकी, गुन्द्री कपडाका तानबाट बुन्ने विभिन्न स-साना कपडा बुन्ने ग्रामीण कार्यक्रममा पनि सक्दो सहयोग गर्ने अठोट लिएको छ ।

उपर्युक्त क्रियाकलापलाई आगमी दिनहरूमा बअरू विकास र विस्तार गर्दै लाने यस केन्द्रको भावी कार्यक्रम छ । उपर्युक्त यावत कार्य गर्दा जनसहभागितालाई नै सर्वप्रथम प्रोत्साहित गर्ने यस संस्थाको लक्ष्य छ । आफ्नो श्रम र पसिना नपरेको कुरामा अपेक्षित मात्रामा ममता नहुने भएकोले विकासको काममा प्रत्यक्ष स्थानीय व्यक्तिलाई नै सरिक गराउने उद्देश्यले यस संस्थाले श्रमदानलाई बढी महत्व दिएको हो । श्रमदान गर्न चाहने जुनसुकै ग्रामीण जनतालाई लेखिएको कार्यक्रम सञ्चालन गर्न चाहेमा अवस्था हेरी यो संस्थाले झण्डै आधा वा सो भन्दा बढी नै आर्थिक वा सेवामूलक कुराको मद्दत गर्दै लैजाने उद्देश्य लिएको छ ।

१९) ग्रामीण जनता सुसंगठित हुन र वैदेशिक वा दातृ संघ संस्थाहरूको मद्दत लिई ग्रामीण जनताको स्तर सही रूपमा उत्थान गर्न ग्रामीण आश्रमहरूको अति आवश्यकता महसुस गरेका छौं । सरकार वा दातृसंस्था जो सुकै होस्, व्यक्तिगत रूपमा जति सहयोग गर्न रुचाउँछन् त्यो भन्दा बढी नै संघसंस्थालाई सहयोग गर्न रुचाएको देखिन्छ । संघ संस्था परिचालनमा अचल सम्पत्तिको धेरै महत्व हुन्छ। हाल सरकारले सुकुम्बासी समस्या समाधान गर्न हदबन्दी वा ऐलानी जमीन दिने कार्यक्रम सञ्चालन गरिरहेछ । त्यो लाभदायक भयो भएन, हुन्छ हुँदैन । एक विचारणीय कुरा छ ।

त्यस्तो जमीनमध्ये उपयुक्त जमीन ५ विकासक्षेत्र १४ अञ्चल ७५ जिल्लामा वा परीक्षणको रूपमा केही जिल्ला वा ठाउँमा मात्रै भए पनि प्लटिङ्ग गरी यस संस्थालाई श्री ५ को सरकारले उपलब्ध गराई दिएमा संस्थाले स्वर्गीय बी.पी.ग्रामीण आश्रम खडा गरी परिचालन गर्ने र संस्थाको वर्तमान वा भविष्यमा आइपर्ने समस्या समाधान गर्न मद्दत मिल्नेछ। साथै त्यसप्रकार प्लटिङ्ग गरी उपलब्ध भएको आश्रमको जग्गामा आधुनिक र व्यवस्थित रूपले सुकुम्बासी आवास बनाई उनीहरूद्वारा नै सामूहिक रूपमा कृषि उत्पादन बृद्धि गर्नुका साथै सुकुम्बासी समस्या समाधान गर्ने काममा समेत सक्दो सहयोग पुऱ्याउन सक्ने समेतको काम गर्न यो केन्द्र सक्षम छ ।

धन्यवाद ।

*नयाँ कामना साप्ताहिक*

*वर्ष-४, अङ्क-१, २०५० भदौ ७ गते सोमबार प्रकाशित*

# अरूका आँखामा नन्दप्रसाद

..... श्री पौडेल अर्काको सम्मान गर्ने, षडयन्त्र नजान्ने, समाजसेवामा भ्रष्टाचार विरोधी तथा स्पष्टवक्ता हुनुहुन्छ। आफ्ना सबै छोराहरूबाट स्वतन्त्र, आफ्नो पार्टीबाट स्वतन्त्र श्री पौडेलबाट आगामी दिनमा समाजले अझ अमूल्य सेवा पाउने आशा राख्न सकिन्छ।

**आत्माराम शर्मा**

कहिल्यै चाकडी, चाप्लुसी र बनावटी कुरा गर्न नजान्ने पौडेल सधैं अन्याय, अत्याचार र दमन नीतिको अनुसरण नगरी प्रतिकारमा उत्रनुभयो। फलतः उहाँलाई यो समाजका केही लौकेहरूले सधैं ओझेलमा पार्न खोजे सूर्यलाई हत्केलाले छेकेजस्तो गरी। ती लौकेहरूले बुझेनन् यो समाज निर्माणमा न्यायाधीशको त्याग, तपस्या र बलिदान। ........ राणाको निरंकुश शासनको विरोधमा आवाज उठाउने पौडेलले पञ्चायती ज्यादती र अन्यायपूर्ण सरुवाका कारण आठ वर्ष सेवा अवधि रहँदा रहँदै पनि २०४५ सालमा अञ्चल न्यायाधीश जस्तो मर्यादित ओहदाबाट राजीनामा दिएर आफूलाई स्वतन्त्र बनाउनु भयो। ........साहित्यप्रेमी, सम्मान गर्ने, प्रष्टवक्ता तथा परसेवाप्रतिको लगाव भएका यी व्यक्तित्वबाट समाजले आगामी दिनमा अमूल्य सहयोग पाउनेमा दुईमत छैन।

**दिपक अधिकारी**

*'नौलो आवाज (साप्ताहिक)'*

*वर्ष ४, अङ्क ३७, २०६४ कार्तिक २६*

नौ वर्ष शिक्षाक्षेत्रमा जागिर सेवा गरेपछि उहाँ न्यायसेवामा जागिर खाई अञ्चल न्यायाधीशसम्म हुनुभयो। बत्तीस वर्ष जागिर खाएर उहाँले २०४५ सालमा आठ वर्ष सेवा अवधि हुँदाहुँदै न्यायाधीशको मर्यादित ओहदा त्याग्नुभयो। उहाँलाई आफ्नो सरुवा अन्यायपूर्ण लाग्यो र त्यत्रो

महत्वपूर्ण पद छोडेर घर बस्नुभयो। हाल पनि नेपाली कांग्रेसको स्थानीय राजनीतिबाट आफूलाई अन्यायपूर्ण ढङ्गले 'सक्रिय सदस्य' हुनबाट बञ्चित गरेकाले पत्रकार सम्मेलन गराई आफू २००६ सालदेखि नै कांग्रेसप्रतिको आस्थावान् व्यक्ति भएर पनि अन्याय सहन नसकी कांग्रेस परित्याग गर्नुभयो। अव उहाँ स्वतन्त्र हुनुहुन्छ।

श्री पोडेल सामाजिक हुनुहुन्छ। मिलनसार हुनुहुन्छ, सादा जीवन उच्च विचारको पक्षपाती हुनुहुन्छ। उहाँलाई धनको घमण्ड भएन, पदको घमण्ड भएन। उहाँ समाजसेवामा विश्वास राख्नुहुन्छ। उहाँको सादा प्रजातान्त्रिक आस्था रह्यो र नै न्यायाधीश भएर कहिल्यै अन्यायपूर्ण फैसला गर्नुभएन। उहाँ दावीसाथ भन्नुहुन्छ- मैले नहुनेलाई हुने पारेर कहिल्यै फैसला गरिनँ।

स्नातक गरेका र संस्कृतमा मध्यमा गरी संस्कृतको ज्ञान हासिल गरेका पोडेलको धार्मिक आस्था पनि पाइन्छ र बेलाबखत उहाँले सार्वजनिक पुराण लगाउनुभएको छ, तर पनि उहाँ मूल रुपमा समाजसेवी हुनुहुन्छ। चौसठ्ठी वर्षीय श्री नन्दप्रसाद पौडेलको विषयमा कलम चलाउँदा निकै लामो हुन्छ। भाईहरुको हेरचाह, धेरै छोराछोरीलाई पढाउनु, विवाह गर्नु आदि घरायसी व्यवहारका साथै विभिन्न सामाजिक कार्यमा उहाँ तल्लीन भएको पाइन्छ।

आफ्नो जीवनमा उहाँलार्य गाउँने रहर पनि भयो, नाँच्ने रहर पनि भयो। अभिनय गर्ने रहर पनि भयो। (चन्दखेशर श्रेष्ठ र धर्मराज थापाका प्ररणाले गर्दा) भ्रपुरको प्रारम्भिक सामाजिक गतिविधिमा पोडेलले यस्ता कुराहरु पनि गर्नुभयो। कविता लेख्नुभयो , पत्रिका प्रकाशन गराउनुभयो, विभिन्न विषयमा लेखहरु लेख्नुभयो। हामी संक्षेपमा भन्न सक्छौं- जाँड नखाने, तासजुवा नदेल्ने, सादा जीवनमा रहने, सामाजिक गतिविधिमा सक्रिय लागीपने व्यक्तिको नाउँ हो- नन्दप्रसाद पौडेल।

***चुडामणि रेग्मीको सम्पादनमा प्रकाशित "यथार्थ कुरा (पाक्षिक)"***

*वर्ष १ अङ्क ४, २०५२ साल फागुन २० गते*

झापालाई कर्मभूमि बनाएर हालसम्म पनि झापाको चन्द्रगढी-भद्रपुरमा समाजसेवा गरेर आफ्नो बुढ्यौली जीवन व्यतीत गरिरहनुभएका नन्दप्रसाद दक्षिण झापामा रहेर समाजस उन्नति, प्रगति एवं विकासमा पौडेलले खेलेको भूमिका झापाका सञ्चार माध्यमले हेर्न नभ्याए पनि कहिले उहाँमा चर्चा बटुल्ने रहर नपलाएर होला छायाँ भित्रै समाजसेवा गरिरहनुभयो ।

मानवीय संवेदना बोकेको रेडक्रस होस् वा दुनियाँको आँखा खोल्ने विद्यालय निर्माण गर्ने कार्य वा राष्ट्रिय प्रतिभाको सम्मान गर्ने काम नै किन नहोस् अथवा बाटोघोटो निमाण, हाटबजार व्यवस्थापन जस्ता समाजलाई प्रत्यक्ष फाइदा पुऱ्याउने जस्ता अतूलनीय कार्य झापाको भद्रपुर चन्द्रगढीमा गर्न थालेको तीन दशक पार हुन लागि सक्यो यो अवधिमा यहाँ कार्यरत सञ्चारजगत्ले नन्दप्रसादको योगदानबारे खोजी गर्ने चासो नराखेकाले होला सायद, पश्चिम नेपाल पाल्पाका पत्रकार तथा सर्जक रेणुका भट्टराई तथा बी.के.पाल्पालीले नन्दप्रसादका बारेमा खोजी गरी समाजसेवी यात्रामा नन्दप्रसाद नामक कृति तयार गरी नेपाली वाङ्मय आकाशमा एउटा इँट्टा थपेका छन् । जो झापावासीका लागि पनि खुशीको कुरा हो ।

**माया पकुवाल**

*बरुण साप्ताहिक, झापा*

*वर्ष-१२, अंक-१२, ५कार्तिक-२०६६*

जिल्ला न्यायाधीशदेखि अञ्चल न्यायाधीशसम्मको पदभार वहन गरी ३२ वर्ष न्यायसेवा अनुभव प्राप्त अनि ८ वर्ष सेवा अवधि बाँकी छँदै पदबाट राजीनामा दिने पहिलो व्यक्ति नन्दप्रसादले विभिन्न आयोगमा कार्यसम्पादन गर्नुका साथै विभिन्न सामाजिक सेवामा समर्पित, राजनीतिमा कम चासो राख्ने विशिष्ठ व्यक्तित्व हुनुहुन्छ ।

**साप्ताहिक झुल्केघाम**

*वर्ष-१०, अंक-१३, २०६१ पुष ४ गते ।*

सफल व्यक्ति मात्र महत्वपूर्ण हैन सफलता प्राप्त गर्न प्रेरणा दिने व्यक्ति पनि त्यत्तिकै महत्वपूर्ण हुन्छ भन्ने विचार राख्ने पौडेलले खोलिदिएको सडकको नाम आदिकवि भानुभक्तलाई रामायण लेख्ने प्रेरणा दिने घाँसीलाई पनि भुल्न हुँदैन भनेर 'घाँसी मार्ग' नामाकरण गर्नुभएको थियो २०१२ सालमा। पौडेलले घाँसीलाई पनि अमर राख्न घाँसी पत्रिका पनि प्रकाशित गराउनुभएको थियो। भद्रपुरमा व्यक्तित्व विकास गराएर सक्षम र सवल नागरिक निर्माण गर्न पौडेलले 'वादविवाद समिति' को पनि गठन गराउनुभएको थियो।

**"नौलो आवाज (साप्ताहिक)"**

*वर्ष ४, अङ्क ३७, २०६४ कार्तिक २६*

कविता, लेख विभिन्न पत्रिकामा छपाउनुका साथै उहाँका बारेमा चन्द्रबहादुर सिंहले कविता लेखेर प्रकाशित गराएका छन्। बनारसबाट प्रकाशित 'युगवाणी' मा पहिलोपल्ट 'बलिरहोस् जलिरहोस्' भन्ने कविता छापिएको थियो भने युवक, गोरखापत्र, सूर्योदय, नयाँ कामना साप्ताहिक, साप्ताहिक विचार आदिमा कविता लेख छापिएका छन्। भ्रष्टाचार विरोधी अर्काको सम्मान गर्ने तथा षडयन्त्र नजान्ने पौडेलले ..... साहित्यिक गोष्ठीमा रचना सुनाएर, नाँचेर, लोकगीत गाएर पुरस्कार पाउन सफल हुनुहुन्छ।

**गोपिकृष्ण खनाल**

*नयाँ कामना साप्ताहिक*

*वर्ष १३, अङ्क-४१, २०६० जेठ २२ गते*

बहुमुखी प्रतिभाका धनी नन्दप्रसाद पौडेल अञ्चल न्यायाधीशबाट सेवानिवृत्त व्यक्तित्व हुनुहुन्छ। शिक्षा, साहित्य, सामाजिक क्षेत्रका अतिरिक्त संघ-संस्थाहरूमा उहाँको विशिष्ट योगदान एवं स्थान रही आएको छ। उहाँ 'युगवाणी' को पुरानो लेखक एवं पाठक पनि हुनुहुँदोरहेछ। स्व.भवानी घिमिरे (सम्पादक-भानु), स्व.श्यामप्रसाद उपाध्याय (सम्पादक-'आलोक'), स्व.एस.एल.शर्मा आदि जो हाम्रो परिवारको निकटतम मित्र हुनुहुन्थ्यो। उहाँहरुसँगै कैयौंपटक हामीले भेटेका व्यक्ति हुनुहुन्छ-नन्दप्रसाद पौडेल। म उहाँको सुखद, स्वस्थ र उत्तरोत्तर समुन्नतिको कामना गर्दछु।

**रमेश भट्टराई 'पारवे'**
सम्पादक 'युगवाणी'
एवं स्वतन्त्र पत्रकार
हाल : भक्तपुर

✍ रेणुका भट्टराई

# तस्विरहरुमा

# समाजसेवी नन्दप्रसाद





धर्मपत्नी राधादेवी पौडेलका साथ श्री नन्दप्रसाद पौडेल (२०६४)



२०२८ सालमा उदयपुरबाट सिराहा सरुवा हुने क्रममा उदयपुरवासीबाट बिदाई ग्रहण गर्नुहुँदै श्री पौडेल ।



२०४१ सालमा आफ्ना माता-पिताका साथमा सपरिवार दशैंमा तस्विर खिचाउँदै श्री नन्दप्रसाद पौडेल



नातिनी सुलजाको शुभविवाहका अवसरमा आफ्ना सम्पूर्ण परिवारका साथ समाजसेवी श्री नन्दप्रसाद पौडेल ।




भानुभक्तलाई प्रेरणा दिने घाँसीको सम्मान गर्दै सम्भवत नेपालमैं पहिलोपटक 'घाँसी निवास' नाम राखेर २०१२ सालमा भद्रपुर, झापामा नन्दप्रसाद पौडेलले निर्माण गरेको घरको अघिल्लो मोहडा ।



भाषाविद चुडामणि रेग्मीका साथ महाकवि लक्ष्मीप्रसाद देवकोटाको तस्विर नियाल्दै श्री नन्दप्रसाद पौडेल ।

न्यायसेवामा प्रवेश गर्नुपूर्व शिक्षाक्षेत्रमा कार्य गर्दै गर्दा शिक्षण पेशाका अभियन्ता पोडेल दम्पत्ती युवाकालमा ।





नन्दप्रसादलाई समाजसेवामा सक्रिय हुनुपर्छ भनेर हौसला दिने उहाँकी धर्मपत्नी राधादेवी पौडेल ।



नाति शुलभ पौडेलको विवाहका अवसरमा नवदम्पतीलाई आशीर्वाद दिँदै नन्दप्रसाद पौडेल ।



कार्यक्रमपछि भोजमा सहभागि हुँदै पौडेल दम्पती (२०५४)



मान्यजन कहाँ दशैंको टीका लगाउन जाँदै परिवारका साथ श्री पौडेल



२०३८ सालको वडादशैँमा बुबाको हातबाट टीका ग्रहण गर्दै श्री नन्दप्रसाद पौडेल ।



२०३० सालमा पाल्पामा लिइएको राधादेवी पौडेलको तस्विर ।



२०३० सालमा पाल्पामा पौडेल दम्पत्ती ।



२०३३ सालमा पाल्पा जिल्ला न्यायाधीशबाट विदाई हुँदा बालमन्दिरमा विदाई समारोहमा मन्तव्य दिँदै श्री पौडेल ।



२०४८ सालमा सर्लाही जि.अ. बाट विदाई समारोहमा सहभागी हुँदै श्री पौडेल ।



२०४३ सालमा महाकाली नदी किनारमा साथीहरुसँग नाँचेर रमाउँदै श्री पौडेल ।



पाँचथर जिल्लामा हुँदा २०३९ सालमा सरकारबाट अड्डा नछोड्नु भन्ने आदेश पालनाका क्रममा अदालत कर्मचारीलाई दशैंको टीका प्रदानपश्चात् सबैका साथमा जि.न्या.श्री पौडेल ।



२०४० साल पुस १४ मा राजा वीरेन्द्रबाट प्रबल गोरखा दक्षिणवाहु ग्रहण गर्दै श्री पौडेल




पाँचथर जिल्ला अदालतमा न्यायाधीश रहँदा सम्मेलनमा सहभागी हुँदै श्री पौडेल (२०४१)



महाकाली वनवासामा आयोजित पिकनिक कार्यक्रममा नाँच्दै श्री पौडेल । (२०४४)



२०३६ सालमा दाङ जिल्ला न्यायाधीश हुँदा सुर्खेतमा आयोजित कार्यक्रममा अतिथिको रुपमा बोल्दै श्री नन्दप्रसाद पौडेल ।



पाल्पामा आयोजित मानवअधिकार दिवसमा प्रमुख अतिथिको आसनबाट बोल्नुहुँदै श्री पौडेल ।



पाँचथरको युवा मेलामा आयोजित उद्घाटन कार्यक्रमको प्रमुख अतिथिको रुपमा भाषण गर्नुहुँदै श्री पौडेल।



वीपी ग्रामिण विकास तथा सेवा केन्द्रको वार्षिक कार्यक्रममा वैशाखी र ट्यूववेल वितरण कार्यक्रममा बोल्दै समाजसेवी पौडेल।



पाँचथरमा हरेक वर्ष अयोजना हुने युवा मेला उद्घाटन गर्दै श्री नन्दप्रसाद पौडेल। (२०४०)



पूर्व प्रधानमन्त्री श्री सूर्यबहादुर थापाका साथमा श्री नन्दप्रसाद पौडेल।



२०३१ सालमा पाल्पाको लहरे पीपलमा सहकर्मीसँग थकाई मार्दै नन्दप्रसाद पौडेल।



२०४३ सालमा अञ्चल न्यायाधिश हुँदा पाँचथरका तत्कालीन जि.वि.सं अइन्द्र विक्रम थाम्शुहाङ्सँग न्यायाधिश श्री पौडेल।



वी.पी. जयन्तीको अवसरमा भद्रपुर झापामा आयोजित वी.पी. सम्बन्धी चर्चापरिचर्चा कार्यक्रममा मन्तव्यका क्रममा श्री पौडेल।

२०४१ सालमा रेडक्रसको केन्द्रीय सदस्य हुँदा तात्कालीन सभापति हेलेन शाह र रेडक्रसका अन्य पदाधिकारीका साथ श्री पौडेल।





विदाई समारोहमा तत्कालीन पाल्पा जिल्ला प्रहरी सुरक्षा निकायबाट विदाई ग्रहण गर्दै श्री पौडेल। (२०३५)

२०४३ सालमा पुनरावेदन अदालत महाकालीमा अञ्चल न्यायाधीश हुँदा समकक्षी (हाल सर्वोच्च अदालतका न्यायाधीश) रामकुमारप्रसाद शाहका साथमा श्री नन्दप्रसाद पौडेल





पृथ्वीनारायण शाहको शालिक अनावरण कार्यक्रमका सिलसिलामा मूर्तिकार हिरपाली साहिँलो तथा डिल्लीराम निर्भीकका साथ श्री पौडेल।

२०३४ सालमा पश्चिमाञ्चल क्षेत्रीय जिल्ला तथा क्षेत्रीय न्यायाधीसहरूको पोखरा सम्मेलनमा मन्तव्य व्यक्त गर्नुहुँदै श्री पौडेल।





२०३३ सालमा पाल्पा जिल्ला न्यायाधीशबाट विदाई हुँदा आयोजित समारोहमा सहभागी हुँदै श्री नन्दप्रसाद पौडेल।




पाँचथरको फिदिम बजारमा अवस्थित ऐतिहासिक देवी मन्दिरमा पूजाअर्चना गर्दै श्री पौडेल।



२०३८ सालमा पाँचथर जिल्ला न्यायाधीश हुँदा स्थानीय युवा मेला उद्घाटनका क्रममा श्री पौडेल ।



पाँचथरका तत्कालीन जिल्ला सभापति अइन्द्रविक्रम थाम्सुहाङसँग नाँच्दै श्री पौडेल ।



२०३३ सालमा पाल्पा जिल्ला न्यायाधीशबाट विदा हुने क्रममा बालमन्दिर परिसरमा सामूहिक तस्विर खिचाउँदै श्री पौडेल ।



२०५१ सालमा झापामा पृथ्वीनारायण शाहको शालीक निर्माण कार्यका लागि शिलान्यासका क्रममा समाजसेवी श्री पौडेल ।



पाँचथरमा पिकनिक कार्यक्रममा साथीहरूले झुक्याएर गाँजा खुवाएपछि त्यसकै तालमा नाँच्दै श्री नन्दप्रसाद पौडेल।

त्यसबेला कुनैपनि अम्मल नलिने पौडेललाई साथीभाइहरूले पिकनिकको मनोरञ्जनका लागि भन्दै खानेकुरामा गाँजा राखी खुवाएका थिए।



न्याय सम्पादनका क्रममा 'लिगल च्याम्बर'मा आराम गर्दै श्री पौडेल।



२०३२ सालमा सिराहा जिल्ला न्यायाधीशबाट सरुवा भई विदा हुने क्रममा आयोजित विदाइसमारोहमा श्री पौडेल। यस क्रममा माला र पुष्पगुच्छा मात्र ६ बोरा सङ्कलन भएको थियो।



भद्रपुरस्थित पृथ्वी नि.मा.वि. प्राङ्गडमा रहेको पृथ्वीनारायण शाहको शालिकसँगै समाजसेवी नन्दप्रसाद पौडेल।



आफैँले सहयोगस्वरुप निर्माण गरेको तुलसी मठ अघिल्तिर लेखिका रेणुका भट्टराईका साथ समाजेसवी श्री नन्दप्रसाद पौडेल।



सर्वोच्च अदालतका भूतपूर्व प्रधानन्यायाधीस श्री दीलिपकुमार पौडेलका साथमा भू.पू. अञ्चल न्यायाधीश श्री नन्दप्रसाद पौडेल ।

पौडेलद्वयले न्यायसम्पादनका क्रममा लामो समय एकसाथ काम गर्नुभएको थियो ।




कार्यक्रममा प्रमुख अतिथिको रुपमा मन्तव्य व्यक्त गर्नुहुँदै श्री पौडेल ।



संभवतः नेपालमै पहिलो 'घाँसी' निवास निर्माण गरी साहित्यमा जागरण ल्याएका समाजसेवी नन्दप्रसाद भद्रपुरमा सोही भवनको व्यवस्थापन गर्दै ।

नेपाल बोर्डर मासिक पत्रिकाद्वारा 'बरिष्ठ समाजसेवा सम्मान'बाट सम्मानित हुँदै श्री पौडेल । साथमा प्रमुख अतिथि समाजसेवी सगुन शाह ।






त्रिफला राष्ट्रिय पुस्तकालयका लागि महाकवि लक्ष्मीप्रसाद देवकोटाको तस्वीर हस्तान्तरणपछि श्रीमति राधादेवी पौडेल, प्रेमप्रकाश फलाहारी तथा लेखिका रेणुका भट्टराईका साथ समाजसेवी नन्दप्रसाद पौडेल ।



बद्री तीर्थयात्राका क्रममा उत्तर काँशी मन्दिर परिसरमा श्री पौडेल दम्पत्ति ।




आफैले सहयोगस्वरुप प्रदान गरेको महाकवि लक्ष्मीप्रसाद देवकोटाको शालिकछेउ श्री पौडेल ।




डा.ऋषिकेश उपाध्यायका साथ भद्रपुरमा सामाजिक कार्यका सिलसिला छलफलमा क्रममा भूतपूर्व अञ्चल न्यायाधीश नन्दप्रसाद पौडेल ।



सर्वोच्च अदालत
नेपाल

(कानून व्यवसायी ऐन, २०२५ को दफा ६ अन्तर्गत)

२०४६ सालको संख्या २०५८

श्री श्रीलाल पौडेल को छोरा जिल्ला सुनसरी धरान नगर पंचायत वडा नं ८ — बस्ने श्री नन्द प्रसाद पौडेल लाई सर्वोच्च अदालतको मिति २०४६/४/४/४ को निर्णय बमोजिम अधिवक्ता मा दर्ता गरी कानून व्यवसाय गर्न पाउने गरी अधिकृत गरिएको छ ।

आज सम्वत् २०४६ साल मंसिर महिना १४ गते ४ रोजका दिन सर्वोच्च अदालतको छाप र मेरो दस्तखतबाट यो प्रमाण-पत्र प्रदान गर्ने काम भयो ।

रजिष्ट्रार
सर्वोच्च अदालत



विश्व शान्ति नववर्ष शुभकामना १०८ विराट महायज्ञ

भद्रशिद्धी गणेश मन्दिर भद्रपुर

विशेष सम्मान-पत्र

तपाई श्री नन्द प्रसाद पौडेल ले धार्मिक भावले प्रेरित भई यस १०८ विराट महायज्ञ सम्पन्न गर्न रु १०१२१- दान गरि सहयोग पुऱ्याउनु भएकोमा यो समिति तपाई र तपाईले गर्नु भएको सहयोगको लागि हार्दिक धन्यवाद प्रदान गर्दै तपाईलाई यो सम्मान-पत्र प्रदान गर्दछौं ।

*मिति २०६० वैशाख ७ गते*

सचिव
दिव्य भूर्तेल

संयोजक
(राजेन्द्र चापागांई)
विश्व शान्ति नववर्ष शुभकामना १०८ विराट महायज्ञ सम्पादन समिति
भद्रपुर, झापा (नेपाल)



त्रिभुवन विश्वविद्यालय

आर्थिक विकास तथा प्रशासन अनुसन्धान केन्द्र

आ वि प्र अ के

प्रमाण—पत्र

************

श्री नन्द प्रसाद पौड्याल ............ले त्रिभुवन विश्वविद्यालय, आर्थिक विकास तथा प्रशासन अनुसन्धान केन्द्रको तत्वावधानमा श्री ५ को सरकारका राजपत्रांकित द्वितीय श्रेणीका अधिकृतहरुको लागि आयोजना गरिएको विकास प्रशासन विषयको डेढ महिने तालिम एवं कार्यशालामा भाग लिने कार्य सन्तोषप्रद ढंगले पूरा गर्नु भएको मान्यता स्वरूप यो प्रमाण–पत्र प्रदान गरिएको छ।

*This is to certify that* MR. NANDA PRASAD POUDYAL ........*has successfully completed six weeks* TRAINING-CUM-WORKSHOP ON DEVELOPMENT ADMINISTRATION *sponsored by Tribhuvan University, Centre for Economic Development and Administration for the Second Class Gazetted Officers of His Majesty's Government of Nepal.*

| | | |
|---|---|---|
| डा० महेन्द्र प्रसाद | रामचन्द्र बहादुर सिंह | डा. गोबिन्दराम अग्रवाल |
| उपकुलपति | शिक्षाध्यक्ष | कार्यकारिणी निर्देशक |
| त्रिभुवन विश्वविद्यालय | त्रिभुवन विश्वविद्यालय | आर्थिक विकास तथा प्रशासन अनुसन्धान केन्द्र |
| *Vice-Chancellor* | *Rector* | *Executive Director* |
| Tribhuvan University | Tribhuvan University | CEDA |
| काठमाडौं, नेपाल | | Kathmandu, Nepal |
| मिति २०३८-३-१९ | | Date 1981-7-3 |

श्रीः

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परमनेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आगे जिल्ला न्यायाधीस श्री नन्दप्रसाद पौड्याल, पाँचथर जिल्ला अदालत के यथोचित उप्रान्त सुम्पिएको काम प्रशंसनीय ढंगले गरे वापत प्रवल गोरखादक्षिणबाहुको मानपदवी लाउनाको अधिकार र सोसम्बन्धी मानमर्यादा औ हकसमेत बक्सन योग्य ठह्न्याई सो प्रदान गरिबक्सेका छौं । श्रीईश्वरका अनुग्रहले चिरकाल पर्यन्त सुख आनन्दपूर्वक मातृभूमि र निमकको सोझो चिताई यो इज्जतको उपभोग गर्न मिलोस् ।

श्री ५ महाराजाधिराजका हुकूमले

पृथुलाधीश

अध्यक्ष

विभूषण समिति

२०४०।६।१४।५

प्रमुख सचिव


सम्पर्क फोन– २०७१९

नेपाल अर्बुद रोग निवारण संस्था

भद्रपुर (झापा)

आजीवन सदस्यता

मिति २०५४।१।२९

# प्रमाण–पत्र

श्री मान नन्द प्रसाद पौडेल ज्यू भद्रपुर

यस संस्थाको आजीवन सदस्य बनि संस्थालाई सहयोग पु-याउनु भएकोमा सधन्यबाद यो प्रमाण-पत्र प्रदान गरिएको छ। साथै भविष्यमा पनि तपाईबाट यो संस्थाले यसरी नै निरन्तर रुपमा सहयोग पाउनेछ भन्ने आशा राखेको छ।

प्रमुख अतिथि | सचिव | सभापति


संरक्षक

श्री ५ महाराजाधिराज

सम्पर्क फोनः २०४४३

# नेपाल क्षयरोग निवारण संस्था

झापा जिल्ला शाखा,

र० नं० № 000159

भद्रपुर

मिति ०५८।८।१५


श्री नन्द प्रसाद पौडेल, भद्रपुर-१५ बाट नेपाल क्षयरोग निवारण संस्थाको आजीवन सदस्य शुल्क बापत एक मुष्ट रु० ५१०/- (पाच सय दस मात्र) प्राप्त भएकोले वहाँलाई धन्यवाद यस संस्थाको आजीवन सदस्यता प्रदान गरिएको छ।

(कोषाध्यक्ष) | (सचिव) | सभापति

नेपाल क्षयरोग निवारण संस्था

झापा जिल्ला शाखा।

(क्षयरोग विरुद्धको अभियानमा)



# नेपाल रेडक्रस सोसाइटी

## यशस्कर सदस्यताको प्रमाण-पत्र


रेडक्रसको आदर्श तथा सिद्धान्तमा आस्था राखी
संस्थाको विकासमा प्रतिवद्ध हुनु भएका
झापा जिल्ला भद्रपुर नगरपालिका वडा नं. १५ बस्ने

**श्री नन्दप्रसाद पौडेल**

बाट यस सोसाइटीलाई प्राप्त सहयोगको हार्दिक सराहना गर्दै नेपाल रेडक्रस सोसाइटीको विधान बमोजिम केन्द्रीय कार्यसमितिको निर्णयानुसार यहाँलाई यस सोसाइटीको यशस्कर सदस्यता सधन्यवाद प्रदान गरिएको छ।

२०६२ बैशाख १० गते
३४ औं महाधिवेशनस्थल, जलेश्वर

...कुमार शर्मा)
...ध्यक्ष
...स सोसाइटी



# नेपाल रेडक्रस सोसाइटी

जिल्ला शाखा झापा, भद्रपुर

## सम्मान-पत्र

२०६७ माघ १६ गते आइतवार

मेची अञ्चल झापा जिल्ला भद्रपुर नगरपालिका वडा नं. १५ स्थायी बसोबास गर्नु हुने तपाई श्री नन्दप्रसाद पौडेल ले मानवीय सेवामा समर्पित नेपाल रेडक्रस सोसाइटी झापा शाखा अन्तर्गत भद्रपुर/चन्द्रगढी उपशाखालाई १ कट्ठा जग्गा सहृदयतापूर्वक दानगर्नु भै मानवीय सेवाको हाम्रो प्रयासमा सघाउ पुऱ्याउनु भएको कार्यलाई उच्चमूल्याङ्कन गर्दै यो सम्मान पत्र प्रदान गरिएको छ।

मानवीय मर्यादाको सुनिश्चितताको लागि क्रियाशिल यस संस्थालाई भावि दिनहरूमा पनि तपाईबाट यस प्रकारको सहयोग र सद्भाव सदा पाइरहने विश्वासका साथ तपाई जस्तो व्यक्तित्वको सम्मान गर्न पाउँदा हामी सम्पूर्ण झापाली रेडक्रसकर्मीहरु स्वयं गौरवको महशुस गर्दै तपाईको सुस्वास्थ्य र दीर्घायुको कामना सहित हार्दिक आभार व्यक्त गर्दछौं।

| | | |
|---|---|---|
| ( कृष्ण कुमार मैनाली ) | ( शशिशेखर श्रेष्ठ ) | ( लोकराज ढकाल ) |
| मन्त्री | प्रमुख अतिथि | सभापति |
| नेपाल रेडक्रस सोसाइटी, झापा | प्रमुख जिल्ला अधिकारी | नेपाल रेडक्रस सोसाइटी, झापा |



श्रीपशुपतिनाथले न्यायधीश नन्दप्रसाद
पोडेल सपरिवार चीरायु राखुन

श्री- गणपती-गौरी-शङ्कर , मङ्गल गरुन ।
प- शुपतिनाथ सहाय भई , सब दुःख हरुन ।।
शु- भ-लाभ होस सदा , हे ईश भगवान ।
प- वन सुत शङ्कर हरुन , भयर दयावान ।।
ति- न देव ब्रह्मा-शङ्कर-विष्णु , कल्याण गरुन ।
ना- रायण-लक्ष्मी सहाय भई , भण्डार भरुन ।।
थ- कित नहोस जिन्दगी कैले , गर्दछु कामना ।
ले- खून विधी ललाट माहाँ , सौभाग्य नामना ।।
न्या- यधीश प्रख्यात भई , सुयस चलोस ।
नं- न्द प्रसाद अमर रहो , फुलोस फलोस ।।
द- क्षीण काली सहाय भई , आरोग्य गरुन ।
प्र- ख्यात गरी राष्ट्र भरी , सुख सान्ती भरुन ।।
सा- रदा माता अमृत वाणी , सदैव दीउन ।
द- क्षीण काली श्री गुहेश्वरी , सरण लीउन ।।
पो- डेल वंश प्रख्यात हवस , पुकारा हरीमा ।
प- रीवार सारा अमर रहुन , युग युग भरी मा ।।
ची- रायु रहुन नन्दप्रसाद सपरीवार , गर्दछु कामना ।
रा- ष्ट्र मा सारा प्रख्यात भई , चलोस नामना ।।
यु- ग युग भरी नन्द प्रसाद पोडेल , रहुन अमर ।
रा- म राज्य छाई परीवार माहाँ , रमुन भ्रमर ।।
खु- लोस दया यो कवि माथी , विनय गर्दछु ।
न- यन अश्रु-प्रेम मा लगाई , सुमन छर्दछु ।।

समर्पणकर्ता:- चन्द्रजङ्ग बहादुर सिंह सेती अँचल बझाङ्ग म.मु. मलैगावासलाई

मानिस ठूलो दिलले हुन्छ, जातले हुँदैन ।

# देवकोटा स्मृति भवन

रजत जयन्ती- २०५२

भानुनगर, भद्रपुर (नेपाल)

[स्था.: २०२६]

# आदर-पत्र

श्री नन्द प्रसाद पौड़ेल बाट न्याय र समाज-सेवा-का क्षेत्रमा प्रदान गर्नु भएको सराहनीय सेवाबाट समाज लाभान्वित भएको हुँदा सत्कार्यको प्रशंसा गर्दै - हार्दिकताका साथ यो आदर-पत्र प्रदान गरेका छौं ।

| | | |
|---|---|---|
| (डिल्लीराम निर्भीक) | (प्रा. गणेश भण्डारी) | (एस. एल. शर्मा) |
| महा-सचिव | विशेष अतिथि | अध्यक्ष |

मिति: चैत्र ६, २०५२.

# नेपाल रेडक्रस सोसाइटी

जिल्ला शाखा, पाँचथर

## आजीवन सदस्यता प्रमाण-पत्र

श्री नन्द प्रसाद पौडेल

रेडक्रसको सिद्धान्त र उद्देश्यहरु प्रति उत्प्रेरित भई सोसाइटीको अनुशासन युक्त सदस्य भै समाजसेवा कार्यमा लाग्ने संकल्प गरी यस सोसाइटीको आजीवन सदस्य हुनु भएकोमा सधन्यवाद यो सदस्यता प्रमाण-पत्र प्रदान गरिएको छ ।

| | |
|---|---|
| वीरबहादुर जवेगु | (श्रीमती आदिराजकुमारी हेलेन शाह) |
| संयोजक | अध्यक्ष |
| ने. रे. सो. जि. शा. (पाँचथर) | नेपाल रेडक्रस सोसाइटी |
| | ०४२/११/२८ |

ऐतिहासिक एवं सामाजिक अनुसन्धान समिति-झापा

धुलाबारी (नेपाल)

## स्मरण-पत्र

श्री ........ नन्द प्रसाद पौडेल ........ ज्यूलाई यस समितिद्वारा धुलाबारीका सामाजिक व्यक्तित्व स्व. राइटर बीरबहादुर श्रेष्ठको स्मृतिमा प्रकाशित **'कृतिः स्मृति-सन्दर्भ'** नामक स्मारिकामा आफ्नो '' संस्कारका धनी - रा. बीर बहादुर श्रेष्ठ '' शीर्षक रचना दिई गर्नुभएको अमूल्य सहयोगकालागि हार्दिक कृतज्ञता सहित यो समिति 'स्मरण-पत्र' प्रदान गर्दछ ।

मिति- २०५१/६/६.

| (अमृतलाल श्रेष्ठ) | (टीकाराम शर्मा) | (नसूह प्रसाई) |
|---|---|---|
| सचिव | प्रमुख अतिथि | अध्यक्ष |

श्री मान् न्यायाधीश ज्यू,
जिल्ला अदालत (मलंगवा) को —
सेवा मे
लघु भेंट —

कवीत

नं दनबन के समान संविधान बाग सजा
द क्ष न्याय पक्षका संरक्षित करा ने मे
प्र श्न अमित आते हल पाते अविलम्ब जहाँ
सा स्त्र सिद्ध राह का प्रवाह को बढ़ाने मे
द [illegible]का खजाना जग जाना जो बखान किया
पौ रिक जन तो प्रसन्न होते यहा गाने मे
डे उनी इन्साफ का जो दुखिया लाचार को भी
ल क्ष लक्ष धन्यवाद मिलता जमाने मे

समर्पका
पं. जीवेश्वर मिश्र उ.प्र.पं.
गा.पं. ब्रिछौट (सर्लाही)
मि.-२३-६-४



जि.प्र.का.द.नं.-४०८-२०६१/०६२

नागरिक सूचनाको संवाहक

# नेपाल बोर्डर

राष्ट्रिय मासिक

## सम्मान-पत्र

मिति : २०६७/१०/२२

श्री समाजसेवी नन्दप्रसाद पौडेल ज्यू

तपाईंले नेपाली कानूनी प्रणालीको विकासमा विगत पाँच दशकदेखि निरन्तर रुपमा योगदान पुऱ्याउनुका साथै समाजमा शिक्षा, सभ्यताको विकासमा विगत छ दशकदेखि ऐतिहासिक योगदान निर्वाह गर्दै आउनुभएकोले भविश्यमा तपाईंबाट देशले अभ्र धेरै सेवाहरु प्राप्त गर्न सफल हुनेछ भन्ने अपेक्षासहित तपाईंलाई २०६७ सालको "**नेपाल बोर्डर समाजसेवा सम्मान**" बाट सम्मानित गर्दै कदरस्वरुप यो सम्मान-पत्र प्रदान गरिएको छ ।

डी.के. पाल्पाली
(सम्पादक)

रेणुका भट्टराई
(संयोजक)

सगुन शाह
प्रमुख अतिथि



जि.प्र.का.द.नं.-१११२/०६१ झापा
स.क.प.२२२२५।०६४

ॐ नर्मदेश्वराय नमः
"ॐ नमो भगवते वासुदेवाय"

श्री कृष्णद्वैपायन गुरुकुल वेद विद्याश्रम

महेशपुर-८, झापा

आजीवन सदस्यताको प्रमाण-पत्र

श्री गु·पु·अ·न्या· नन्दप्रसाद पौडेलज्यू
भद्रपुर-१५

यस गुरुकुल वेद विद्याश्रमको उत्तरोत्तर प्रगति र स्थायी संरक्षकत्वका लागि संस्थाको विधानअनुसार सहयोग प्रदान गरी वेद विद्याश्रमप्रति देखाउनुभएको सदाशयताको सम्मान गर्दै श्रीमद्भागवत सप्ताहज्ञान-महायज्ञ २०६५ को अवसरमा यहाँलाई यो **आजीवन सदस्यता**को प्रमाण-पत्र प्रदान गरिएको छ ।

यहाँको उत्तरोत्तर प्रगतिको आशीर्वाद वेदव्यासबाट मिलोस् भन्ने हाम्रो शुभकामना छ ।

संयोजक
श्री दिव्यप्रसाद भट्टराई
(प्रमाण-पत्र व्यवस्थापन उप-समिति)

प्रमुख अतिथि

अध्यक्ष
श्री गणेशप्रसाद भट्टराई




TRIBHUVAN UNIVERSITY
Mechi Multiple Campus
Bhadrapur, Jhapa
Golden Jubilee
2071 (2014 AD)
Token of Love


Dayglow
Cafe, Restaurant & Bar
श्री नन्दप्रसाद पौडेल
पूर्व अञ्चलन्यायाधीश, समाजसेवी
मायाको चिनो



दर्ता नं. ३१०९/०७६

श्री गणेशाय नम :

# धार्मिक अनुष्ठान सेवा समाज

बिर्तामोड-५, झापा

संगितमय श्रीमद् भागवत सप्ताह ज्ञान महायज्ञ

ध.अ.से.स.


## सम्मान-पत्र

झापा जिल्ला भद्रपुर गा.पा/न.पा/उ.म.न.पा/म.न.पा वार्ड नं ८ बस्ने श्री नन्द प्रसाद पौडेल ज्यूले यस धार्मिक अनुष्ठान सेवा समाजको आजिवन सदस्यता लिई सहयोग स्वरुप रु ११०००।- (अक्षरेपी रु एघार हजार मात्र) प्रदान गर्नु भएकोमा यहाँको उज्वल भविष्य साथै उत्तरोत्तर प्रगतिको कामना गर्दै यो सम्मान पत्र प्रदान गरिन्छ ।

सचिव
९८२४०५०४५७

प्रमुख अतिथि

अध्यक्ष
९८६३७२६५२०



पान नं.३०५२६१०७२

द.नं. २३४४/०६६/९/२१ जि.प्र.का. मोरङ

"सबै निवृत्त राष्ट्रसेवक एक हौं"

# निवृत्त राष्ट्रसेवक समाज, नेपाल

PENSIONERS' SOCIETY, NEPAL

भद्रपुर नगर कार्य समिति, झापा

## सम्मान-पत्र

श्रीमान् नन्द प्रसाद पौडेलज्यू

भद्रपुर नगरपालिका वडा नं.८, झापा ।

नेपाल न्याय सेवा अन्तरगत २०१५ साल देखि स्थायी सेवामा प्रवेश गरी इमानदारी र कर्तव्यनिष्ठ रही ३० वर्ष २ महिना ७ दिन अविछिन्न सेवा गरी २०४५/८/२३ देखि प्रथम श्रेणीको अंचल न्यायधीश जस्तो गरिमामय पदबाट सेवा निवृत्त हुनु भई समाज र राष्ट्रलाई गर्नु भएको योगदानको उच्च मूल्याङ्कन गर्दै "पेन्सन दिवश २०७६" को अवसरमा निवृत्त राष्ट्रसेवक समाज, भद्रपुर नगर समिति हार्दिक अभिनन्दन गर्दै सम्मान अर्पण गर्दछ । साथै यहाँको भावी जीवनको सुस्वास्थ्य एवं दीर्घायूको कामना समेत अर्पण गर्दछौं ।

मिति : २०७६/०५/१७

(सरोज कुमार कार्की)
सचिव

(धरणी शर्मा नेउपाने)
उपाअध्यक्ष

(मुक्तिनाथ दाहाल)
अध्यक्ष



नेपाल रेडक्रस सोसाइटी

यशस्कर सदस्यताको प्रमाण-पत्र

रेडक्रसको आदर्श तथा सिद्धान्तमा आस्था राखी
संस्थाको विकासमा प्रतिवद्ध हुनु भएका
झापा जिल्ला भद्रपुर नगरपालिका वडा नं. १५ बस्ने

श्रीमती राधादेवी पौडेल

बाट यस सोसाइटीलाई प्राप्त सहयोगको हार्दिक सराहना गर्दै नेपाल रेडक्रस सोसाइटीको विधान बमोजिम केन्द्रीय कार्यसमितिको निर्णयानुसार यहाँलाई यस सोसाइटीको यशस्कर सदस्यता सधन्यवाद प्रदान गरिएको छ।

२०६२ वैशाख १० गते
३४ औं महाधिवेशनस्थल, जलेश्वर

(रमेशकुमार शर्मा)
अध्यक्ष
नेपाल रेडक्रस सोसाइटी


सम्मान-पत्र

श्री नन्दप्रसाद पौड्याल
भद्रपुर-८,झापा

बि.स. १९८८ साल मसिरमा संखुवासभा जिल्लाको चैनपुर पौडेल गाउँमा श्री लाल तथा राधा देवी पौड्यालको सुपुत्रको रुपमा जन्मिएर २००९ साल देखि झापा भद्रपुर नगरपालिका–८ मा स्थाई बसोवास गरि आउनु भएका तपाई श्री नन्दप्रसाद पौड्यालले लामो समय न्याय क्षेत्रमा आवद्ध रहि मुलुकको सेवा गर्नु भयो भने अञ्चल न्यायाधिस सम्मको जिम्मेवारीमा रहि न्याय सम्पादन लगायत सामाजिक ,धार्मिक तथा न्यायीक क्षेत्रका दर्जनौं संस्थाको माध्यमबाट पनि समाज सेवा गर्नु भएका तपाँई ४ छोरा बुहारी तथा ८ नाती नातिनाका धनी,पौड्याल वंशका धरोहर अमूल्य निधि तथा सबै पौड्यालहरुका प्रेरणाका श्रोत तथा सबैको अविभावकका रुपमा स्थापित तपाँई जस्ता मुर्धन्य बन्धुलाई सम्मान गर्न पाउँदा हामी सम्पूर्ण पौड्याल वन्धुहरुले आफुलाई भाग्यमानी ठान्दै तपाँईको बाँकी जिवन सहजता पूर्वक निरन्तर चलिरहोस भनी दिर्घायू तथा सु स्वास्थ्यको कामना सहित पौड्याल वंशोद्धार जिल्ला भेलाको अवसरमा यो सम्मान पत्रद्वारा सम्मान गर्दछौ. ।

पौड्याल वंशको अभियान, बन्धुहरुको खोजी र पहिचान ।

सदस्य सचिव
मुक्तिनाथ पौड्याल

प्रमुख अतिथि
लोकनाथ पौड्याल

संयोजक
कमलप्रसाद पौड्याल

एवम्
पौड्याल वंशोद्धार जिल्ला भेला आयोजक समिति,झापा
२०७९ बैसाख ३ गते


ॐ नमो भगवते बासु देवायः

श्री दुर्गा उच्च माध्यमिक विद्यालय र गरामनी क्याम्पसको सहयोगार्थ आयोजित

श्रीमद् भागवत सप्ताह ज्ञान महायज्ञ २०७१

गरामनी–८, झापा

सम्मान-पत्र

झापा जिल्ला गरामनी–८ स्थित दुर्गा उ.मा.वि. तथा गरामनी क्याम्पसको आर्थिक तथा शैक्षिक स्तरोन्नतिको लागि २०७१ माघ २३ गतेदेखि २९ गतेसम्म आयोजित श्रीमद् भागवत सप्ताह ज्ञान महायज्ञमा झापा.......................... जिल्ला भद्रपुर.......... गा.वि.स. /न.पा. वार्ड नं. ८.. बस्ने तपाई श्री अञ्चल न्यायाधिस नन्द प्र. पौडेल...... ज्यूले रु. ११५०/-.......... अक्षरेपी रु. एक हजार एक सय पचास............. प्रदान गर्नुभएकोमा तपाई र तपाईको परिवारलाई परमेश्वरले सदैव आशीर्वाद प्रदान गरुन् भन्ने कामना सहित स–धन्यवाद यो सम्मान–पत्र प्रदान गरिएको छ।

कृष्ण प्रसाद पाठक, सचिव/प्र.अ., दुर्गा उ.मा.वि.
प्रेम प्रसाद थापा, अध्यक्ष, वि.व्य.स./दुर्गा उ.मा.वि.
केशव प्रसाद रेग्मी, प्रमुख, गरामनी क्याम्पस
आचार्य पं. पुरुषोतम सापकोटा, प्रमुख कथावाचक
एकराज कार्की, अध्यक्ष, पुराण आ.स./क्याम्पस व्य.स.

पुराण मूल आयोजक समिति : श्री दुर्गा उच्च माध्यमिक विद्यालय तथा गरामनी क्याम्पस


मेची बहुमुखी क्याम्पस भद्रपुर, झापा

स्वर्णमहोत्सव समारोह

वि.सं. २०७१ (ई. सं. २०१४)

सम्मान-पत्र

श्री ........नन्द प्रसाद पौडेल........ ज्यूमा समर्पित

ठेगाना ....भद्रपुर-५....

मेची बहुमुखी क्याम्पसलाई अमूल्य आर्थिक सहयोग प्रदान गर्ने शिक्षासेवी उदारमना दाता तपाईलाई सम्मान गर्न पाउँदा यो क्याम्पस गौरव गर्दछ ।

यो क्याम्पस तपाईजस्तै दाताहरूको दान, सहयोग र योगदानको धरोहर हो । मेची बहुमुखी क्याम्पसको स्वर्णमहोत्सवको सन्दर्भमा तपाईले यस क्याम्पसलाई रु. ५१०१/- अर्पण गर्नु भएकोले यस पुण्य कार्यको उच्च मूल्याङ्कन गर्दै स्वर्णमहोत्सवको अवसरमा मेची बहुमुखी क्याम्पस तपाईलाई हार्दिक सम्मान प्रकट गर्दछ ।

(प्रा. डा. हिराबहादुर महर्जन)
उपकुलपति, त्रिभुवन विश्व विद्यालय

(उमानाथ ओली)
संयोजक
स्वर्णमहोत्सव मूल समारोह समिति
मेची बहुमुखी क्याम्पस
भद्रपुर, झापा

२०७१ आश्विन २, ३ र ४ गते



जि.प्र.का.द.नं.:१११२/०६१ झापा
स.क.प. २२२२५/०६४

# श्री कृष्णद्वैपायन गुरुकुल वेद विद्याश्रम

फोन : ०२३-४२१२२२

बाल-बालिका नैतिक शिक्षा तथा ज्येष्ठ नागरिक दिवा सेवा मिलन केन्द्र
भद्रपुर-४, महेशपुर, झापा
(स्था. २०६०)

महर्षि वेदव्यास

## अक्षयकोश संस्थापक संरक्षक सदस्यता प्रमाण-पत्र

(मिति: २०७२ माघ ७ गते बिहिवार ११ औं वार्षिक साधारण सभा समारोह)

**श्री नन्दप्रसाद पौडेलज्यू, (पूर्व अं.न्यायधिस)**
**भद्रपुर नगरपालिका-८, झापा ।**

श्री कृष्णद्वैपायन गुरुकुल वेद विद्याश्रम भद्रपुर, झापाको उत्तरोत्तर प्रगति र स्थायित्वका लागि अक्षयकोश स्थापनार्थ सहयोग गर्नुभएकोमा यस संस्थाको विधान-२०६१ को परिच्छेद ४, दफा २३ (छ) बमोजिम तर्जुमा गरिएको अक्षयकोश विनियम २०७२ अनुसार यहाँ यस संस्थाको अक्षयकोश संस्थापक संरक्षक सदस्य रहनुभएको हुँदा यहाँले यस संस्थाप्रति देखाउनु भएको समर्पण भावको उच्च मूल्याङ्कन गर्दै आगामी दिनहरूमा पनि यहाँबाट संरक्षक सदस्यको भूमिका निर्वाह गर्नु भई संस्थाको विकास निर्माण तथा अक्षयकोशमा समेत रकम श्री वृद्धि गर्न अग्रसर रहिरहनु हुनेछ भन्ने अपेक्षा सहित संस्थाको विधानतः यहाँलाई यो अक्षयकोश संस्थापक संरक्षक सदस्यता प्रमाण-पत्र प्रदान गरिएको छ ।

श्री महर्षि वेदव्यासबाट यहाँ र यहाँको स-परिवारसमेतमा उत्तरोत्तर प्रगति एवम् सु-स्वास्थ्य, दीर्घायुका लागि शुभाशीष मिलोस् भन्ने कामना गर्दछौं ।

| | | |
|---|---|---|
| कृष्ण सुवेदी 'निराकार' | माननीय सांसद कृष्णप्रसाद सिटौला | दिव्यप्रसाद भट्टराई |
| महासचिव | प्रमुख अतिथि | अध्यक्ष |
| श्री कृष्णद्वैपायन गुरुकुल वेद विद्याश्रम | सांसद क्षेत्र नं.-३, झापा | श्री कृष्णद्वैपायन गुरुकुल वेद विद्याश्रम |



जि.प्र.का.द.नं.:१११२/०६१ झापा
स.क.प. २२२२५/०६४

श्री कृष्णद्वैपायन गुरुकुल वेद विद्याश्रम

फोन : ०२३-४२१२२२

बाल-बालिका नैतिक शिक्षा तथा ज्येष्ठ नागरिक दिवा सेवा मिलन केन्द्र
भद्रपुर-४, महेशपुर, झापा
(स्था. २०६०)

महर्षि वेदव्यास

## सम्मान-पत्र

(मिति: २०७३ पौष २५ गते सोमबार १२ औं वार्षिक साधारण सभा समारोह)

**श्री नन्दप्रसाद पौडेलज्यू, (पूर्व अञ्चल न्यायाधिस)**
**भद्रपुर नगरपालिका-८, झापा ।**

झापा जिल्लाकै साझा धरोहरका रुपमा सञ्चालित यस श्री कृष्णद्वैपायन गुरुकुल वेद विद्याश्रम बाल-बालिका नैतिक शिक्षा तथा ज्येष्ठ नागरिक दिवा सेवा मिलन केन्द्रको व्यवस्थापनका लागि नवनिर्मित सामुदायिक भवन निर्माण, अध्ययन अध्यापन र अन्य विविध संरचनाहरुको व्यवस्थापनमा तपाईले उदार मनोभावनाबाट गर्नु भएको सहयोगका लागि यो संस्था हार्दिक कृतज्ञता प्रकट गर्दछ ।

अतः यस संस्थाप्रति तपाईले पुऱ्याउनु भएको सहयोगको उच्च मूल्याङ्कन गर्दै साक्षात भगवान शिव-माता पार्वती तथा महर्षि वेदव्यासबाट तपाईलाई सदा आशिर्वाद प्राप्त भई रहोस् भन्ने कामनासहित संस्थाको १२ औं वार्षिक साधारण सभा एवम् बाल-बालिका नैतिक शिक्षा तथा ज्येष्ठ नागरिक दिवा सेवा सामुदायिक सत्संग भवन उद्घाटन तथा सम्मान समारोहको अवसरमा यहाँलाई हार्दिक अभिनन्दनका साथै गुरुकुल वेद विद्याश्रम परिवार यो सम्मान-पत्र प्रदान गर्दछ ।

| | | |
|---|---|---|
| कृष्ण सुवेदी 'निराकार' | माननीय सांसद कृष्णप्रसाद सिटौला | दिव्यप्रसाद भट्टराई |
| महासचिव | प्रमुख अतिथि | अध्यक्ष |
| श्री कृष्णद्वैपायन गुरुकुल वेद विद्याश्रम | सांसद क्षेत्र नं.-३, झापा | श्री कृष्णद्वैपायन गुरुकुल वेद विद्याश्रम |



# बडी टेम्पल फिटनेस

भद्रपुर-८, सगरमाथा चोक, झापा

## सम्मान-पत्र

श्रीमान् नन्दप्रसाद पौडेल
भद्रपुर न.पा. ८, झापा

मितिः २०७६।०५।०७

झापा जिल्ला भद्रपुर नगरपालिका वार्ड नं. ८ मा सञ्चालित यस बडी टेम्पल फिटनेस, बालबालिका, युवा वर्ग साथै शारीरिक ब्यायाम गर्न चाहने सबै शारीरिक ब्यायामप्रेमीको सेवाको लागि स्थापना भएको यस संस्थाको लागि नवनिर्मित भवन निर्माण तथा अन्य विविध विषयहरुको ब्यवस्थापनमा तपाईले पुऱ्याउनु भएको उदार मनोभावना बाट गर्नु भएको सहयोगको लागि यो संस्था हार्दिक कृतज्ञता प्रकट गर्दछ।

अतः यस संस्था प्रति पुऱ्याउनु भएको अन्य विविध सहयोग र तपाईको भावनाको उच्च मूल्यांकन गर्दै साक्षात भगवान कृष्ण जन्माष्टमीको पावन अवसरमा तपाईलाई सदा आशिर्वाद प्राप्त भईरहोस् भन्ने कामना सहित संस्थाको उद्घाटन तथा सम्मान समारोहको अवसरमा यहाँलाई हार्दिक अभिनन्दनका साथै यस संस्था परिवार यो सम्मान-पत्र प्रदान गर्दछ।

| | |
|---|---|
| २०७६।५।७ | ०६-०५-२०७६ |
| जीवन कुमार श्रेष्ठ | बिरु धमला |
| प्रमुख अतिथि | प्रबन्धक |
| नगर प्रमुख भद्रपुर नगरपालिका | बडी टेम्पल फिटनेश |



श्रीसदगुरुचरणकमलेभ्यो नमः

# नेपाल मानव धर्म सेवा समिति

"धर्म जागरण शिवमहा पूराण ज्ञान महायज्ञ-२०७२"

मेची अञ्चल कार्यालय श्रद्धेय आश्रम
मे.न.पा.-१३ (धुलाबारी) झापा
मितिः २०७२ फागुन १३ देखि २४ सम्म

## दानवीर-पत्रम्

उनै परात्पर पूर्ण ब्रम्हा परमात्मा भगवानको असिम अनुकम्पा र सदगुरुदेवको शुभ-आर्शिवादले श्रद्धेय आश्रम धुलाबारीद्धारा आयोजित एकादश दिवसिय शिव महापुराण हजुर श्री भु.पू.अ.सभापति नन्द प्र. पौड्याल.ले भवन निर्माण एवम् तटबन्ध निर्माण हेतु पुर्याउनु भएको सहयोग रु. १,०५,१११/- (अक्षरेपी एक लाख पाँच हजार एक सय एघार।) द्धारा संस्था धन्य भएकोले हजुरलाई यस संस्था दानवीर - पत्रम् द्धारा सम्मान अर्पण गर्दै हजुरको स-परिवार भक्तिमय बनोस भन्ने कामना व्यक्त गर्दछौं ।

| | | |
|---|---|---|
| श्री ललित तामाङ्ग | प्रमुख कथावाचक | म. श्री तुलसी वाईजी |
| संयोजक | व्यासरत्न प. श्री डिल्ली राम गौतम | संयोजक |
| पुराण सहयोग समिति | विशिष्ट प्रवक्त पुराण इतिहास | पुराण मूल आयोजक समिति |
| वरिष्ठ उपाध्यक्ष मेची उद्योग वाणिज्य संघ | | प्रमुख मानव धर्म सेवा समिति, श्रद्धेय आश्रम |

गृ.म.सुचिकृत नं.२५७

विश्वका ॐकार परिवार एक हौं
'धर्मो रक्षति रक्षितः'
'जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी'

जि.प्र.का.द.नं. १९४५/०६८/६९
स.क.प.आ.नं. ३५२९४

# राष्ट्रिय हिन्दू एकता मञ्च नेपाल

केन्द्रीय कार्यालय भद्रपुर-९, (झापा) नेपाल
Email: rastriyahindu.em@gmail.com

राष्ट्र-राष्ट्रियता र स्वधर्मको रक्षा



संस्कार र संस्कृतिको निरन्तरता

## श्री नन्दप्रसाद पौडेल

### मानार्थ सदस्यता

वेदभूमि नेपालको गौरवपूर्ण प्रतिष्ठाको संरक्षण गर्दै, वैदिक सनातन धर्म प्रति प्रगाढ आस्था लिई स्वधर्म, संस्कार, संस्कृतीको अविरल प्रवाहमा समाहित हुँदै, सनातन मुल्य-मान्यता प्रति समर्पित, कोशी अञ्चल संखुवासभा जिल्ला पौडेल गाँउमा पिता श्रीलाल पौडेल एवम् माता तुलसा देवी पौडेलका जेष्ठ सुपुत्रको रुपमा वि.सं. १९८८ साल माघ १२ गते सोमबारका दिन जन्मनु भई, वि.सं. २००९ साल देखि भद्रपुर न.पा. ८, झापामा स्थायी बसोबास गर्दै आउनु भएका, २०२२ सालमा झापा जिल्लाकै पहिलो न्यायाधिश, २०४५ सालमा अञ्चल न्यायाधिशबाट अवकाश प्राप्त, दर्जनौ सामाजिक, धार्मिक संघसंस्थामा महत्वपूर्ण जिम्मेवारी सम्हाल्नु भएका, धार्मिक सामाजिक क्षेत्रमा गहनाका रुपमा स्थापित व्यक्तित्व तत्कालिन राजा श्री ५ महेन्द्र एवम् श्री ५ विरेन्द्र सरकारका करकमल बाट सम्मानित, कर्तव्यनिष्ठ, इमानदार, लगनशील राष्ट्रसेवक यस संस्थाका आजीवन सदस्य **श्री नन्दप्रसाद पौडेल**ज्यूमा तपाईंको वैदिक सनातन हिन्दूराष्ट्र, स्वधर्म, संस्कार, संस्कृती प्रतिको निष्ठा एवम् समर्पण भावको उच्च मुल्याङ्कन गर्दै, सु-स्वास्थ्य, दिर्घायू एवम् उत्तरोत्तर प्रगतिको मंगलकामना सहित राष्ट्रदेव भगवान पशुपतिनाथका श्री चरणमा प्रार्थना गरी, राष्ट्र, राष्ट्रियता, स्वधर्म, संस्कार, संस्कृतिको संरक्षण सम्बर्द्धन एवम् लागु औषध दुर्व्यसनका विरुद्धमा **युवाको भूमिका विषयक एक दिवसीय राष्ट्रिय प्रशिक्षण कार्यक्रम**को ऐतिहासिक घडिमा स-सम्मान यो **मानार्थ सदस्यता** प्रदान गर्दछौं ।

| | | |
|---|---|---|
| ढुलीबाबा खड्का<br>प्रमुख राष्ट्रिय प्रचार विभाग | रुक्माङ्गद कटवाल<br>प्रमुख अतिथि (पूर्व प्रधान सेनापति) | इन्द्र प्रसाद ओली<br>अध्यक्ष<br>मितिः- २०७२/०९/०४ |

विश्वको एकमात्र वैदिक सनातन हिन्दूराष्ट्र नेपालको जय

# नेपाल रेडक्रस सोसाइटी

## उपशाखा दमक

स्था. २०४९

### सम्मान - पत्र

मिति :- २०६६/११/२४

श्री नन्द प्रसाद पौडेल ज्यू,

नेपाल रेडक्रस सोसाइटी उपशाखा दमकको स्थापनामा महत्वपूर्ण योगदान पुर्‍याउदै यस उपशाखाको उन्नती र प्रगतिमा निरन्तर पुर्‍याएको सहयोग प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछौं । रेडक्रसका उदात्त मानवीय सहयोगका सिद्धान्त प्रति यहाँले यस उपशाखाको माध्यमबाट प्रदान गर्नुभएको प्रेरणा हाम्रो मार्गदर्शन रहने प्रतिबद्धता व्यक्त गर्दै यस प्रकारको प्रेरणा र सहयोग निरन्तर रही रहने विश्वासका साथ यो **सम्मान - पत्र** अर्पण गर्दछौं । यहाँको भावि दिनहरु सुखमय र आनन्द दायक रहुन, यहाँको दिर्घजीवनको कामना गर्दछौं ।

सभापति
मान बहादुर बुढाथोकि
एवं
ने.रे.सो. उपशाखा दमक परिवार



गृ.म.सुचिकृत नं.२५७

विश्वका ॐकार परिवार एक हौं
'धर्मो रक्षति रक्षितः'
'जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी'

जि.प्र.का.द.नं. १९४५/०६८/६९
स.क.प.आ.नं. ३५२९४

# राष्ट्रिय हिन्दू एकता मञ्च नेपाल

केन्द्रीय कार्यालय भद्रपुर–९, (झापा) नेपाल
Email: rastriyahindu.em@gmail.com

राष्ट्र–राष्ट्रियता र स्वधर्मको रक्षा

संस्कार र संस्कृतिको निरन्तरता

## श्री नन्दप्रसाद पौडेल

### मानार्थ सदस्यता

वेदभूमि नेपालको गौरवपूर्ण प्रतिष्ठाको संरक्षण गर्दै, वैदिक सनातन धर्म प्रति प्रगाढ आस्था लिई स्वधर्म, संस्कार, संस्कृतीको अविरल प्रवाहमा समाहित हुँदै, सनातन मुल्य-मान्यता प्रति समर्पित, कोशी अञ्चल संखुवासभा जिल्ला पौडेल गाँउमा पिता श्रीलाल पौडेल एवम् माता तुलसा देवी पौडेलका जेष्ठ सुपुत्रको रुपमा वि.सं. १९८८ साल माघ १९ गते सोमबारका दिन जन्मनु भई, वि.सं. २००९ साल देखि भद्रपुर न.पा. ८, झापामा स्थायी बसोबास गर्दै आउनु भएका, २०२२ सालमा झापा जिल्लाकै पहिलो न्यायधिश, २०४५ सालमा अञ्चल न्यायाधिशबाट अवकाश प्राप्त, दर्जनौ सामाजिक, धार्मिक संघसंस्थामा महत्वपूर्ण जिम्मेवारी सम्हाल्नु भएका, धार्मिक सामाजिक क्षेत्रमा गहनाका रुपमा स्थापित व्यक्तित्व तत्कालिन राजा श्री ५ महेन्द्र एवम् श्री ५ विरेन्द्र सरकारका करकमल बाट सम्मानित, कर्तव्यनिष्ठ, इमानदार, लगनशील राष्ट्रसेवक यस संस्थाका आजीवन सदस्य **श्री नन्दप्रसाद पौडेल**ज्यूमा तपाईंको वैदिक सनातन हिन्दूराष्ट्र, स्वधर्म, संस्कार, संस्कृती प्रतिको निष्ठा एवम् समर्पण भावको उच्च मुल्याङ्कन गर्दै, सु-स्वास्थ्य, दिर्घायू एवम् उत्तरोत्तर प्रगतिको मंगलकामना सहित राष्ट्रदेव भगवान पशुपतिनाथका श्री चरणमा प्रार्थना गरी, राष्ट्र, राष्ट्रियता, स्वधर्म, संस्कार, संस्कृतिको संरक्षण सम्बर्द्धन एवम् लागु औषध दुर्व्यसनका विरुद्धमा युवाको भूमिका विषयक् एक दिवसीय राष्ट्रिय प्रशिक्षण कार्यक्रमको ऐतिहासिक घडिमा स-सम्मान यो **मानार्थ सदस्यता** प्रदान गर्दछौं ।

| | | |
|---|---|---|
| ढुलीबाबा खड्का | रुकमाङ्गद कटवाल | इन्द्र प्रसाद ओली |
| प्रमुख राष्ट्रिय प्रचार विभाग | प्रमुख अतिथि (पूर्व प्रधान सेनापति) | अध्यक्ष |
| | | मितिः– २०७२/०९/०४ |

विश्वको एकमात्र वैदिक सनातन हिन्दूराष्ट्र नेपालको जय



# नेपाल रेडक्रस सोसाइटी

झापा जिल्ला शाखा

श्री नन्दप्रसाद पौडेलज्यू
भद्रपुर न.पा. झापा ।

मितिः २०७५/१०/०४

## सम्मान-पत्र

नेपाल रेडक्रस सोसाइटी झापा जिल्ला शाखा आफ्नो स्थापनाको ५० औं बर्षको अवसरमा आफ्नो गौरवमय इतिहासलाई स्मरण गर्दै तथा सुदुर भविष्यको खाका कोर्दै स्वर्ण महोत्सव, २०७५ मनाइरहेको व्यहोरा निवेदन गर्दछौं ।

इतिहासको यस लामो कालखण्डमा तपाईंले पुर्‍याउनु भएको त्याग, समर्पण र निष्ठाकै कारण आज हामी यो अवस्थामा आइपुगेको र झापा रेडक्रसलाई देशकै उत्कृष्ठ शाखाको रुपमा स्थापित गर्न सफल भएको हौं । यसैक्रममा पूर्व केन्द्रिय सदस्य पदमा रहेर र भद्रपुर उपशाखालाई जग्गा दान गरेर तपाईंले पुर्‍याउनु भएको अतुलनिय योगदानको उच्च कदर गर्दै स्वर्ण महोत्सव एवं पुनर्मिलन कार्यक्रम २०७५ को अवसरमा तपाईंको सुस्वास्थ्य, दिर्घायु र उत्तरोत्तर प्रगतिको हार्दिक कामना समेत गर्दै सश्रद्धा यो सम्मान-पत्र

| | | |
|---|---|---|
| चन्द्रप्रसाद पुडासैनी | लीलाराज ढकाल | कृष्णप्रसाद सिटौला |
| मन्त्री | सभापति | पूर्व उपप्रधानमन्त्री |
| ने.रे.सो. झापा शाखा | ने.रे.सो. झापा शाखा | प्रमुख अतिथि |



'राष्ट्र निर्माणका लागि युवा सहभागिता'

# युवा सशक्तिकरण समाज

भद्रपुर-८, झापा

मिति: २०७३/०८/१२

दर्ता नं.:२५१२
स्था: २०७१

## कदर-पत्र

श्री नन्दप्रसाद पौडेल ज्यू,
पूर्व न्यायाधिश एवं समाजसेवी, भद्रपुर

"राष्ट्र निर्माणका लागि युवा सहभागिता" नारा सहित स्थापना भएको युवा लक्षित गैर सरकारी संस्था 'युवा सशक्तिकरण समाज' झापाको आयोजनामा शुरुवात देखी हाल सम्मका संस्थागत कार्यक्रमहरु सफल पार्न यहाँले निर्वाह गर्नु भएको **महत्वपूर्ण सहयोगी भूमिका** को उच्च मूल्याङ्कन गर्दै, यहाँको संस्थाप्रति सद्भाव र सहयोगको निरन्तर अपेक्षा सहित हार्दिक कृतज्ञता ज्ञापन सधन्यवाद यो **कदर-पत्र** प्रदान गरिन्छ ।

| | | | | |
|---|---|---|---|---|
| कृष्णमाया भट्टराई | अरुण सापकोटा | गोपाल खनाल | काजीमान राई | साजन सुब्बा |
| सचिव | कोषाध्यक्ष | सल्लाहकार | कार्यकारी अधिकृत | अध्यक्ष |
| युवा सशक्तिकरण समाज | युवा सशक्तिकरण समाज | युवा सशक्तिकरण समाज | भद्रपुर नगरपालिका | युवा सशक्तिकरण समाज |



पिवत भागवत रसमालयं
मानव अधिकारको लागि महिला

# एकल महिला समूह

जिल्ला समिति, चन्द्रगढी, झापा

## श्रीमद्भावगत महापुराण सप्ताह ज्ञान महायज्ञ

२०७० बैशाख १९ देखि बैशाख २५ गतेसम्म

## सम्मान-पत्र

मानव अधिकारका लागि महिला, एकल महिला समूह चन्द्रगढी झापाद्वारा राष्ट्र शान्ति र विपन्न एकल महिला हक हित उत्थान कोष स्थापना एवम् संस्थाको दीर्घकालिन संरक्षण सहयोगार्थ सञ्चालित श्रीमद्भागवत महापुराण सप्ताह ज्ञान महायज्ञमा सहभागी भई नगद रु २४९५।८ आक्षरेपी दुई हजार पन्ध्र मात्र श्री नन्द प्रसाद पौडेल, भद्रपुर द्वारा प्रदान गर्नु भएको हुँदा तपाईंको उदार भावनाको उच्च मूल्याङ्कन गर्दै यो सम्मान-पत्र प्रदान गरिएको छ ।

| | | |
|---|---|---|
| (अम्बरबहादुर कार्की) | (पं. शान्तिराम नेपाल) | (रेखा अधिकारी) |
| सचिव | व्यासाचार्य | अध्यक्ष |
| महायज्ञ व्यवस्थापन समिति | श्रीमद्भागवत महापुराण | एकल महिला समूह, झापा |

जि.प्र.का.द.नं.:१११२/०६१
स.क.प. २२२२५/०६४

ॐ नर्मदेश्वराय नमः
'ॐ नमो भगवते वासुदेवाय'

फोन : ०२३-५२१२२२
०२३-४५५१६१

# श्री कृष्णद्वैपायन गुरूकुल वेद विद्याश्रम

बाल बालिका नैतिक शिक्षा तथा ज्येष्ठ नागरिक दिवा सेवा मिलन केन्द्र
भद्रपुर-४, महेशपुर, झापा
(स्था. २०६०)

महर्षि वेदव्यास

## संरक्षक सदस्यताको प्रमाण-पत्र

श्री...पूर्व अञ्चल न्यायाधिस नन्द प्रसाद पौडेल...ज्यू,
...भद्रपुर न० पा० वार्ड नं - ८ (झापा)...

यस श्री कृष्णद्वैपायन गुरुकुल वेद विद्याश्रमको उत्तरोत्तर प्रगति र स्थायित्वका लागि यहाँले ...भौतिक निर्माण...कार्यमा सहयोग गर्नुभई यस संस्था प्रति देखाउनु भएको अतुलनीय समर्पण भावको उच्च मूल्याङ्कन गर्दै आगामी दिनहरुमा पनि तपाईबाट मन,वचन र कर्मले यस्तै सेवा-सहयोगहरु प्रदान भईरहने छ भन्ने अपेक्षा सहित यस संस्थाको विधान अनुसार तपाई संरक्षक सदस्यमा रहनु भएको हुँदा संरक्षक सदस्यको भूमिका निर्वाह गरी संस्थाको हितमा अग्रसर रहीरहनु हुनेछ भन्ने अपेक्षा सहित श्री महर्षि वेदव्यासबाट यहाँको उत्तरोत्तर प्रगति र सु-स्वास्थ्यका लागि आशीरवाद मिलोस् भन्ने कामना गर्दै स-सम्मान यहाँलाई संरक्षक सदस्यताको प्रमाण-पत्र प्रदान गरिएको छ ।

| महासचिव | प्रमुख अतिथि | अध्यक्ष |
|---|---|---|
| कृष्ण सवेदी 'निराकार' | | दिव्य प्रसाद |
| महासचिव | प्रमुख अतिथि | अध्यक्ष |
| श्री कृष्णद्वैपायन गुरुकुल वेद विद्याश्रम | | श्री कृष्णद्वैपायन गुरुकुल वेद विद्याश्रम |

मिति: २०६९/११/१०

जि.का.झापा द.नं. १७/०३७/३८

# जुही (साहित्यिक त्रैमासिक)

लेखनाथ चोक चन्द्रगढी, झापा

## प्रशम्सा-पत्र

श्री ...नन्द प्रसाद पौडेल,
भद्रपुर-१२, झापा

'वरिष्ठ प्रगतिशील साहित्यकार आनन्द देव भट्टको हिरक वर्ष उत्सवको क्रममा जुहीले गरेको कार्यक्रम र जुही आनन्द देव भट्ट/सुशीला भट्ट (दम्पती) विशेष अङ्क (पूर्णाङ्क-६६) मा विशेष सहयोगी भूमिका खेल्नु भएको हुनाले सधन्यवाद झर्रो नेपाली टोपी शिरमा पहिर्‍याउँदै यो प्रशम्सा पत्र प्रदान गरिन्छ ।

| (डा. गोपाल भण्डारी) | (मोद नाथ प्रश्रित) | (चूडा मणि रेग्मी) |
|---|---|---|
| सभाध्यक्ष | प्रमुख अतिथि | प्रधान सम्पादक, 'जुही' |

साहित्यिक सद्भाव कार्यक्रम (१४)
पुस्तक वितरण समारोह
स्थान :- नेपाली अनुसन्धान समिति, महेन्द्र बहुमुखी क्याम्पस, धरान
मिति २०६८ फागुन ६ गते

Design: Computer Point Chandragadi# 023-455706

कान्छा छोराबुहारी तथा
लेखक रेणुका भट्टराईको
साथमा नन्दप्रसाद पौडेल





नन्दप्रसाद पौडेलका
पारिवारिक
तस्वीरहरु









नन्दप्रसाद पौडेलसँग अन्तरङ्ग गर्दै लेखक रेणुका भट्टराई र पत्रकार तथा साहित्यकार राजकुमार खड्गा





अमेरिका भ्रमणको क्रममा नन्दप्रसाद पौडेल

